ISSN 2091-1769

# शब्द संयोजन

वर्ष २३, अङ्क ७, पूर्णाङ्क २७०, २०८३ कार्तिक



# शुभारम्भ



## प्रा. डा. देवी नेपाल

कवि लक्ष्मण तिमल्सिनाको कवितासङ्ग्रह 'युगसन्देश'का कवितामा आशावादी एवम् जीवनवादी चेतनाको सम्प्रेषण सर्वाधिक सबल पक्षका रूपमा देखिएको छ। निराशा, कुण्ठा, छटपटी, दिग्दारी, पलायन र मृत्यून्मुख जहरिलो विचारको सम्प्रेषण कविताको लक्ष्य बन्नुहुँदैन भन्ने कुरालाई कविले राम्ररी बुझेको देखिन्छ। सत्यको सूक्तीकरण कवि तिमल्सिनाका कविताको अर्को उल्लेखनीय पाटो हो। थोरैमा धेरै कुरा कलात्मक रूपमा भन्नसक्ने शक्ति नै कविताको सर्वोच्च प्राप्ति हो। कतै जीवन र जगत्को यथार्थ, कतै दार्शनिक दृष्टि, कतै विम्बचेतना, कतै जीवन र विचारको तालमेल, कतै राष्ट्रिय गौरव, कतै आत्मविश्वास र स्वाभिमान; कतै सङ्घर्ष, समर्पण, साधना र सङ्कल्पले भरिएको जीवनबोधजस्ता कुरालाई कविले एक हरफका सूक्तिका माध्यमबाट प्रकटीकरण गर्नुभएको छ।

जुनसुकै विषयवस्तुलाई छोए पनि त्यसबाट सबल अन्तरवस्तु निर्माण गर्नसक्ने कविको खुबी अत्यन्त प्रशंसनीय लाग्दछ। मानवीय संवेगमा पाइँने विविधताजस्तै उहाँका कवितामा पनि कतै भावुकता, कतै वैचारिक उच्चता, कतै करुणा, कतै आक्रोश, कतै विद्रोह, कतै आशा, कतै निराशा आदिको सप्तरङ्गी इन्द्रेणी देखापर्दछ तर तिनलाई कविले अस्तव्यस्तरूपमा छरिन दिनुभएको छेन। ती सबैलाई एउटा स्पष्ट विचार वा दृष्टिकोणको साङ्लाले बाँधेर राख्नुभएको छ। यही नै कवि लक्ष्मण तिमल्सिनाका कविताको विशिष्ट चिनारी हो। कतै कतै वैयक्तिक अनुभूतिलाई र कतै कतै निर्वैयक्तिक विषयलाई वैचारिक तरहबाट हेरी तार्किक साधारणीकरण गरेर नेपाली पाठकलाई सुन्दर कृति प्रदान गर्नुहुने कविलाई हार्दिक बधाइ छ।

*(लक्ष्मण तिमल्सिनाको कवितासङ्ग्रह 'युगसन्देश'मा समाविष्ट भूमिकाबाट साभार)*

❖ सम्पादकीय

# विकास र सुशासन भनेको फेसबुके स्टन्ट होइन !

२०८२ भदौ २३ र २४ को जेनजी आन्दोलन र मुलुक भष्म पार्ने विध्वंसले राजनीतिक चरित्र बोक्तैनन् । राजनीतिले निर्माण गर्नुपर्दछ भष्म पार्ने होइन । राजनीतिमा विद्रोह हुन्छ, हिंसा पनि हुन्छ तर त्यो सोद्देश्यमूलक र रूपान्तरणप्रेमी हुनुपर्दछ। विचार, लक्ष्य, गन्तव्य, उद्देश्य र रूपान्तरणको हुटहुटी भएन भने कुनै पनि आन्दोलन फगत विध्वंस मात्र हुन्छ तर राजनीति चाहिँ हुँदैन। त्यसै राज्यको नीति राजनीति भनिएको होइन। मुलुकको विकास गर्ने, सुशासन दिने, जनताको हितमा काम गर्ने भनेको राजनीतिले नै हो । राजनीतिलाई जतिसुकै सत्तोसराप गरे पनि अन्ततः राजनीतिविना मुलुकको विकास पनि हुँदैन, सुशासन पनि हुँदैन, रूपान्तरण पनि हुँदैन। तर राजनीतिले असल संस्कार, संस्कृति, रीतिरिवाज निर्माणको थालनी चाहिँ गर्नुपर्दछ किनभने राजनीतिक परिवर्तन सहजै हुनसक्छ, छोटो समयमा पनि हुनसक्छ तर सांस्कृतिक रूपान्तरण धेरै छिटो र सहज हुँदैन त्यसैले राजनीति इमान, निष्ठा, जनविश्वासलाई जोगाउँदै देश र जनताको हितका लागि गरिनुपर्दछ।

राजनीति भनेको धारेहात लगाउनु, गालीगलौज गर्नु, लुटतन्त्र मच्चाउनु, परिवारवाद लागू गर्नु, मौका परेको वेलामा बाँकी राख्नुहुन्न भन्ने स्वार्थप्रेरित अवसरवादी दुश्प्रवृत्ति हुँदै होइन। हिजोलाई सरापेर मात्र भोलिको गन्तव्य तय पनि हुँदैन। विगतलाई सरापेर वा धारेहात लगाएर वा गालीगलौज गरेर न त विकास हुन्छ न त सुशासन नै । हामी विज्ञ छौँ, हामी जान्ने छौँ भनेकै भरमा कोही पनि विज्ञ वा जान्ने हुँदैन किनभने शिक्षाले दिएको विशेषज्ञताले मात्र कुनै पनि व्यक्तिको अन्तस्करणको ज्ञान चुलिँदैन, भरिँदैन । शिक्षा आर्जन गर्नेबित्तिकै मात्र होइन मान्छेको जीवन रहन्जेलसम्म मान्छेले सिकिरहेको हुन्छ, सिक्नुपर्दछ । यो शाश्वततालाई हृदयङ्गम नगर्नेहरू 'म जुजुमान' कथाका 'जुजुमान'हरू मात्र हुनसक्छन् ।

मुलुकको विकासका लागि सुशासन अत्यावश्यक सर्त हो तर विकास र सुशासन फेसबुके स्टन्ट होइनन्, दिउँसै देखिने सपना पनि होइनन् । विकास र सुशासनका लागि अत्यन्त भरपर्दो, विश्वसनीय, कार्यान्वयन गर्नसकिने खालको विधि, योजना आवश्यक हुन्छ । दिउँसै सपना देख्ने, चुनावका वेला सपना बाँड्ने अनि चुनाव सकिएको भोलिपल्टैदेखि जित्नेले हिजो देखाएका सपना नै बिर्सिने प्रवृत्तिले विकास पनि हुँदैन, सुशासन पनि हुँदैन । आज मात्र पनि होइन भोलि पनि हुँदैन । अहिले ठिक त्यही प्रवृत्तिको पुनरावृत्ति भएको देखिन्छ ! जब एउटै कुराको हिजोकै पुनरावृत्ति हुने हो भने नयाँ कसरी हुन्छ ? विकास कसरी हुन्छ र सुशासन कसरी हुन्छ ? यो प्रवृत्तिलाई त हामीले हिजै फेल भएको मानेको वा ठानेको होइन र ?

अहिले शासनसत्तामा रहनुहुनेहरू यो देशमा अहिले देखिएका सम्पूर्ण सम्पूर्ण विकृति हिजोका पैँतिस वर्षले सिर्जना गरेका

मात्र हुन् भनेर हिजोलाई सराप्ने वा धारेहात लगाउनैमा समय खेर फालिरहनुभएको देखिन्छ ! ए बाबा ! हिजो पर्याप्त विकृति देखिए, त्यो सत्य हो तर ती पैँतिस वर्षमा यो मुलुकमा केही पनि सकारात्मक कामै भएनन् त ? यदि यस्तो कसैले सोच्यो भने उसको चिन्तनलाई 'भदौमा आँखा फुटेको डिँगोले सधैँ हरियो देख्छ' मात्र भन्नसकिन्छ । यो पैँतिस वर्षमा केही नभएको हुँदै होइन, मुलुकका चौतर्फी क्षेत्रमा कायापलट भएको छ । हो, नयाँ जोगीले बढी खरानी घस्छ र घस्नु पनि पर्दछ तर बढी खरानी घस्नु भनेको हिजोलाई सराप्नु मात्र चाहिँ होइन । बरु नयाँ नयाँ, प्रविधिमैत्री, मुलुकको लागि थप आवश्यकताको पहिचान गरिएका योजना, विधि, नियम, कानुनको निर्माण आवश्यक छ; युवापलायनको डरलाग्दो अवस्थालाई छुमन्तर गर्नसकिँदो रहेनछ भन्ने आत्मबोध गरेर विशेष खालका योजना बनाउनु आवश्यक छ; कहाँ कहाँ र कुन कुन क्षेत्रमा रूपान्तरण वा परिवर्तन आवश्यक पर्ने रहेछ भन्ने पहिचान गरी ती ती क्षेत्रका लागि आवश्यक पर्ने समुन्नत योजना बनाउनु आवश्यक छ; ज्येष्ठ नागरिकका योगदानको सम्मान गर्ने र उहाँहरूका/अग्रजका अनुभवको कहाँ कसरी सदुपयोग गर्नसकिन्छ भन्ने योजना बनाउनु र कार्यान्वयन गर्नु आवश्यक छ । कृषिमा क्रान्ति कसरी ल्याउने ? सिचाइको प्रभावकारी र विश्वसनीय व्यवस्था कसरी गर्नसकिन्छ ? आयात प्रतिस्थापन र निर्यात प्रबर्धनका केकस्ता व्यवस्था लागू गर्दा मुलुकको हित हुन्छ ? भन्नेजस्ता काममा चाहिँ सरकारको गम्भीरताका साथ ध्यान जानुपर्ने हो तर त्यसो पनि हुनसकिरहेको छैन ! जनअपेक्षा पनि पूरा हुनसकिरहेको छैन !

जनता फेसबुके स्टन्ट होइन, परिणाम चाहन्छन् । पर्खनु र धैर्य गर्नुको पनि सीमा हुन्छ र त्यो सीमा वा धैर्यताको जनताको बाँध धेरै लामो समयसम्म टिक्न पनि सक्तैन र प्राप्त भएको जनविश्वास घृणामा परिवर्तन हुन धेरै समय पनि लाग्दै लाग्दैन । निर्वाचित भइसकेपछि यो पाँच बर्से अवधिको मात्र जनताको विश्वास हो भन्ने मूल्याङ्कन नगर्ने हिजोको राजनीतिबाट आजकाले पनि सिक्नु आवश्यक छ । आखिर हिजोकाले पाएकै जनमत अहिले आजका तिर सरेको न हो । आफूलाई जिताउन भोट हाल्ने जनतातिर पनि नफर्किने, आफूलाई सर्वोच्च पदमा निर्वाचित गराउने संसद्प्रति पनि जिम्मेवार हुनुनपर्ने फेसबुके स्टन्ट त जनअपेक्षा किमार्थ होइन नै । वितृष्णाको खेती यस्तै प्रवृत्तिले मौलाउने होइन र ?

हिजो पाइपबाट घर घरमा ग्यास पुर्‍याउने सपना र अहिले नगद तिर्छुभन्दा पनि एक सिलिन्डर ग्यास नपाएर चुलो बाल्ननसक्नुका पीडा समान होइनन् र ! आखिर जेजस्ता स्टन्ट गरे पनि चुलो त बलेन नि ! सरकार बन्नासाथ खोलाकिनारका सुकुमवासी र अव्यवस्थित बसोवासीका छाप्रा भत्काउनुलाई बहादुरी ठानेको अनि असारभित्रै सुन्दर पार्क बनाइसक्ने भनेर बाँडिएको सपनाले जिस्क्याएन र ? भत्काइएका सामग्री मात्र सफा गरेर केही हजार बिरुवा नै बरु रोपिदिएको भए कम्तीमा हरियाली त हुन्थ्यो, अक्सिजन त पाइन्थ्यो, झारजङ्गल मडारिएर दुर्व्यसनीलाई लुकेर गाँजा खाने ठाउँ त बन्दैनथ्यो भनेर जनताले नै गरेका टिप्पणीका माध्यमबाट त्यो पनि

योजनाविहीन स्टन्ट मात्र रहेछ सरकारको भन्ने अर्थ लाग्नु दुखद साबित भएको छ ।

निर्वाचनका वेला ठेकेदारलाई बाँधेर, थुनेर जे गरेर भए पनि यथासमयमा निर्माण सम्पन्न गराउँछौँ भनेर बाँडेको सपना पनि एउटा तीनकुनेको पुल निर्माणका लागि साबिकमा बनाइएका दुई किनारका तीनओटा पिलरमध्ये दुइटा भत्काउन पूरा छ महिना लागिसकेको र अझै एउटा बाँकी रहेको दृष्टान्तले भत्काउनै वर्ष दिन लाग्ने हो भने बनाउँन कति वर्ष लाग्ला भन्ने प्रश्न नागरिकका मन मनमा तेर्सिएको छ ! त्यो गलत डिजाइन बनाउने र राज्यकोषमा व्ययभार पार्ने दोषी को थियो र त्यसले के कस्तो कारवाही व्यहोर्‍यो ? नागरिकले जानकारी पाउनु चाहिँ सुशासन हुन्थ्यो होला नि होइन र ? जम्मा तीनओटा पिलर भत्काउन छ महिना लामो समय लगाउन पाइँदैन भनेर काम लगाउनु सुशासन हुन्थ्यो होला कि ? काठमाडौँकै निर्माणको यो हाल हुँदा दूरदराजको अवस्था के होला ? यो दृष्टान्तले सुशासन भनेको फगत स्टन्ट मात्र होइन भन्ने प्रमाणित गरेन र ? जनताले छिटोछरितो विकास होस् भनेर राखेको चाहनालाई आखिर हिजोकै ढिलासुस्तीले प्रतिस्थापन गरिरहेको देखिएन र ?

राज्यमा तीन तहका सरकार छन् । अहिले मुलुकले विकराल बाढी व्यहोर्‍यो । वातावरणीय असन्तुलनले अब वर्षामा मात्र बाढी आउने अवस्था रहेन । गत वर्ष पनि कार्तिक १९ गते काठमाडौँमा डरलाग्दो मात्र होइन अस्वभाविक बाढी आयो । उपत्यकाका प्रायः सबै खोलाको बहाबक्षेत्र कतै आधाभन्दा बढी, कतै आधा बालुवा, माटो र रुखविरुवासमेतले ढाकेको/पुरेको देखिन्छ ! पानी अलि बढी पर्नासाथ नदीको बहाबक्षेत्र पुरिएका कारण पानी उघेलिएर बाढी बाटोमा र बस्तीमा पुग्छ अनि विनाश गर्छ ! जनताको उठिवास हुन्छ, धनजनको विनाश हुन्छ ! कम्तीमा खोलाको बहाबक्षेत्र मात्रै सफा गरिदिने हो भने खोलाको बाढी खोलाभित्रै बग्छ, विनाश कम हुन्छ भन्ने सामान्य योजना पनि सरकारको तहबाट बन्दैन र कार्यान्वयन पनि हुँदैन ! सुशासन भनेको त यस्तै यस्तै सानातिना कुरामा ख्याल गर्ने, योजनाबद्ध काम गर्ने र जनताको पीडामा मलम लगाउने पनि होला नि !

‘टुकुचामा गाड्छौँ, खुट्टा भाँच्छौँ, पाता फर्काउँछौँ, हामी नै जान्ने हौँ हाम्रो गतिमा ब्रेक नलागाइकन गाडी दौडाउननसक्नेहरू किनारा लाग्नू’ भन्नेजस्ता अभिव्यक्तिहरू सुशासनका सूत्र होलान् र ? किमार्थ हुनसक्तैनन् । आतङ्कको घोडा दौडाउन खोजेर सुशासन कायम हुनसक्तैन; सुशासन भनेको विधिको अत्यन्त कसिलो तर पूर्ण पालनाका माध्यमबाट मात्र पुगिने गन्तव्य हो । सुशासन र विकास एकअर्काका पर्याय हुन् त्यसैले यस्तो प्रभावकारी योजना, विधि बनाऔँ, विश्वासको वातावरण बनाऔँ कि त्यसैको प्रभावकारी कार्यान्वयनले सुशासनको फराकिलो राजमार्ग बनाउन सकियोस् । शासनसत्ताले अन्तरहृदयदेखि नै के बुझ्नुपर्दछ भने सुशासन र विकास फेसबुके स्टन्ट कुनै पनि हालतमा होइनन् अनि विनायोजना, विनाविधि आतङ्कको सहाराले कुनै पनि हालतमा विकास र सुशासन कायम गर्नसकिँदैन । यत्ति कुरा चाहिँ वेलैमा बुझ्ने हो कि ?

*- रमेश पोखरेल*

## यस अङ्कमा


**कविता/गीत/गजल**

हजुरबाआमा...- *यादवप्रकाश लामिछाने/१८*
महामहिमज्यू- *राममणि पोखरेल/१९*
आमा - *शिला पन्त/२४*
गजल - *लीलाराज दाहाल/२४*
सहरमा हाहाकार- *वासुदेव घिमिरे/२५*
भूस्वर्ग नेपाल- *पदम दाहाल/ २६*
विसङ्गति- *डा. बमबहादुर थापा 'जिताली'/२६*
मेरो हिमाल - *नर्मदेश्वरी सत्याल/२७*
विकसित... - *डा. गोविन्दप्रसाद आचार्य/३३*
भोटेकोसी - *जयन्ती स्पन्दन/४१*
सम्मानित... - *नवराज श्रेष्ठ/४२*
वार्ता - *गणेश घिमिरे 'मार्मिक'/४२*
हिमालमाथि...- *नरेन्द्रराज पौडेल/४७*
मर्यादा...- *सौरभी बान्तावा/४८*
जमरा- *तिला लेकाली/४८*
जुरुक्क...- *गणेशप्रसाद खतिवडा/४९*
गीत- *विश्व सिग्देल/४९*
गीत- *आनन्द पौड्याल/५४*
पवित्र देश...- *सुमित्रा भण्डारी/५४*

**अनुवाद/कविता**

नुन- *अनामिका/११*

**कथा/लघु कथा**

आकाङ्क्षा - *आशाराम दयालु/२०*
युद्धको पीडा - *रञ्जुश्री पराजुली/४६*
विश्वशान्तिका...- *गायत्रीकुमार चापागाईँ/५०*
भालुको... - *गोपालकुमार मैनाली/५१*

**यसपटक**

*राजनप्रसाद आचार्य/७*

**समीक्षा/संस्मरण/कृति परिचय/समालोचना**

समसामयिकताको... - *डा. बिन्दु शर्मा/१२*
राममणि...- *प्रा. डा. हेमनाथ पौडेल/२८*
प्रगतिवादी... - *रामप्रसाद पौडेल/३४*
चिना... - *अरुणबहादुर खत्री 'नदी'/४३*
आफू...*माधव चौलागाईँ/५२*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

*डा. राजेन्द्र विमल/६*

**निरन्तर...**

वासुदेव अधिकारी/५५

**समाचार**/६१

**अनुभूति**

*प्रा. डा. विदुर चालिसे/६४*



शब्द संयोजन मासिक

# शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २३ अङ्क ७ पूर्णाङ्क २७०/२०८३ कार्तिक
जिप्रकाका द.नं. ९४/२०६०/०६१

**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ, वासुदेव अधिकारी

**प्रकाशक**: साहित्य सन्ध्या
**प्रधान सम्पादक**: रमेश पोखरेल
**कार्यकारी सम्पादक**: सुमी लोहनी
**सम्पादक**: रूपक अलङ्कार
**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे
**वेब संयोजन**: प्रशान्त खरेल
**कला**: गणेशकुमार जी.सी.
**आवरण चित्र**: मिथिलेश 'आदित्य', विराटनगर
**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)
Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np
**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२
**साजसज्जा**: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

# डा. राजेन्द्र विमल

नेपाली भाषा र साहित्यको क्षेत्रमा अतुलनीय योगदान दिएका विशिष्ट व्यक्तित्वका रूपमा सुपरिचित नाम हो राजेन्द्र विमल। नेपाली र मैथिली, अङ्ग्रेजी र हिन्दी भाषामा गीत, कथा, र कविता लेखेका विमलको जन्म सन् १९४७ मार्च २६ मा जनकपुरको देवीचोकमा भएको थियो । उनले नेपाली, हिन्दी र मैथिली विषयमा स्नातकोत्तर गरेका हुन् र भाषाविज्ञानमा विद्यावारिधि पनि गरेका हुन्।

नेपाली भाषा र साहित्यको विकासमा आफ्नो सम्पूर्ण जीवन समर्पित गरेका विमलले २०२९ सालदेखि त्रिभुवन विश्वविद्यालयमा नेपाली विषय अध्यापन गराउँदै आएका थिए। वल्यावस्थादेखि नै उनको रुचि साहित्यतर्फ थियो। उनी १२ वर्षका हुँदा नै उनको पहिलो लघुकथा ' आर्यावर्त' हिन्दी दैनिकीमा प्रकाशित भएको थियो। एसलएसीपछिको फुर्सदको समायमा उनले 'चान अहाँ उदास छी' शीर्षकको उपन्यास लेखेका थिए। यसबाट के थाहा हुन्छ भने उनी एक प्रतिभावान् व्यक्ति थिए । उनले रचना गरेका कथा, कविता उपन्यासहरू नेपाली पाठ्यपुस्तकहरूमा पनि समावेश गरिएको छ । आज पनि उनको स्मरणसहित उनका रचनाहरू अध्ययन अध्यापन हुँदै आइरहेका छन् । नेपाली भाषा साहित्यको सेवा गरेबापत उनलाई विविध पुरस्कारले सम्मान पनि गरिएको छ । उनले मधुपर्क  सम्मान, जगदम्बाश्री पुरस्कार पाएका छन् । जनकपुरमा बसेर साहित्य रचना गरे पनि उनका रचनाहरूले कुनै जातीय वा भौगोलिक पक्षपात गरेका छैनन्। हरेक रचनाले नेपाललाई चिनाएका छन् । नेपाली समाजको वास्तविकतालाई उजागर गरेका छन्। उनी एक सरल सरस व्यक्ति थिए।

डा. राजेन्द्र विमलले नेपाली भाषा र मैथिली भाषा साहित्यमा पुर्याएको योगदान नेपाली साहित्यको इतिहासमा रहिरहने छ। उनले गरेका काम र बाटोलाई आउने पुस्ताले पछ्याउने छन् । उनको पार्थिव शरीर हामीसँग नभए पनि उनका रचना सधैँ रहने छन्, साहित्यका माध्यमबाट उनले सम्प्रेषण गरेको एकता र राष्ट्रियताको सन्देश अजरअमर भएर रहने छ। नेपाली साहित्य र भाषालाई समृद्ध विश्वसाहित्यसँग तुलना गर्नयोग्य बनाउने कार्यमा लागेका राजेन्द्र विमलले ८० वर्षको उमेरमा यस संसारबाट सदा सदाका बिदा बिदा लिए पनि उनको यो भूमिमा रहेको योगदान कहिल्यै मर्ने छैन।

*-रूपेश अधिकारी*

# यसपटक



## ❖ राजनप्रसाद आचार्य

वि.सं.२०४१ वैशाख १८ मा सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिका वडा नं.५ मा माता मानकुमारी आचार्य र पिता बुद्धिप्रसाद आचार्यका सुपुत्रका रूपमा जन्मिएका राजनप्रसाद आचार्यले कक्षा दशसम्मको शिक्षार्जन गर्नुभएको छ । कृषि पेसाका साथै विद्युत जडान तथा मर्मत व्यवसाय गरिरहनुभएका राजनले अखिल नेपाल किसान सङ्घ इन्द्रावती कमिटीमा आबद्ध रहेर क्रियाशीलता देखाइरहनुभएको छ । कवि आचार्य समाजका बेथिति, विसङ्गति, युवापलायनका समस्या, किसानका पीडालगायत समग्र सामाजिक कुरूपतालाई आफ्ना सिर्जनामा जीवन्त रूपमा उजागर गर्ने र रूपान्तरणको स्पष्ट सन्देश सम्प्रेषण गर्ने अनि सरलताका माध्यमबाट गम्भीर भाव सम्प्रेष्ण गर्ने स्रष्टा हुनुहुन्छ । सिर्जना तथा सामाजिक रूपान्तरण अभियानमा सक्रिय रहनुभएका आचार्यका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ ।

शार्दूलविक्रीडित छन्दको 'फर्केर आऊ घर' शीर्षकको कवितामा मुलुकका युवा सबै पलायन हुँदा सिङ्गै समाज र मुलुक नै वृद्धाश्रम भइरहेको, ऊर्वर खेतबारी बाँझा रहेका, उता युवाहरू पराया भूमिमा हेलाँहोचो र तिरस्कार सहेर रगतपसिना बगाइरहेका वर्तमानको जीवन्त यथार्थ उजागर गर्दै आफ्नै भूमिमा रगत पसिना बगाएर स्वर्ग पार्न सम्पूर्ण युवालाई घर फर्किन आह्वान गरिएको छ । शार्दूलविक्रीडित छन्दकै 'किसान' शीर्षकको कवितामा किसान राज्यबाट पनि उपेक्षित भएका; समयमा मल, बिउसम्म पनि नपाउनु र सिँचाइको सुविधा होस् वा प्राविधिकको सल्लाहको सुविधासम्म पनि राज्यका तहबाट नहुने अनि बल्ल बल्ल दुःखले किसानले लगाएका बाली पनि जङ्गली जनावरले सखाप पारिदिने परिस्थिति उत्पन्न भएकाले खेतबारी बाँझा राख्नुको विकल्पै नभएको हुँदा किसान, निमुखाको हितमा काम गर्ने जिम्मेवार राज्यको अपेक्षाका साथ क्रान्तिको आह्वान गरिएको छ । शार्दूलविक्रीडित छन्दकै 'मेरो कलम' शीर्षकको कवितामा निमुखा जनताका पीडा, दर्द लेख्ने र राष्ट्रको गौरव बढाउन जनताको अन्तस्करणको चेतनाको दियो बाल्ने सन्देश दिनेखालको लेखनीको आवश्यकता औँल्याइएको छ ।

# फर्केर आऊ घर

तन्नेरी परदेशमा जटिलता खेपेर बस्छौ कति ?
तातो घाम र राप ताप सहँदै हेपाइ खप्छौ कति ?
गर्दा काम थकाइका समयमा को भन्छ बाबू भनी
को सोध्लान् तनमा बिसन्च रहँदा पानी पिलाऊँ भनी ? (१)

आफ्नो कोही हुँदैन त्यो मुलुकमा भाषा कला भिन्न रे
हेप्छन् रे परदेशका जनहरू सारै समस्या छ रे
माग्दामा तनखा कुनै समयमा पाइन्न रे भन्दछन्
चर्को शोषण हुन्छ रे नि श्रमको अन्यायले ठग्दछन् । (२)

सुन्दै छौँ अझ गाल खानु छ सधैँ माग्दा तलब् बेसरी
त्यस्ता दुष्ट मनुष्यका मुलुकमा बस्छौ हरे के गरी ?
आफ्नो यौवन व्यर्थमा नसक है बेचेर आफ्नो शिर
तिम्रो जीवन मूल्यको छ गरिमा फाल्यौ त्यसै आखिर ! (३)

हामी छौँ घरमा अशक्त तन यो बेहाल मात्रै भयो
तिम्रो याद बटुल्छ आज मनले सन्त्रास बड्दै गयो
ए बाबू ! अब आउ यो मुलुकमा मुग्लान छाडी छिटो
आफ्नै पौरखले सधैँ मिलिजुली खाउँ मीठो वा पिठो । (४)

बस्नुहुन्न विदेशका सहरमा गाउँ लथालिङ्ग छ
बारी बन्जर खेत वाग घरले पर्खी त्यसै ठिङ्ङ छ
आफ्ना खेत खनी खनाइ श्रमले बाली झुलुन् झलमल
हाम्रो ऊर्वर फाँट खेत घरको शोभा बढोस् हर्पल (५)

तन्नेरी अब फर्क हर्ष मनले राखेर मायाँ यता
आफ्ना उन्नत मूल्यवान सपना बेच्छौ छ के बाध्यता ?
आफ्नै देश सिगार्नु पर्दछ यहाँ खोजेर सम्भावना
गर्दा प्राप्त हुँदैन के र श्रमले ? मिल्ने छ चोखो धन । (६)

तिम्रा शिल्पकला सधैँ मुलुकले माग्दै छ ऐले जहाँ
भन्दै छिन् पृय बाबु आउ घरमा आमा रुँदै छिन् यहाँ
अर्काका भरिया बनेर करिया के भाग्य चम्किन्छ र ?
सम्झी राष्ट्रिय सार्वभौम गरिमा फर्केर आऊ घर । (७)

# किसान

बुझ्ने को छ यहाँ किसान तलका छौँ मारमा बेसरी
पाइन्नन् मल बीज क्यै समयमा खेती गरौँ के गरी ?
हाम्रा चोट अनेक छन् मनमनै छौँ सर्वदा व्याकुल
हामी छौँ अति मारमा सकसले बाँच्नै भयो मुस्किल । (१)

पस्छन् खेत किसानका रहरका बाली बगैँचातिर
खान्छन् ढेडु बनेल बाँदर मुसा दुम्सी अनेकौँ पिर
खेद्नुपर्दछ ती बँदेल जहिल्यै मास्छन् कि बाली भनी
सारा नष्ट गराइदिन्छ सहजै निर्धक्क पायो भने । (२)

सुख्खा खेत चिस्यान छैन नि कतै मात्रै अकासे भर
फल्दैनन् गतिला अनाज रसिला के भाउ मिल्थ्यो तर
व्यर्थै दुख्खसिबाय छैन मनमा खाली निराशा भयो
हाम्रा जोश र होस छैन मनमा सन्त्रास बढ्दै गयो । (३)

खेप्दै मार अनेक यो हृदयले गर्ला र के सामना
खेतीमा जनका सबै किसिमका हट्दै गयो चाहना
बाँझो राख्नु विकल्प छैन अब ता बाटो सबै बन्द छ
हाम्रा जीवनका अनन्य सपना सङ्कष्टले खिन्न छ ! (४)

हाम्राखातिर को रहन्छ र खडा हामी कसौँ कम्मर !
यौटा क्रान्ति नल्याइ हुन्न अब ता साझा रहोस् अम्मर
पर्खी बस्नुहुँदैन झट्ट अहिले सङ्कल्प नौलो गरौँ
यौटा जोस अझै भरौँ सँगसँगै आह्वान हामी गरौँ (५)

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित ‘शब्द-संयोजन’ साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ । यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

*– शब्द-संयोजन परिवार*

# मेरो कलम

के लेखौँ कविता म यो कलमले कोरिन्न पीडा भने
बुझ्दैनन् जब दर्द यी कलमका टुप्पा स्वयम्‌ले भने
सुन्दैनन् कहीँ आत्मरोदन तथा चित्कारका गुञ्जन
यौटा जोश रहन्न यो कलममा साहित्यमा पस्कन । (१)

पुग्दैनन् तल गाउँमा कृषकका खेती नियाल्न भने
बोल्दैनन् निमुखा अशक्त जनका आबाज साँच्चै भने
सक्दैनन् तब भ्रष्टका विषयमा छर्लङ्ग नङ्ग्याउन
आशा मात्र हुने छ यो कलममा साहित्यमा पस्कन । (२)

जाग्दैनन् गरिमा बढाउन सधैँ यो रास्ट्रका नाममा
लाग्दैनन् जब आत्मनिर्भर हुने सङ्घर्षका काममा
कोर्दैनन् कविता कतै प्रगतिका आशा समालीकन
आशा मात्र हुने छ यो कलममा साहित्यमा पस्कन । (३)

बड्दै छन् अब लेख सुस्त गतिमा साहित्यका फाँटमा
लेख्दै यी नवचेत जागृत बनोस् झिल्को बनी साथमा
साझा जोस जगाइ ल्याउन सकोस् संकल्पका साथमा
बोली बन्न सकोस् गरिब निमुखा निर्धा सबैका सदा । (४)

टेको बन्न सकोस् किसान हलिया उत्थानका काममा
आशा बन्न सकोस् निरीहहरूमा निर्धा सबैका सदा
लागेका कुबिचारका मगजमा खोलेर चैतन्यता
बाटो सत्य मिलोस् भनी कलम यो लेखी रहन्छ सदा । (५)

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ । यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

*– शब्द-संयोजन परिवार*



❖ अनामिका

# नुन

नुन धर्तीको दुःख हो र उसको स्वाद पनि !
पृथ्वीको तीन भाग नुनिलो पानी छ
र मानिसको मुटु हो नुनको पहाड
कमजोर छ नुनको मुटु
कत्ति छिटो पग्लेर जान्छ !
गाडिन्छ लाजले
जब मिल्काइन्छन् थालहरू
दालमा नुन कम वा
अलिकति धेरै भइहाल्दा ।

ती जो उभिएका छन् नि
सरकारी कार्यालय
कुलीन नुनदानी हुन्
बडो गज्जबले छर्किदिन्छन् सधैँ
हाम्रो जलेको घाउमा नुन ।
जसको अनुहारमा नुन छ
सोध्नू ती आइमाईहरूलाई
कत्ति भारी पर्छ उनीहरूलाई
उनको अनुहारको नुन !

जसले नुनको मूल्य तिर्नुपर्ने हुन्छ
ती नुनका सोझाहरूसित
मनोमालिन्य राख्छ महासागरले ।
संसारमा उनले हुन दिएनन् क्रान्ति
दया गरे शत्रुहरूमाथि ।
गान्धीजीलाई थाहा थियो नुनको मूल्य
र अम्बा बेच्ने नानीलाई पनि ।
संसारमा अरू केही रहोस् या नरहोस्
रहने छ नुन
भगवान्‌को आँसु र मानिसको पसिना
यी नै त्यो नुन हो
जसले शान्त रहने छ यो संसार ।

*अनुवाद : चन्द्र गुरुङ, धरान*

# समसामयिकताको कसीमा आगोका फिलुङ्गाहरू



❖ डा. बिन्दु शर्मा

## आरम्भ

वर्तमान समयसँग सम्बन्धित सन्दर्भलाई बुझाउनका लागि प्रयोग गरिँदै आएको समसामयिकताले एउटै तर निरन्तर चलायमान समयावधिलाई समेट्छ त्यसैले यसमा समकालीन नेपाली राजनीति, सामाजिक सांस्कृतिक सन्दर्भ, आर्थिक सम्बन्ध, राष्ट्रियता, भूगोल र पर्यावरणीय सङ्कट आदि सन्निकट र विशिष्ट घटनाक्रमको प्रभाव एवम् प्रेरणाको अभिलेखीकरण भएको हुन्छ । गतिशीलतालाई पछ्याउने भएकाले यसको प्रकृति र प्रवृत्ति पनि अत्यन्त तरल र अस्थिर किसिमको हुने गर्दछ त्यसैले वर्तमानमा रचिँदैमा वा अहिले प्रकाशित हुँदैमा कुनै पनि रचना समसामयिक हुँदैन, बरु समसामयिक हुनलाई अहिलेको चेतना, प्रवृत्ति र अभिलक्षणलाई आत्मसात् गरेको हुनुपर्छ (शर्मा, २०६३, पृ. ७) । त्यसो भए के हुन् त समसामयिकका अभिलक्षण ? यसलाई बुझ्नुअघि समसामयिकताको समयसीमाबारे प्रस्ट हुनु पनि आवश्यक छ ।

नेपाली साहित्यको इतिहासलेखनमा वि.सं. २०३६ को जनमतसङ्ग्रहको घोषणापछिको खुल्ला राजनीतिक परिवेशलाई महत्त्व दिँदै त्यसपछिको समयलाई समकालीन मान्ने परम्परा स्थापित छ । त्यसो भए पनि नेपाली राजनीतिक इतिहासमा २०४६ सालमा भएको जनआन्दोलन र त्यसले पुनःस्थापित गरेको बहुदलीय प्रजातन्त्रको व्यवस्था एवम् त्यसपछि राज्यले लिएको आर्थिक उदारीकरणको घोषित नीतिले मुलुकको उत्पादन सम्बन्ध र आम नागरिकको जनजीविकामा पारेको प्रभावका विविध पक्षको प्रतिबिम्बनको सघनता नेपाली साहित्यमा पाइन्छ । २०५२ सालमा तत्कालीन नेकपा (माओवादी)ले प्रारम्भ गरेको जनयुद्ध, २०६२-६३ मा भएको लोकतान्त्रिक आन्दोलन तथा २०७२ सालमा भएको गणतान्त्रिक नेपालको संविधानको घोषणालगायतका राजनीतिक घटनाक्रमले नेपालको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक आदि पक्षसँगै आम नागरिकको जनजीविकामा प्रत्यक्ष रूपले प्रभाव त पारेका छन् नै साथै तिनको प्रतिक्रिया र प्रेरणा पनि नेपाली कवितामा अभिव्यञ्जित भएको छ । पुरानो राजनीतिक संरचना र वैचारिकीको समाप्तिसँगै नवीन चिन्तन र दृष्टिकोणको प्रबलताले सिर्जना गरेका मूल्यमान्यताको स्थापनार्थ यस अवधिको कविताले फरक विषय र अभिव्यक्तिको खोजी

गरेको छ। समकालीन सर्जकहरूको आफ्नो विचारधारा प्रभावकारी ढङ्गले सम्प्रेषण गर्ने सोच र नेपाली साहित्यमा स्थापित हुने उत्कट चाहनाले पनि साहित्यमा नवीन स्वर र राजनीतिक, सामाजिक मुद्दाको समर्थन भएको पाइन्छ त्यसैले प्रस्तुत आलेखमा समसामयिकताका अभिलक्षणका रूपमा २०४६ र २०६२/०६३ सालका राजनीतिक परिवर्तनले स्थापित गरेका व्यवस्था र त्यसप्रतिका नागरिकका प्रतिक्रियालाई केन्द्रमा राखिएको छ । समकालीन नेपाली कविता विशेष गरी नेपालको राजनीति, संस्कृति र तत्जनित व्यक्तिगत अनुभवसँग सम्बन्धित छ (शर्मा, २०, पृ. ४६५)। यस अवधिमा नागरिकहरूमा प्रत्यक्ष प्रभाव पार्ने गरी भएका राजनीतिक र सामाजिक घटनाक्रमको प्रभाव, लोकतन्त्रप्रतिको प्रतिबद्धता, विकासको चाहना, सामाजिक न्याय, राष्ट्रियता, असमान सन्धिसम्झौताको विरोध, गणतन्त्र, सङ्घीयता र समाजवादप्रतिको विश्वास, पहिचान र समावेशीकरणको स्वर, लैङ्गिक, वर्गीय र जातीय विभेदको आलोचना, पर्यावरणीय सङ्कटप्रतिको चिन्ता, युद्धआतङ्कबाट सिर्जित त्रास र मानवताको ह्रासजस्ता समसामयिक राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्दर्भहरूको सम्बोधनलाई केन्द्रमा राखेका रचनाहरूमा समसामयिक चेतनाको प्रबलता पाइन्छ।

प्रशान्त खरेल (२०३८) २०६० को दशकदेखि कवितालेखनमा सक्रिय रहेका र यथास्थितिप्रतिको आलोचनात्मक चेत प्रखर भएका कवि हुन् । *आगोका फिलुङ्गाहरू* (२०७८) उनको पहिलो कवितासङ्ग्रह हो । जम्मा ३६ ओटा कविताहरू सङ्गृहीत प्रस्तुत कृतिमा विशेष गरी नेपाली समाजले भोगेका जनयुद्ध, वैदेशिक हस्तक्षेप, सामाजिक विभेद, असमान सन्धिसम्झौता, गणतन्त्रको स्थापना, भूकम्प, महिलाहिंसाजस्ता सन्दर्भप्रतिका दृष्टिकोणलाई काव्यिक लय प्रदान गरिएको छ त्यसैले प्रस्तुत आलेखमा *आगोका फिलुङ्गाहरू* कृतिलाई गणतन्त्र स्थापनाको आकाङ्क्षा, नयाँ संविधानप्राप्तिको चाहना, वैदेशिक हस्तक्षेपको आलोचना, हिंसा र निषेधको विरोधजस्ता समकालीन मुद्दाहरूको केन्द्रीयतामा विश्लेषण गरिएको छ।

**गणतन्त्रात्म चिन्तन**

नेपालमा गणन्त्र स्थापना (२०६५) हुनुपूर्व राजतन्त्रात्मक शासन व्यवस्था क्रियाशील थियो । २४० वर्ष (१८२५–२०६५)सम्म चलेको त्यस व्यवस्थामा राज्यका नीति र विकासका योजनाहरू राज्यका उच्चपदस्थ व्यक्ति, जमिनदार र गाउँका मुखियाजस्ता सामन्तहरूको वैयक्तिक लाभमा केन्द्रित हुने गरेका थिए । राज्यको आम्दानीको ठुलो हिस्सा राजपरिवारको विलासिताका लागि खर्च हुने गरेका कारण चर्को कर तिरिरहेका आम नागरिकहरूमा चाहिँ गास, वास र कपासजस्ता आधारभूत आवश्यकता टार्न पनि मुस्किल हुँदै गएको थियो । विकासका पूर्वाधार गाउँसम्म पुग्न नसकेका कारण आम

जनजीवन कष्टकर नै रहेको थियो । यस्तो स्थितिको मूल कारक मानिएको सामन्तवादी राजसंस्थाका विरुद्धको सङ्घर्ष चर्किँदै गएपछि २०६२/०६३ सालको दोस्रो जनआन्दोलनपश्चात् सम्पन्न पहिलो संविधानसभाको निर्वाचनबाट चुनिएको संविधानसभाबाट राजसंस्था खारेज भई नेपाल गणतन्त्रात्मक राजनीतिक व्यवस्थामा प्रवेश गरेको थियो । समकालीन नेपाली कविताको प्रारम्भ मूलतः राजतन्त्रको प्रतिरोध र गणतान्त्रिक चेतनाबाट निर्देशित रहेको देखिन्छ (एटम, २०८१, पृ.२३) । सोही अवधिको जनचेतना अभिव्यक्त भएको 'अधुरो सपना-निर्दयी विपना' शीर्षकको कवितामा प्रकट भएको गणतन्त्र स्थापनाप्रतिको प्रतिबद्धता यस्तो छ :

*नपर्ख अब आश गरेर/शक्तिशाली धक्काको ...*
*हो, अब आफैँ कम्मर कस.../सारा बस्ती एक जुट भएर आऊ...*
*चकनाचुर पार त्यो पहाड/विस्फोट गराऊ त्यसको फेदीमा...*
*मैदान बनाऊ त्यहाँ/जहाँ तिम्रा सन्ततिहरूले*
*बालक्रीडा गर्न सकुन्.../ढुक्कसाथ बाँच्न पाउन् ।*
*(खरेल, २०७८, पृ. ३६–३७)*

राज्यको समृद्धि र नागरिकको उज्यालो भविष्य छेकेर उभिएको राजसंस्थाको समाप्तिका लागि नागरिकलाई आह्वान गरिएको यस कवितांशमा राजसंस्था हल्लाउनका लागि वेला वेलामा आन्दोलन हुने गरेको कुरालाई पनि सङ्केत गरिएको छ। निरङ्कुशतामा अडिग रहेको राजतन्त्रलाई ' पहाड'को बिम्बद्वारा दृश्यात्मक बनाउँदै यसका 'नपर्ख अब आश गरेर/शक्तिशाली धक्काको' भन्ने पङ्क्तिबाट यसका विरुद्धमा भएका ससाना आबाज र आन्दोलनको वास्तविकता पनि ज्ञात हुन्छ भने पहाडलाई चकनाचुर पारेर जनताका छोराछोरी खेल्न र ढुक्कसाथ बाँच्न पाउने 'मैदान' बनाउने कविताको वक्ताको चाहनाले सबै नागरिकको समान पहुँच रहने गणतान्त्रिक व्यवस्थालाई अभिव्यञ्जित गरेको छ ।

**नयाँ संविधानको प्राप्ति**

वि.सं.२०६४ सालको निर्वाचनबाट आएको नेपालको पहिलो संविधानसभा संविधान निर्माण गर्न नसकेर विघटन भएपछि २०६९ सालमा दोस्रो संविधानसभाको निर्वाचन त भएको थियो तर नागरिकमा भने फेरि पनि संविधान नबन्ने हो कि भन्ने संशय कायमै थियो । संवैधानिक मुद्दाहरूमा दलहरूको सहमति जुट्ननसकेको तत्कालीन समयावधिको यही स्थिति उद्घाटन गरिएको 'यसपटकको रोपाइँ' कविताले दलहरूमा संविधान बनाउनै पर्ने दबाब सिर्जना गरेका नागरिकका अभिव्यक्तिलाई यसरी अभिव्यञ्जनात्मक बनाएको छ :

*यसपटक रोपाहारको पनि भाका मिलेको छ*
*अर्नीको दोष देखाउने तिम्रा साथीहरू छैनन्*
*तिमीले चाहेजस्तै रोपाहार, बिउ, पानी, बाउसे छन्*
*कान्लाभरि अशोक वृक्षको लहलहाउँदो सिँयाल छ....*
*देख्दै छु अझै तिमी पुच्छर निमोठेर*
*हलोमा नारिएका गोरु बिच्काउँदै छौ*
*तर खबरदार!*
*हामी अन्न भित्र्याउन आतुर जनहरू*
*अशोक वृक्षको सियाँलमा बसेका छौँ...*
*हेरौँला कसरी सक्दा रहेनछौ रोपाइँ*
*यसपटक पनि । (खरेल, २०७८, पृ. ४१)*

संविधान निर्माण कार्यलाई 'रोपाइँ' र संविधानप्राप्तिलाई 'अन्न भित्र्याउनु'सँग तादाम्य गराइएको यस कवितांशमा अघिल्लो संविधानसभामा सहमति जुट्नसकेको सन्दर्भ वर्णन गरिएको छ। 'रोपाहारको भाका मिल्नु,' 'अर्नीको दोष देखाउने साथीहरू नहुनु,' 'जनहरू अशोकको सियाँलमा बसेर प्रतीक्षा गर्नु'जस्ता शब्दावलीबाट पनि यहाँ संविधान निर्माण हुँदै गर्दाको परिदृश्यको काव्यिक स्वर अभिव्यञ्जित भएको छ। यसबाट जनचाहनाको अभिव्यक्ति एवम् जनपक्षीय कविको समसामयिक चेतनाको प्रबलता पुष्टि हुन्छ।

**वैदेशिक हस्तक्षेपको आलोचना**

नेपालको राजनीतिमा वैदेशिक हस्तक्षेपको विषय उखेल्नै नमिल्ने जस्तो गरी जेलिएर रहेको छ। वेला वेलामा यहाँको सरकार गठन, विघटन्, पार्टी राजनीति, विकासका योजना तर्जुमा, नीतिनिर्माण र सन्धिसम्झौताहरूमा विदेशीहरूको बढी नै चलखेल भएका समाचारहरू बाहिरिनु तथा पटक पटकका सरकारले नै छिमेकी राष्ट्रको इसारामा आफ्नो राष्ट्रहित विपरीतका कार्यलाई निरन्तरता दिएबाट पनि यसको पुष्टि हुन्छ। नेपाली कवितामा विशेष गरी सीमा अतिक्रमण, असमान सन्धिसम्झौता र नागरिकतासम्बन्धी कानुनका सन्दर्भलाई आलोचनात्मक र प्रतिरोधी स्वर प्रदान गर्ने क्रममा वैदेशिक हस्तक्षेपका विषयहरू मुखर हुने गरेका छन्। प्रशान्त खरेलको 'महाशय म देश बेचेर देश खोजिरहेको छु' कवितामा अभिव्यक्त वैदेशिक हस्तक्षेपको स्वर चाहिँ यस्तो छ :

*फुङ्ग रङ उडेको समयका तुषहरू नियाल्दै*
*तुवाँलो लागेको चिसो बिहानीमा*
*म असामयिक सम्झौता गरिरहेको छु ....*
*कोसीटप्पुको पर्यावरणमा रमेको*
*पर्यटकको खुसीको मुस्कानसँगै*
*उत्तर, दक्षिण चुर्लुम्म डुबेका*
*बस्तीहरू हेरिरहेको छु*
*महाशय म देश बेचेर देश खोजिरहेको छु ।....*
*जङ्गे पिलरहरू हठात् विस्थापित हुँदा*
*सुस्तरी सुस्ता मुर्छित भएको देख्दै*
*म लाटो, बहिरो, अन्धो भएको नाटक गरिरहेको छु*
*महाशय! म देश बेचेर देश खोजिरहेको छु। (खरेल, २०७८, पृ. ५६–५७)*

कविताको प्रारम्भमा नेपालको आर्थिक सामाजिक दुरावस्थालाई सङ्केत गर्ने 'फुङ्ग रङ उडेको समय' र 'तुवाँलो लागेको चिसो बिहानी'जस्ता विम्बात्मक अभिव्यक्ति दिएर यस कवितांमा राष्ट्रहितलाई केन्द्रमा राखिएको छ तर देश र जनताका लागि गर्नुपर्ने कामहरू पन्छाएर छिमेकीसँग असामयिक सम्झौता गर्दै राष्ट्रवादी अभिव्यक्ति फलाक्दै हिँड्ने राज्यको कार्यकारी व्यक्तिप्रति लक्षित गरेर 'महाशय म देश बेचेर देश खोजिरहेको छु' भन्ने पङ्क्तिको पुनरावृत्तिमार्फत वास्तविकता उजागर गर्न पनि खोजिएको हो किनभने कविताले अभिव्यक्त गरेका सङ्केतअनुसार नागरिकका तमाम समस्याहरू थाती राखेर 'बिप्पा' सम्झौताका कुरा गर्ने, स्वदेशका बस्तीहरू डुबानमा पारेर कोसी सम्झौता गर्ने अनि सुस्तामा भारतीय पक्षबाट सयौँ हेक्टर जमिन अतिक्रमण हुँदा चुपचाप बस्नेहरू सबै नेपालका कार्यकारी प्रमुख नै हुन्। त्यसै गरी गण्डक र महाकाली नदीसँग सम्बन्धित

राष्ट्रघाती सन्धि गर्ने व्यक्तिहरू पनि पछिल्लो समय राष्ट्रवादी कहलिन थालेको सन्दर्भलाई व्यङ्ग्य गर्न यहाँ 'देश बेचेर देश खोजिरहेको' भन्ने अभिव्यञ्जनात्मक शब्दवली आएको हो । अन्त्यानुप्रासयुक्त शब्दको प्रयोग तथा सममात्रिक शब्दावलीको आवृत्तिबाट लययोजनालाई पनि तुलनात्मक रूपले प्रभावकारी बनाइएको यस कवितांशमा प्रयुक्त 'लाटो', 'बहिरो', 'अन्धो'जस्ता अपाङ्गता भएका व्यक्तिलाई हेय रूपमा सम्बोधन गरिने शब्दको प्रयोगले भने टिम्मुरको तिखो र रमरम मिठाससँगै त्यसका गेडाले दिलाउने बालुवानी किरिङकिरिङको दिग्दारी चाहिँ अनुभव गराउँछन् ।

**हिंसा र निषेधको विरोध**

विभेद र असमानता व्याप्त समाज भएका कारण नेपालमा आर्थिक रूपले कमजोर र अवसरहरूबाट वञ्चित समुदायमाथिको हिंसाले निरन्तरता पाइरहेको छ । अहिलेको विज्ञानसम्मत एवम् उच्च प्रविधिको लोकतान्त्रिक भनिने युगमा पनि लैङ्गिकता/यौनिकता, जातीयता र वैचारिकताका आधारमा कुनै पनि व्यक्ति वा समुदायमाथि उत्पीडन भइरहनु सामान्य कुरा भने होइन । पछिल्लो समयमा बढ्दै गएका यस्ता हिंसा र निषेधका घटनाहरूको विरोधलाई पनि प्रशान्त खरेलले सघनताका साथ काव्यिक स्वर प्रदान गरेका छन् । उनको 'रोकिँदैन विभीषण कूटनीति' शीर्षकको कवितामा प्रकटित हिंसा र निषेधविरुद्धको अभिव्यक्ति यस्तो छ :

*सीताको अग्निपरीक्षा रोकिएको छैन*
*शूर्पणखाहरू नाकविना नै जिउन विवश छन्*
*मर्यादा पुरुषबाट धोकामै मारिन*
*विवश छन् अझै बालीहरू*
*हलाहलजस्तै घाँटीमा अडकाएर*
*हेम्लक राख्न सक्दैनन् सुकरातहरू*
*नमिठो दुर्गन्ध व्याप्त छ सहरभरि*
*बेवारिसे सतीदेवीको पोलिएको लासबाट*
*मुखुण्डो लगाएर अझै पनि*
*सञ्जीवनी लिन पठाउँछ विभीषण ! (खरेल, २०७८, पृ. ४४)*

यहाँ, सीताको अग्निपरीक्षा नरोकिएको र शूर्पणखाहरू नाकविना नै जिउन बाध्य भएको भन्ने अभिव्यक्तिबाट पौराणिक युगदेखि नै हुँदै आएको महिलाको अपमान, यौनिकताको तिरस्कार र हिंसाले पछिल्लो समयमा पनि निरन्तरता पाएको वास्तविकतालाई मुखर बनाइएको छ । रामायणमा वर्णित कथाअनुसार सुग्रीवबाट सहयोग प्राप्त गर्नका लागि रामले लुकेर बालीको हत्या गरेको मिथकीय सन्दर्भ तथा लोकतान्त्रिक र विज्ञानसम्मत अभिमत राखेकै कारण धर्मभीरु सत्ताद्वारा हेम्लक विष पिलाएर हत्या गरिएका ग्रिसेली दार्शनिक सुकरातको ऐतिहासिक सन्दर्भबाट चाहिँ समसामयिक चरणमा नेपालमा भइरहेका वैयक्तिक स्वार्थका द्वन्द्व, हत्या र विचारको निषेध गर्ने प्रवृत्तिलाई विम्बात्मक बनाइएको हो । यसका साथै रामायणमा सकारात्मक भूमिका प्रदान गरिएका पात्र विभीषणलाई पनि देखावटी काममा क्रियाशील कुटिल चरित्रका रूपमा उभ्याइएको छ । यसबाट नायक र सत्पात्र ठहरिएका समसामयिक चरणका राजनीतिज्ञहरूको कुटिल चारित्रिक

विम्ब उद्घाटन गरी सबै किसिमका सत्ता र शक्तिको आडमा हुने गरेका हिंसा र निषेधको संस्कतिको विरोधलाई सघन बनाउन कविता सफल भएको छ ।

**अन्तिम आबाज**

कवि प्रशान्त खरेल पेसागत रूपले प्राविधिक तथा प्रशासनिक दुबै क्षेत्रमा क्रियाशील प्रतिभा हुन् । *आगोका फिलुङ्गाहरू* कृतिमा उनी कतै नेपाली राजनीतिलाई सापेक्षतावादको सिद्धान्तले पनि दिग्दर्शन गर्न सकेन भनी चिन्तित भएका छन् भने कतै पूर्वीय आर्य सभ्यताले निर्देशित गरेको भ्रातृत्व र सहअस्तित्वको सन्देशलाई लत्याइरहेको अवस्थाप्रति असन्तुष्ट देखिन्छन् । यो असन्तुष्टि एकीकृत रूपमा वैयक्तिक लाभमा आधारित समसामयिक पुँजीवादी संस्कृतिको आलोचनालाई मुखर बनाउनतर्फ अभिमुख भएको छ । यसैको अभिव्यञ्जनाका लागि नै उनी विज्ञान र मिथकका सन्दर्भसँगै प्राविधिक शब्दावलीको प्रयोगतर्फ बढी नै आकर्षित भएको बुझिन्छ । समग्रमा भन्नुपर्दा यथास्थितिबाट मुक्तिका लागि कवितामा उनले लिएको रणनीति नेपाली समाजमा विद्यमान लोकतान्त्रिक संस्कारको सङ्कट, अविराम परिश्रमबाट खारिएका श्रमिकका बहादुरी, सामाजिक द्वन्द्वजस्ता समसामयिक मुद्दाहरूको सम्बोधनमा प्रयासरत छ । यसैका लागि खरेलले गणतन्त्र स्थापनाको आकाङ्क्षा, नयाँ संविधानप्राप्तिको चाहना, वैदेशिक हस्तक्षेपको आलोचना एवम् हिंसा र निषेधको संस्कृतिको विरोधका केन्द्रीयमा आफ्ना काव्यिक अभिव्यक्तिलाई लय प्रदान गरेका हुन् । कविता र पाठकको संवादका लागि उनले चयन गरेको मिथकीय सन्दर्भ र प्राविधिक शब्दावलीको सघनता तथा कवितामा कविले सङ्केत गर्ने अर्थकुन्जीको अभावबाट चाहिँ कविता बढी नै बौद्धिक बनेका छन् । यसले आम पाठकसँगको काव्यिक अभिव्यक्ति सञ्चारमा तुलनात्मक रूपले केही कठिनता सिर्जना गरेको भए पनि पाठकमा निरन्तर सङ्घर्ष, सक्रियता र सकारात्मक चिन्तन सम्प्रेषण गर्न सक्षम रहनु नै प्रस्तुत कृतिको शक्ति हो ।

**सन्दर्भसामग्रीको सूची**


एटम, नेत्र (२०८१). *कविताको समकालीन सौन्दर्य*. काठमाडौँ : तन्नेरी पत्रिका ।

खरेल, प्रशान्त (२०७८). *आगोका फिलुङ्गाहरू*. काठमाडौँ : अनिता कोइराला ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *समकालीन नेपाली कविताका प्रवृत्ति*. काठमाडौँ : पैरवी प्रकाशन ।

शर्मा, बिन्दु (२०७२). समकालीन नेपाली कवितामा नारी चेतना. *प्रज्ञा समकालीन नेपाली कविता विमर्श* (सम्पा.अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम).काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान. पृ.४६२-५०५ ।

शर्मा, मोहनराज (२०६३). *समकालीन समालोचना : सिद्धान्त र प्रयोग*. काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन.।



❖ यादवप्रकाश लामिछाने

# हजुरबाआमा-नाति संवाद

नाति-
हजुरबा ! हजुरआमा ! एउटा कुरा सोध्छु
झर्को मान्ने हो भने चुप लागेर बस्छु ।
हजुरबा-आमा-
के हुन् नाति तिम्रा कुरा ? मन खोलेर सोध
एउटा मात्र होइन बाबु ! सयौँ कुरा सोध ।
नाति-
कुन कुन कुरा गर्न हुन्छ ?
कुन कुन कुरा हुन्न ?
गर्न हुने कुरा भन्नुस् नगर्ने चाहिँ हुन्न ।
हजुरबा आमा-
राम्रो प्रश्न गऱ्यौ नाति तिमी धेरै जाती
सफासुग्घर हुनु सधैँ हुनु आज्ञाकारी
सानालाई माया गर्नू ठुलालाई मान्नू
फोहोर कुरा नगर्नू नि यति कुरा जान्नू
कपट र क्लेश मनमा राख्नुहुन्न कैल्यै
असल-खराब मान्छे को हो ?
चिनिहाल पैल्यै !

नाति-
कस्ता मान्छे असल हुन्छन् ?
कस्ता मान्छे खराब ?
ठम्याउनै कठिन भयो असल र खराब !
हजुरबा-आमा -
राम्रो कुरा गर्ने व्यक्ति अनि सहयोगी
आफू मात्र नभन्ने नै हुन्छन् उपयोगी
धूर्त कुरा गर्ने व्यक्ति अनि ढाँटढुँट गर्ने
छलछाम गरी झुक्याउने चिप्ला कुरा गर्ने
सतर्कता अपनाउनु छुद्र व्यक्तिदेखि
टाढै बस्न सिक बाबु तिमी अबदेखि
रिसाउने र फन्फन् गर्ने राम्रा हुँदै होइनन्
लोभ-लालच गर्ने पनि खराब नै त हुन् नि ?
ईर्ष्या गर्ने, डाहा गर्ने, चियोचर्चो गर्ने
कुरा काटी हिँड्ने पनि खराबै त हुन् नि ?

नाति-
बल्ल बुझेँ असल-खराब राम्रो बानी पनि
आशीर्वाद पाउन त कस्तो जाती भनी
शिरमा राख्छु आशिष बचन,
मनमा ज्ञानका कुरा
कैल्यै पनि लत्याउँदिन हजुरहरूका कुरा ।

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस् ।

❖ राममणि पोखरेल

# महामहिमज्यू !

प्रभु ! महामहिमज्यू !
म हजुरप्रति दिलैदेखि
ऋणी र आभारी छु
विनम्रतासाथ बिन्ती बिसाउँदछु
म सुदूरपूर्वको एक गाउँमा
बसोवास गर्ने एक गाउँले
माटो र हरियो बुटासँग
खेल्दै बाँचेको छु
गाई र गोरुको पुच्छर तान्दै
पछि लागेर धपाउँछु
कुनामा बसेर दुनामा खाने पर्सँ ।

प्रभु ! महामहिमज्यू !
हजुरलाई सम्झना होला
प्रहरीको निगरानी हुँदा
हजुरको बास, सुरक्षाका लागि
मेरै खोल्मे कटेरामा हुन्थ्यो ।
मेरा छोरा, छोरी र पत्नी
करुवामा पानी, थालमा खाना बोकेर
हजुरको सेवामा तल्लीन हुन्थे ।
समयले कोल्टे फेर्‍यो
हजुर जनताको मत लिएर
सत्तारुढ होइबक्सियो
सम्पूर्ण जनताको अभिभावक
हामीले आशा गरेका थियौँ
गाँस, बास, कपास, शिक्षा, स्वास्थ्यको
अब उचित प्रबन्ध हुने छ
हामी निमुखा, गरिबको
जो जीवनका साधनस्रोतविहीन छौँ
पुर्खौँदेखि शोषित पीडित थियौँ
तर अफशोच !
हजुर सत्तारुढ भएको
केही समयपछिको बजेटभाषणले
मध्यम वर्ग र विचौलिया
तस्करका नायकहरू मालामाल भए !
हाम्रा इच्छा र आकाङ्क्षाविपरीत
भैँसेपाटीमा आलिसान भवन
निर्माण गरिए
बजेटको खोलो वग्यो !

गाउँका कुनाका खेतका गरा
पानीको अभावमा बाँझै हुन्छन्
आकाश ताकेर बस्तछन्
म एक निरीह किसान
अहिले पनि
माटो र चारखुट्टे पशुसँग
सिँगौरी खेल्दै छु ।
दश किलो युरिया मलका लागि
नागरिकताको फोटोकपी लिएर
तातोघाममा उभिन विवश छु
सहरमा ठुला ठुला योजना बन्दछन्
विचौलियाहरू निवेदन हाल्छन्
योजना पार्न
गाउँका बेरोजगार युवाहरू
आफ्ना हात र गोडाको श्रम बेच्न
सहरमा साइनबोर्ड राखेका
मेनपावर खोज्न
आँखा तिरमिराउन जेल, सडक नाप्दछन् !

उता हवाइमैदानमा
बाकसभित्र चेपिएर आउनेहरू
बाकस खोल्दै गर्दा
बेहोस हुन्छन् मैदानको चौरीमा
पूर्वदेखि पश्चिमसम्म
बाँझा चौरी र भौका मान्छेको
नियति यी हाम्रा आँखाले
कहिलेसम्म हेर्ने ?
गरिब, निरीह जनताको बिस्कुन !
प्रभु ! महामहिमज्यू !
दशऔँलो जोडी नमस्कार ।

# आकाङ्क्षा



❖ आशाराम दयालु

सधैँ धर्म र दर्शनको प्रचार नै मुख्य काम थियो दुबैको । धर्मभिरुकै भेषमा सजिएर हिँड्थे एक जोडी उर्फ साधिका र पण्डित । राम्रै नाम र दाम कमाएकै थिए । त्योभन्दा पनि आदर्शका रूपमा मानिन्थे,

पुजिन्थे । साधिका देवी र पण्डित वासुदेव शास्त्रीको जोडीलाई धार्मिक-आध्यात्मिक क्षेत्रमा 'साक्षात् देव-देवी'कै रूपमा हेरिन्थ्यो, चर्चा-परिचर्चा गरिन्थ्यो । देवी साधिका भर्खर पच्चिसकी, अत्यन्तै सुन्दरी र मस्त जबानी भएकी भागवतवाचिका थिइन् भने वासुदेव पण्डित उनका मुख्य सहयोगी, वाचक थिए र सहकर्मी, सहधर्मी पनि थिए । जब देवी साधिका व्यासपीठमा बसेर मधुरस्वरमा भागवतका श्लोकहरू वाचन गर्दै स्वर्ग, मोक्ष, आत्मा, परमात्मा, दान र त्यागका कुरा गर्थिन् तब हजारौँ भक्तजनहरू भावविह्वल भएर आँसु बगाउँथे, अनुभूत गर्थे र केहीबेर आआफ्नो भूगोल बिर्सन्थे; घर परिवार, संसार, मोह सबै बिर्सन्थे । उनको सुन्दर रूप र मधुर वाणीको जादुले मानिसहरूलाई लठ्ठ पार्दथ्यो ।

समाजका ठुला ठुला नेता, व्यापारी र गन्नेमान्नेहरू उनीहरूको पाउमा शिर निहुराउँथे । धर्म र समाजसेवाको नाममा उनीहरूले एउटा विशाल 'आध्यात्मिक प्रतिष्ठान' खोलेका थिए, जहाँ दैनिक लाखौँ रूपैयाँ दान आउँथ्यो तर यो त केवल संसारलाई देखाउने 'स्वर्गको बाटो' मात्र थियो । त्यो भव्य आश्रम र चन्दनको सुगन्धपछाडि के थियो कसैलाई छनक थिएन । भर्खरका मस्त जबान शिष्य र शिष्यासँग सामूहिक रासलीला चल्थ्यो । यो उमेरमा प्रकृतिभन्दा पर थिएन किनकि ज्ञानले प्रकृति जित्न अहिले सम्भव थिएन । जैविक चाहना केहीले पनि रोक्न सक्दैन त्यसमाथि परिवेश नै त्यस्तै निर्माण भएपछि केले छेक्न सक्थ्यो । पण्डित वासुदेव र साधिका देवीको आआफ्नै गुप्त कोठा थियो । भित्रीद्वार गुप्तमा जोडिएकै थियो । भित्र सुमधुर सङ्गीतमा कृष्णलीला चलिरहेको थियो, जसको कल्पनासम्म पनि साधारण भक्तहरूले गर्न सक्दैनथे ।

ब्राह्मणकुलमा जन्मेर, संसारलाई सात्विक आहार र व्रत-उपवासको कडा नियम सिकाउने यो जोडीको आफ्नै भान्छा भने बेग्लै थियो । आश्रमको एउटा अति गोप्य र आधुनिक सुविधायुक्त भित्री कोठा थियो, जहाँ साधारण मानिस वा भक्तहरूलाई प्रवेश निषेध थियो । आफूले चाहेका मानिसलाई मात्र पस्न पाउने अनुमति हुन्थ्यो ।

त्यो बन्द कोठाभित्र राति ढोका थुनिएपछि धर्मका कडा नियमहरू एकाएक पग्लिन्थे र छताछुल्ल हुन्थे । व्यासपीठमा

लसुन-प्याजसम्म वर्जित गर्ने पं.शास्त्री र देवी साधिका त्यहाँ महँगा रक्सी र त्यसका लागि बनेका विभिन्न परिकारका व्यञ्जनसँग आनन्द लिन्थे र झुल्थे । दिनभरिको धार्मिक अभिनयको थकाइ मदिराको चुस्की र महँगा विलासी खानाका साथ मेट्ने गर्थे उनीहरू । उनीहरूको लागि धर्म केवल एउटा यस्तो 'बिजनेस' थियो जसले उनीहरूको यो विलासी जीवनको खर्च सजिलै धानिरहेको थियो ।

वाचिका, साधिका देवी र पण्डित वासुदेवमा आफूलाई ईश्वरको अवतार र अरूलाई तुच्छ ठान्ने चरम अहङ्कार थियो । धनका आडमा उनीहरूको अनैतिकता झन् झन् बढिरहेकै थियो । धर्मका नाममा, अनुष्ठानका हिसाबले लोकप्रियता बढेदेखि उनीहरू आफूलाई निकै ठुला साधक मान्दथे । आश्रममा आउने गरिब, दुःखी र असहाय भक्तहरूलाई उनीहरू मानिस नै गन्दैनथे किनकि तिनीहरूले यथेष्ट दान दिन सक्दैनथे । उनीहरूको नजरमा दान दिनसक्ने असल भक्तालु मानिन्थे ।

गरिब हुनु पापकर्मको फल हो । पूर्वजन्ममा दान धर्म नगरेकाहरू दरिद्र भएर जन्मन्छन् भन्ने प्रवचनमा उनीहरूको विचार अडेको थियो । प्रवचनका साथै "सबैजना आआफ्नो पापको फल भोग्दै छन्, यस्ता पापीहरूको अनुहार हेर्नु पनि पाप हो", देवी भित्रीकोठामा आफ्ना सहयोगीहरूसँग प्रायजसोः भन्ने

गर्थिन् । उनीहरू जोकोहीलाई सहजै भेट्न पनि चाहँदैनथे । यदि कोही साधारण भक्त आफ्नो समस्या लिएर आयो भने हप्तौँसम्म कुर्नुपर्थ्यो वा निकै मोटो 'भेटघाट शुल्क' तिर्नुपर्थ्यो तर कोही मन्त्री, प्रशासक, व्यवसायी वा करोडपति व्यापारी आएमा उनीहरूका लागि भित्री कोठासम्मकै ढोका तुरुन्तै खुल्दथ्यो ।

साधिका देवीको रूप जति सुन्दर थियो उनको भित्री वासनाको भोक त्यति नै भयानक थियो, जोसँग जुन कुरा सहज हुँदैन त्यसमा बढी लगाब हुनु स्वाभाविकै पनि हो । आफूभन्दा धेरै उमेरका वासुदेव शास्त्रीसँगको उनको वैवाहिक जीवन केवल सामाजिक मुकुन्डो मात्र थियो, वैधानिकताका लागि जोडिएर बाह्य सम्बन्ध मात्र थियो । आफ्नो जैविक चाहना पूरा गर्न देवी साधिकाले एउटा नयाँ प्रपञ्च रचेकी थिइन्– 'आश्रमको सुरक्षा' । सुरक्षाका लागि भर्खरका बलिष्ठ बलिष्ठ युवाहरू उनी आफैँ छनौट गर्थिन् ।

उनले आफ्नो व्यक्तिगत सुरक्षाका लागि भर्खरका, हट्टाकट्टा र आकर्षक तन्नेरी केटाहरूलाई अङ्गरक्षकको रूपमा नियुक्त गरेकी पनि थिइन् । ती केटाहरू सधैँ उनको वरिपरि नै भइरहेका हुन्थे । बाहिर देखाउँदा उनीहरू सुरक्षाकर्मी थिए तर भित्री कोठामा उनीहरू साधिका देवीको जैविक अर्थात् शारीरिक चाहना पूरा गर्ने पुरुष बन्थे । जागिरको लोभ, मोटो तलब र आश्रमको शक्तिको अगाडि ती युवाहरू पनि देवी साधिकाको इच्छाअनुसार चल्न बाध्य हुन्थे, कति रमाउँथे, कति बाध्यतामा विवश थिए । कतिको लागि राम्रो थियो, कतिको लागि एक दलदल थियो उनीहरूको साथ । वासुदेव शास्त्री पनि अकुत सम्पत्ति र शक्तिको लोभमा देवी साधिकाको यो

हर्कतलाई मौन समर्थन दिन्थे, मानौं उनी अनभिज्ञ थिएनन्, उनको चाहना आफूले पूरा गर्ननसकेको आत्मग्लानि भने मुहारमा कहिलेकाहीँ स्पष्टै झल्किन्थ्यो ।

उनीहरूको सबैभन्दा ठुलो सफलता नै धर्म र समाजसेवाको आवरणमा सम्पत्ति सोहोर्नु थियो, सम्पत्ति जोड्नु थियो । ' अनाथ बालबालिकाको संरक्षण' र 'गौशाला निर्माण'को नाममा उनीहरूले देश-विदेशबाट करोडौँको चन्दा सङ्कलन गरिसकेका थिए तर त्यो पैसा न त कुनै अनाथले पाउँथे, न त गाईहरूका लागि नै खर्च हुन्थ्यो । त्यो पैसा देवी साधिका र पण्डित वासुदेवका व्यक्तिगत नाममा सहरका महँगा जग्गाहरू किन्न, आधुनिक गाडीहरू चढ्न र बैङ्क खाताहरू भर्नमा मात्र प्रयोग हुन्थ्यो । समाजसेवा केवल एउटा यस्तो जाल थियो जसमा सोझा भक्तहरू सजिलै फस्ने गर्थे र उनीहरूको अकुत सम्पत्ति दिन दुई गुणा, रात चौगुणा बढ्दै गइरहेको थियो ।

पाप र पाखण्डको आयु जतिसुकै लामो भए पनि त्यसको अन्त्य सधैँ दर्दनाक नै हुन्छ । त्यसरी नै जति जति धन बढ्दै गयो उनीहरूको अहङ्कारशैली परिवर्तन हुँदै गयो । पापको घडा भरिएपछि अवश्य फुट्छ । पछिल्लो समय नियुक्त भएका एकजना भर्खर बाइस पुगेका अङ्गरक्षक विवेक गाउँको एउटा सोझो तर स्वाभिमानी युवा थिए । उनलाई सुरुमा आश्रमको भित्री रूप थाहा थिएन तर जब देवी साधिकाले उनलाई आफ्नो भित्रीकोठामा बोलाएर आफ्नो जैविक चाहना पूरा गर्न दबाब दिइन् र अस्वीकार गरेमा 'बलात्कारको झुटो आरोपमा जेल हाल्ने' धम्की दिइन् तब विवेकले आश्रमको असलियत थाहा पाए । आफूले गर्नुपर्ने सेवा बुझे त्यसपछि छाँगाबाट खसेजस्तै भए ।

विवेकले देवी साधिकाको त्यो भैरवी रूप र धम्कीलाई सहेर बस्नुको साटो प्रतिवाद गर्ने निर्णय गरे तर त्यसका लागि उचित समय कुर्नुपर्ने थियो । उनले बुद्धिमतापूर्ण तरिकाले आफ्नो खल्तीमा भएको मोबाइलको भ्वाइस रेकर्डर अन गरेर देवी साधिकाले गरेका अश्लील मागहरू, पण्डित वासुदेवसँग मिलेर चन्दाको रकम व्यक्तिगत खातामा ट्रान्सफर गर्ने योजना बनाएका कुराकानीहरू र भित्री कोठामा भक्ष-अभक्ष खाँदै भक्तहरूलाई 'मूर्ख' भनेर हाँसेका अडियोहरू गोप्य रूपमा रेकर्ड गरे ।

आश्रममा एक दिन देशकै सबैभन्दा ठुलो 'स्वर्गको आकाङ्क्षा महायज्ञ' चलिरहेको थियो । यस महायज्ञमा अनेक मिडियाका पत्रकारहरू, टेलिभिजनका क्यामराहरू र हजारौँको सङ्ख्यामा भक्तजनहरूको उपस्थिति थियो । साधिका देवी मञ्चासिन भएर प्रवचन दिँदै थिइन्, "सांसारिक मोह, वासना र धन भनेको नर्कको बाटो हो जसले आफ्नो सम्पत्ति यो आश्रमलाई दान गर्छ उसले सिधै स्वर्गमा ठाउँ पाउँछ ।" दानमै सुखभोग छ । सम्पत्तिको प्रयोगका तीनबाटा छन् । अधिक उपयोग अर्थात् उपभोग, त्यसपछि सकेसम्म दान त्यसो पनि नगरे नष्ट अर्थात् नाश भएर जान्छ त्यसैले मोक्षका लागि पनि दान पक्कै महत्त्वपूर्ण छ ।

अवसरको खोजीमा रहेका विवेकले ठिक उचित मौका ठानेर ठिक त्यही वेला

कलेजका केही तन्नेरी साथीहरू र प्रहरीको टोली लिएर मञ्चमा प्रवेश गरे । विवेकले मुख्य साउन्ड सिस्टम र मञ्चको ठुलो डिजिटल स्क्रिनमा आफूले रेकर्ड गरेका अडियो र भित्रीकोठाका केही गोप्य तस्बिरहरू प्रदर्शन गरी बजाउन लगाइदिए । पूरा पाण्डालमा देवी साधिकाको त्यो कामुक र घमण्डी आबाज गुञ्जियो - "यी लाटा भक्तहरूलाई स्वर्गको डर देखाएर जति पनि पैसा लुट्न सकिन्छ। शास्त्रीजी ! यो हप्ताको चन्दा पनि हाम्रै नयाँ रिसोर्टको खातामा हाल्नुहोस्... अनि विवेक ! आज राति तिमी मेरो कोठामा आउनुपर्छ, नत्र तिम्रो हविगत राम्रो हुने छैन..."जस्ता निकै र धेरैजनासँग गरिएका अनैतिक संवादका आबाजहरू छरपस्ट रूपमा बजिरहे ।

क्षणभरमै हलमा पूरै सन्नाटा छायो । महायज्ञमा आएका भक्तहरूका हातबाट पूजाका थालीहरू एकाएक भुइँमा खस्नथाले । साधिका देवी र वासुदेव शास्त्रीको अनुहारको रङ फुङ्गै उड्यो । उनीहरूको सुन्दर रूप र चन्दनको टीकाको पछाडि लुकेको राक्षसी अवतार समाजको अगाडि पूर्ण रूपमा नाङ्गियो ।

घोर कलियुग सबैको मुखबाट यही आबाज निस्किरहेको थियो । उनीहरूको कर्तुतको भण्डाफोरले भक्तहरूको आक्रोशको सीमा रहेन । हिजो जसले जयजयकार मनाइरहेका थिए तिनै भक्तहरूले क्षणमै मञ्चमा घेरा हाले । प्रहरीले देवी साधिका र पण्डित वासुदेव शास्त्रीलाई आर्थिक ठगी, मानव शोषण र आपराधिक धम्कीको आरोपमा तत्कालै गिरफ्तार गऱ्यो र हतकडी लगायो । जुन बाटोबाट उनीहरू अरूलाई 'स्वर्ग' पठाउने दाबी गर्थे त्यही ठाउँबाट उनीहरू आफैं कानुनको नर्कतर्फ तत्काल प्रस्थान गरे ।

केही दिनमै उनीहरूले कमाएको अकुत सम्पत्ति पनि जफत गरियो र आश्रमलाई वास्तविक समाजसेवाको काममा लगाउन भक्तहरूकै अग्रसरमा सामाजिक समिति बन्यो । वास्तवमै धर्मका नाममा गरिएका क्रियाकलाप शुद्ध हुनुपर्छ, शास्त्रले पनि त्यही भन्दछ । ढोंग र आडम्बरको दुनियाँ लामो समय टिक्दैन, टिक्न सक्दैन । टोलटोलमा साधिका देवी र वासुदेवका कुरा काटिन्थे जसले सम्मान दिएका थिए तिनले घृणा गर्न कुनै समय लागेन ! कर्म असल भएन भने त्यसको फल पक्कै पनि खराब हुन्छ नै, कर्मको फल नभोगी सुखै छैन । अदालतले पनि अनैतिकता, भ्रष्ट र धर्मका नाममा गरिएको ठगी भन्दै फैसला सुनायो । बाहिरी रूपको सुन्दरता, मस्त जबानी र मुखको मिठो बोलीले मात्र कोही पवित्र हुँदैन भन्ने कुरा प्रमाणित भयो । धर्मको नाममा व्यापार गर्ने, सानालाई हेप्ने र आफ्नो व्यक्तिगत वासनाका लागि अरूको शोषण गर्ने 'द्वैध चरित्र' भएका पाखण्डीहरूको पतन यसै धर्तीमा निश्चित छ भन्ने नजिर बन्यो । स्वर्गको आकाङ्क्षा राख्नेहरूले पहिला आफ्नो मन र आचरणलाई सफा राख्नुपर्छ नत्र कर्मभोगको चक्रमा नपरी कहाँ सुख छ र...जेलभित्रै प्रवचनमा प्रायश्चित गरिरहेछन् साधक वासुदेव र साधिका देवी ! कर्मण्यवाधिकारस्ते महाफलेषु कदाचन...गलत सावित भएरै छोड्यो !

❑ कविता



❖ शिला पन्त

# आमा

आमा बाँचुन्जेल उहाँको माया बुझ्न सकिनँ
कहिले आफ्नै शब्दले उहाँको मन दुखाएँ
आमाका आँखामा लुकेको आँसु देखिन
आफ्नै व्यस्ततामा उहाँको मन पढ्न सकिनँ ।
आज आमा हुनुहुन्न घर उस्तै छ तर शून्य लाग्छ
उहाँले बोलाउने त्यो आबाज सम्झिँदा मुटु पोल्छ
हिजो पछि गर्छु भन्दै टारेका ती साना साना माया
आज सम्झिँदा आँसु बन्छन्
तर फर्केर आउँदैनन् ती दिनहरू !
आमा हुँदा एकपटक अँगालो हाल्न सकिनँ
मन दुखाउँदा माफ गर्नुहोस् भन्न पनि सकिनँ
आज हजारपटक आमा भनेर बोलाउँदा पनि
त्यो आबाज सुन्ने भाग्य मेरो रहेन !
आमा तपाईँलाई
बाँचुन्जेल जति कदर गर्नुपर्ने थियो गर्न सकिनँ
आज तपाईँको
तस्बिरमा फूल चढाएर के नै गर्न सक्छु र !
आमा हुँदा माया गर्ननसक्ने सन्तानको
पश्चातापभन्दा ठुलो पीडा अरू के होला र ?
तपाईँ गएपछि बुझेँ
आमा हुनु भनेको संसारकै
सबैभन्दा ठुलो आशीर्वाद रहेछ ।

*सिफल, काठमाडौँ ।*

❑ गजल



❖ लीलाराज दाहाल

ऊ चलायमान छ प्रचण्डजस्तै
काँचो र अज्ञान छ प्रचण्डजस्तै !

कहिले एउटा आउँछ कहिले अर्को
रित्तो तानातान छ प्रचण्डजस्तै !

आलु खाए पनि छ पेडाकै धाक
केवल फोस्रो सान छ प्रचण्डजस्तै !

एक मुक्का हान्यो दशपल्ट ढल्छ
छनलाई त ज्यान छ प्रचण्डजस्तै !

घरि मासु भन्छ घरि शाकाहारी
बोली बेठेगान छ प्रचण्डजस्तै !

स्वाद सकियो कि थुकिन्छ पर
चपाइएको पान छ प्रचण्डजस्तै !

*बागमती, सर्लाही ।*

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस् ।



❖ वासुदेव घिमिरे

# सहरमा हाहाकार

महोदय !
अझै डिपोको लाइनमै हुनुहुन्छ
ग्यासको सिलिन्डर रित्तिएर
यति धेरै चिन्तामा !
अलिकति वरिपरि हेर्नुस् न
यहाँ सिलिन्डरभन्दा धेरै
मान्छेहरू रित्तिएका छन् !

साहुको गोदाम रित्तियो भने
सरकारले 'कोटा' थप्ला
सिलिन्डर रित्तियो भने
कहिलेकाहीँ कालोबजारीले भरिदेला
तर महोदय !
मान्छेको मन रित्तियो भने
कुन मन्त्रालयले टेन्डर खोल्छ ?

यो सहर हो
यहाँ झुपडीमा गरिबीको हाहाकार छ
महलमा एक्लोपनको !
गरिबसँग चुलो छैन
धनीसँग फुर्सद छैन
र दुबैसँग
छिमेकीको दुःख सुन्ने समय छैन !

यहाँ सबै कुरा पाइन्छ
पैसा छ भने सपना
पैसा छैन भने सपना बेच्ने मान्छे
बिकाउ मुस्कान
भाडामा पाइने सम्बन्ध
आश्वासन त महोदय !
गल्ली गल्लीमा सरकारी सूचनाजस्तै
सित्तैँमा टाँसिएको छ !

बस्,
एउटा निःस्वार्थ साथ खोज्न ननिस्किनुस्
त्यसको मूल्यसूची
अझै प्रकाशित भएको छैन ।
चुलो नबलेर आत्तिनुभएको छ ?
किन आत्तिनुहुन्छ महोदय !
यहाँ मान्छेले मान्छेलाई जलाउने
ईर्ष्याको आगो
चौबिसै घण्टा आपूर्ति भइरहेको छ !

इन्धन सकिएर
चुलो निभ्नु क्षणिक सङ्कट हो
दया सकिएर
मान्छेभित्रको मान्छे निभ्नु चाहिँ
विश्वासको सङ्कट हो ।
सरकारले सिलिन्डरको
मूल्य बढाउन सक्छ
व्यापारीले कालोबजारी गर्नसक्छ
नेताले भाषणमा
समृद्धि भरिदिन सक्छ
तर रित्तिएको हृदयमा करुणा पोख्ने
कुनै डिपो अझै खुलेको छैन !

त्यसैले महोदय !
सिलिन्डरको लाइनमा उभिनुस्
तर कहिलेकाहीँ
आफ्नो आत्माको लाइन पनि हेर्नुस् ।
कतै त्यहाँ
'आफ्नोपन सकियो' भनेर
तपाईँको पालो त आइसकेको छैन ?
नत्र यो सहरले
पहिले तपाईँको करुणा रित्याउने छ
पछि तपाईँको संवेदना
अनि अन्त्यमा
तपाईँलाई नै रित्तो बनाएर
कुनै कुनामा थन्क्याइदिने छ ।



❖ पदम दाहाल

# भूस्वर्ग नेपाल

हिमाल स्वर्ण देखियो प्रभास भास पोखियो
अनाज हर्ष विन्दु छन् उमा उमेश भेटियो
अपार शृङ्खला अहो ! समस्त विश्व झुल्किने
मकालु अन्नपूर्ण छन् प्रमोद दृश्य झल्किने ॥१॥

उमङ्ग भर्छ बैंसझैं डुलेर दिव्य केसरी
मभित्र नै छ दिव्यता प्रसन्न हुन्छु बेसरी
गुराँस फुल्छ लेकमा मतुल्य को छ सुन्दर ?
मुसुक्क हाँस्छ देश यो सुरम्य अन्य को छ र ? ॥२॥
पहाडदेखि देवता तराई घुम्न झर्दछन्
शिला समस्त सूर्य औ महेश, विष्णु पूज्य छन्
नदी तलाउ पोखरी विशाल फाँट हर्दम
पुगूँ हिँडूँ जतातता सुरम्य लाग्छ दर्पण ॥३॥

मिलापको छ खैंजडी र श्रावणी छ तालमा
कतै कि धाननाच छन् र सोरठी बगालमा
लु मादलै र बाँसुरी धिमे धमार छन् कतै
मृदङ्गिया र मारुनी छ देउडा जताततै ॥४॥

उदार भाव भाष्यले कमाल राष्ट्र लाग्छ यो
खगोल मोल अस्मिता थपिन्छ एकता अहो !
समस्त व्याप्त मातृका सँगै छ धैर्य धारणा
मुहारचित्र चौदिशा भरून् कला सधैं यहाँ ! ॥५॥

*मादी, सङ्खुवासभा*
*हाल : लोकन्थली, भक्तपुर ।*



❖ डा. बमबहादुर थापा जिताली

# विसङ्गति

(छन्द : हारिणी)

उक्लूँ भन्दा हिमशिखरमा बाटो भिरालो भयो
ओर्लुँ भन्दा पनि सहरमा बाटो उकालो गयो
जाँदा-जाँदै शिखर नपुगी मेटिन्छ झैं तिर्सना
हिँड्दा-हिँड्दै प्रकृति-पथमा बाधा भरिन्छन् घना ।

मेरो यात्रा थकित नहुँदै मोडिन्छ बाटो तर
प्यारो नेटो प्रकट नहुँदै छोडिन्छ बाटो पर
खोज्नी माटो निकट पथमा डुक्रिन्छ साँढे बडा
छेकी बाटो विकट वनमा हुन्छन् बघेनी खडा ।

मान्छेलाई अलिकति कतै बाटो नराखीकन
भेडा-बोका जति अघि बढे, बाली विनाशीकन
चर्छन् बोका वन-चउरमा बाटो दिँदैनन् कुनै
भेडा-च्याङ्ग्रा जति मुलुकमा बढ्दै गए झन्झनै ।

दायाँ जाऊँ पनि त गतिलो भेटिन्न बाटो कुनै
बायाँ लागूँ पनि असजिलो बाटो भिरालो झनै
मेरो आस्था प्रतिदिन फुली वैलिन्छ झर्दिन्छझैं
लामो यात्रा सृजनपथको ठोकिन्छ, रोकिन्छझैं ।

यो माटामा रसिक कविले भाका फिराए कति
यै बाटामा पथिक जतिले गर्दै गए उन्नति
त्यस्तै यात्री, उचित पथ खै ? गिर्दो छ संवेदना
वर्षौं हिँड्दा पनि रहरिलो भेटिन्न सञ्चेतना ।

धर्ती रच्ने प्रथम कविको टाढा पऱ्यो टाकुरी
मौरीजस्तै भुनभुन गरी खोजूँ कहाँ माधुरी ?
मेरा आँखा भुवनभरमा खोज्छन् नयाँ सङ्गति
चोखो आस्था प्रबल नहुँदै देखिन्छ बेसङ्गति ।



❖ नर्मदेश्वरी सत्याल

# मेरो हिमाल

प्रकृतिको अनुपम विचित्राभित्र
हुर्किन पाउँदाको मजा बाँड्दै गर्दा
हिमाल, पहाड र तराई मिलेर
लालनपालनमा जुटेको देख्दा
हिमाल मुस्कुराउँदै थियो मेरो
हिमालको महक छरिएको देखेर
विश्व उत्साहित हुँदै थियो ।

साहित्यको ऊर्वर विषय बन्यो हिमाल
जोखिमको आशङ्का पोखिएन कवितामा
उँभो फर्किएर सगरमाथा चुम्दै
फेदीमा ढुक्कले घरबार बसाउँदै
सङ्घर्षमा रमाउँदै थियौँ हामी
हाम्रो शान र परिचयको विम्ब देखेर
लोभिन्थे अन्य मुलुकहरू पनि ।

अनायास छिमेकी ल्हेन्दी खोलाको
भदौरे हिमपहिरो
मेरो धर्तीमा बजारिएपछि
लेदो र गेग्रानसँगै बस्ती पुरिएको देखेर
लासैलास बगाउँदा ठाउँकुठाउँ
तरुलझैँ लास खोतलेको देखेर
सारा हिमाल काप्न थालेका छन्
पशुपन्छी र अन्नबाली
पावरहाउस र पुलपुलेसाहरू
सिनित्त उजाडिएको दृश्यले
नेपाली दिमाग चरचर भएपछि
विपना पनि सपनासरि भएको छ !

कठै ! मेरो सानो तर रानो देश
भोटखोलाको चाँदे भुँमरीमा पऱ्यो
बलवान् उद्धारक टोलीहरूलाई समेत
मेलो न मेसो बनायो
लास र सासको व्यवस्था गर्न
हम्मेहम्मे पारेर काबु बनायो ।
मानौँ
रिस फेरेसरि बौलाएर
पानीको मुस्लोसँगैको लेदो
बाँकी बस्तीभित्र फतत छिरिदिँदा
खपिनसक्नुको दृश्य देखियो
बाल मस्तिष्कसमेत उजाडियो
घाइते र बाँच्नेहरूलाई
पुनः जीवनचक्र घुमाउन
गुहार माग्दै हात थाप्नुपऱ्यो
प्राप्त राहत उपयोग गर्दै गर्दा
उत्पन्न परिस्थितिले
चेतनाद्वार खोल्नुपर्ने भयो ।

खोलागड्तिरका अन्य बस्तीहरू
वातावरण सन्तुलित बनाएर
पुर्ख्यौली विरासत
उजाडिएका पहाड सिँगार्न
एकमना भएर उभिनै पऱ्यो ।
मेरो हिमाल तातिन नदिन
विश्वसामु खबरदारी गर्नुपर्ने भयो
एकसाथ बुलन्द आबाज
सन्तुलित विकास हुन्न विनाश ।

❑ समालोचना

# रामगणि ढुङ्गेलका एकाङ्कीहरूको प्रवृत्तिगत विशेषता र नाट्यचेतना



❖ प्रा. डा. हेमनाथ पौडेल

**१. विषयप्रवेश**

राममणि ढुङ्गेल समकालीन नेपाली साहित्यका बहुआयामिक व्यक्तित्व हुन् । सृजना, सम्पादन, अभिनय, साहित्यिक अभियान तथा संस्थागत नेतृत्वका क्षेत्रमा उनी स्थापित छन् । उनको साहित्यिक यात्रा नेपाली समाज, संस्कृति र मानवीय जीवनका विविध पक्षसँग गहिरो रूपमा सम्बन्धित छ । कथा, कविता, हाइकु, मुक्तक र एकाङ्की नाटकको सृजना, साहित्यिक पत्रपत्रिकाको सम्पादन तथा विभिन्न साहित्यिक संस्थामा उनले गरेको नेतृत्वदायी भूमिका, साहित्यिक कार्यक्रमहरूको आयोजना तथा सहभागिता, अभिनय र सामाजिक सेवाका क्षेत्रमा देखाएको सक्रियता यी सबै पक्षले ढुङ्गेलको व्यक्तित्वलाई नेपाली साहित्यिक-सांस्कृतिक परिदृश्यमा अर्थपूर्ण बनाएका छन् ।

ढुङ्गेलको २०८२ सालमा 'चमत्कृति' एकाङ्कीसङ्ग्रह प्रकाशित भएको छ । यो उनको नाट्यसाहित्यिक व्यक्तित्वको प्रतिनिधि कृति हो । २०४१ सालमा 'मिर्मिरे' पत्रिकामा प्रकाशित 'जागिरेको मर्यादा' एकाङ्की लिएर सर्वप्रथम यस क्षेत्रमा देखापरेका र २०५३ सालमा सहलेखनमा 'सडक सीमा' नाटक प्रकाशित गरेका डुङ्गेलको यो चाहिँ एकल सङ्ग्रह हो । यसमा ११ ओटा सामाजिक एकाङ्की सङ्गृहीत छन् । यो उनको नाट्यचेतना, सामाजिक दृष्टि र जीवनप्रतिको सूक्ष्म अवलोकनको परिचायक कृति हो ।

**२. 'चमत्कृति' एकाङ्कीसङ्ग्रहका एकाङ्कीहरूको प्रवृत्तिगत अध्ययन**

राममणि ढुङ्गेलका नाट्यरचनामा समकालीन सामाजिक जीवनका अन्तर्विरोध, मानवीय संवेदना, पारिवारिक सम्बन्ध, बदलिँदो सामाजिक परिवेश तथा मानिसका मनोवैज्ञानिक अवस्थालाई प्रगतिशील चेतनाका साथ प्रस्तुत गरिएको छ । उनका नाट्यकृतिहरू केवल मनोरञ्जनात्मक सिर्जनाका रूपमा नभई सामाजिक यथार्थको कलात्मक अभिव्यक्तिका रूपमा आएका छन् । यसै सन्दर्भमा उनको एकाङ्कीसङ्ग्रह ' चमत्कृति' नेपाली समाजका विविध यथार्थ, मानवीय संवेदना, सामाजिक अन्तर्विरोध, सांस्कृतिक विसङ्गति तथा परिवर्तनमुखी चेतनालाई केन्द्रमा राखेर लेखिएको महत्त्वपूर्ण प्रगतिशील कृतिका रूपमा देखापरेको छ । यस सङ्ग्रहमा सङ्कलित एकाङ्कीहरू विषयवस्तुका दृष्टिले विविध भए पनि तिनलाई एकसूत्रमा बाँध्ने आधार समाजप्रतिको गहिरो सरोकार, मानवीय मूल्यप्रतिको प्रतिबद्धता तथा रूपान्तरणकारी प्रगतिशील दृष्टिकोण हो । नाटककारले आफ्ना

रचनामा समाजका सतहमा देखिने घटनालाई मात्र चित्रण गरेका छैनन्, ती घटनाका पछाडि क्रियाशील सामाजिक संरचना, मानसिकता, मूल्यसङ्कट तथा वर्गीय सम्बन्धको पनि विश्लेषण गरेका छन् । यस दृष्टिले ' चमत्कृति' केवल नाटकीय मनोरञ्जनको नाट्यसङ्ग्रह नभई सामाजिक चेतना र वैचारिक हस्तक्षेपको सशक्त अभिव्यक्ति बनेर देखापरेको छ। यस सङ्ग्रहमा विसर्जन, मर्यादा, अन्तर्य, सिमाना, गोरेटो, महोत्साह, निर्मलीकरण, आशा, मुक्ति, समाजवाद र चमत्कृति गरी ११ ओटा एकाङ्की समेटिएका छन् । यहाँ यी एकाङ्कीहरूको प्रवृत्तिगत विशेषताका आधारमा सङ्क्षिप्त अध्ययन प्रस्तुत गरिएको छ।

**(क) सामाजिक यथार्थको कलात्मक उद्घाटन**

'चमत्कृति'का एकाङ्कीहरूको पहिलो र सबैभन्दा प्रमुख विशेषता सामाजिक यथार्थको सशक्त प्रस्तुति हो । ढुङ्गेलका एकाङ्की नाटकहरू जीवनबाट टाढा छैनन्, तिनको आधार नेपाली समाजका वास्तविक अनुभव, समस्या र अन्तर्विरोध हुन्। वैदेशिक रोजगारीको मोह, वृद्धावस्थाको उपेक्षा, जातीय विभेद, लैङ्गिक असमानता, अन्धविश्वास, सामाजिक कुरीति तथा नैतिक मूल्यको क्षयजस्ता विषयहरू सङ्ग्रहका विभिन्न एकाङ्कीहरूमा आएका छन् । नाटककारले यी समस्यालाई सतही रूपमा चित्रण गरेका छैनन्, तिनको मानवीय तथा सामाजिक प्रभावलाई समेत गहिराइमा पुगेर केलाएका छन् । यस क्रममा उनको ' विसर्जन' एकाङ्कीले वैदेशिक रोजगारीसँग जोडिएको नेपाली समाजको पीडादायी यथार्थलाई उद्घाटित गरेको छ। विदेशलाई समृद्धिको सपना ठान्ने समाजको मानसिकता, दलालहरूको जालो, श्रमिकको असुरक्षित अवस्था तथा परिवारले भोग्नुपरेको मानसिक यातना यसमा अभिव्यक्त छ । त्यसैगरी ' मर्यादा' एकाङ्कीले वृद्धावस्थामा आफ्नै सन्तानबाट उपेक्षित हुनुपर्ने अवस्थालाई चित्रण गरेर आधुनिक समाजमा कमजोर बन्दै गएको पारिवारिक उत्तरदायित्वमाथि प्रश्न उठाएको छ । यस्ता एकाङ्कीहरूले नेपाली समाजका विविध समस्यालाई कलात्मक रूपमा अभिव्यक्त गर्दै सामाजिक यथार्थवादको सशक्त उदाहरण प्रस्तुत गरेका छन्।

ढुङ्गेलको यथार्थबोध निराशावादी छैन। उनी समाजका विकृतिहरू देखाउँछन् तर तिनलाई अपरिवर्तनीय नियति मान्दैनन् त्यसैले उनका नाटकहरू केवल यथार्थको प्रतिविम्ब होइनन्, यथार्थमाथिको आलोचनात्मक दृष्टि पनि हुन्।

**(ख) गहिरो मानवीय संवेदना र करुणा**

ढुङ्गेलका एकाङ्कीहरूको अर्को महत्त्वपूर्ण विशेषता गहिरो मानवीय संवेदना र करुणा हो । उनका पात्रहरू विचारका कठपुतली छैनन्, जीवनका वास्तविक पीडा, सङ्घर्ष, आशा, ममता र सम्बन्धले बनेका मानिस हुन्। यही कारण उनका नाटकहरूमा भावनात्मक प्रभाव अत्यन्त सशक्त देखिन्छ । उनको 'विसर्जन' एकाङ्कीमा विदेशबाट फर्किने आशामा बसेकी पत्नीले अन्ततः शव प्राप्त गर्ने स्थिति केवल एउटा परिवारको कथा होइन, हजारौं नेपाली परिवारको साझा पीडा हो । 'मर्यादा'मा आमाको ममता र सन्तानको उपेक्षाबिचको द्वन्द्वले करुणाको तीव्र अनुभूति गराउँछ ।

'गोरेटो'मा प्राकृतिक विपत्तिका बिच जातीय विभाजनभन्दा मानवीय सम्बन्ध ठुलो हुन्छ भन्ने देखाइएको छ । यस्ता प्रसङ्गहरूले लेखकको मानवतावादी दृष्टिकोणलाई स्पष्ट पारेका छन् । उनका नाटकहरूमा करुणा भावुकताका लागि प्रयोग गरिएको छैन, सामाजिक चेतना जगाउने माध्यम बनेको छ। पात्रहरूको दुःख निजी घटना मात्र रहँदैन, त्यसले पाठक वा दर्शकलाई समाजप्रतिको जिम्मेवारीबोधतर्फ उन्मुख गराउँछ । यही कारण उनका एकाङ्कीहरू संवेदनशील मात्र नभई सामाजिक रूपमा अर्थपूर्ण पनि बनेका छन् ।

### (ग) प्रगतिशील चेतना र सामाजिक रूपान्तरणको आग्रह

राममणि ढुङ्गेल मूलतः प्रगतिशील जीवनदृष्टिका साहित्यकार हुन् । उनका नाटकहरूमा यथास्थितिको स्वीकार छैन, परिवर्तनको आकाङ्क्षा छ । समाजमा विद्यमान अन्याय, विभेद, शोषण तथा कुसंस्कारको आलोचना गर्दै उनले वैकल्पिक मानवीय मूल्यहरूको स्थापना गर्न खोजेका छन् । 'महोत्साह'मा छाउपडी प्रथाका कारण महिलामाथि थोपरिएको अन्धविश्वासको विरोध गरिएको छ । नाटककारले यहाँ छाउपडीलाई धार्मिक वा सांस्कृतिक परम्परा भनेर स्वीकार गरेका छैनन्, यसलाई मानवअधिकारविरोधी र अवैज्ञानिक प्रथाका रूपमा चित्रण गरेका छन्। त्यसैगरी 'गोरेटो'मा जातीय विभाजनमाथि प्रश्न उठाउँदै समानता र सहअस्तित्वका पक्षमा आबाज उठाइएको छ । 'मर्यादा'मा वृद्धप्रतिको सम्मानलाई मानवीय सभ्यताका आधारका रूपमा प्रस्तुत गरिएको छ।

ढुङ्गेलको प्रगतिशीलता नारामुखी नभएर जीवनमुखी छ । उनका पात्रहरू परिवर्तनको सम्भावना बोकेका पात्र हुन् । उनीहरू अन्यायको सिकार भए पनि प्रतिरोध गर्न, सोच्न र परिवर्तन खोज्न सक्षम छन्। यही कारण उनका नाटकहरूमा आशावादी ऊर्जा पाइन्छ । नाटककारका दृष्टिमा समाजका समस्या समाधान हुननसक्ने नियति होइनन्, मानवीय चेतना र सामूहिक प्रयासबाट तिनको रूपान्तरण सम्भव छ।

### (घ) वर्गीय दृष्टि र शोषणविरोधी स्वर

'चमत्कृति' एकाङ्कीसङ्ग्रहको एउटा उल्लेखनीय पक्ष यसको वर्गीय चेतना हो। नाटककारले समाजलाई केवल व्यक्तिको नैतिक असफलताबाट बनेको संरचना मानेका छैनन्, आर्थिक, सामाजिक र शक्तिसम्बन्धका आधारमा निर्मित संरचनाका रूपमा बुझेका छन् । त्यसैले उनका नाटकहरूमा शोषित, सीमान्तकृत र उपेक्षित वर्गका पात्रहरू बारम्बार देखापर्छन् । उनको 'अन्तर्य' एकाङ्कीमा गरिबी, सामाजिक बहिष्करण र राज्यसत्ताको पूर्वाग्रही व्यवहारलाई आलोचनात्मक दृष्टिले प्रस्तुत गरिएको छ । समाजले अपराधी ठहर गरेका पात्रहरू वास्तवमा अन्यायपूर्ण संरचनाका उत्पादन हुन् भन्ने दृष्टिकोण यहाँ देखिन्छ। 'विसर्जन'मा वैदेशिक रोजगारीको बाध्यता आर्थिक संरचनासँग गाँसिएको छ । श्रम बेच्न विदेसिनुपर्ने अवस्था व्यक्तिगत कमजोरी होइन, अवसरविहीन सामाजिक व्यवस्थाको परिणामका रूपमा चित्रण गरिएको छ । त्यसैगरी 'गोरेटो'मा जातीय विभेदसँगै वर्गीय विभाजनको प्रश्न पनि अन्तर्निहित छ । विपत्तिले मानिसलाई सामाजिक हैसियतभन्दा माथि उठाएर साझा

मानवीय धरातलमा ल्याउँछ। यसरी ढुङ्गेलका नाटकहरूमा वर्गीय असमानता, शक्तिसन्तुलन र सामाजिक न्यायका प्रश्नहरू स्पष्ट रूपमा उपस्थित छन्। यही पक्षले उनलाई प्रगतिशील तथा जनपक्षीय नाटककारका रूपमा स्थापित गरेको छ।

### (ङ) **नारीचेतना र लैङ्गिक समानताको विमर्श**

'चमत्कृति' सङ्ग्रहका एकाङ्कीहरूमा नारीसम्बन्धी प्रश्न पनि महत्त्वपूर्ण रूपमा उठाइएको छ । महिलालाई केवल सहानुभूतिको पात्रका रूपमा प्रस्तुत नगरीकन चेतनशील, सङ्घर्षशील र अधिकारसचेत व्यक्तित्वका रूपमा चित्रण गरिएको छ । यस सङ्ग्रहको 'अन्तर्य'मा महिलाको स्वतन्त्र अस्तित्व, सामाजिक मूल्याङ्कन र पितृसत्तात्मक संरचनाविरुद्धको प्रश्न उठाइएको छ । समाजले महिलालाई कसरी परिभाषित गर्छ र उसको आबाजलाई कसरी दबाउँछ भन्ने विषयलाई नाटककारले यहाँ गम्भीर रूपमा उठाएका छन् । ' महोत्साह'मा महिलाको शरीरमाथि समाजले निर्माण गरेको अन्धविश्वासी नियन्त्रणको आलोचना गरिएको छ।

ढुङ्गेलको नारीचेतना केवल अधिकारको भाषणमा सीमित छैन। उनले महिलामाथि हुने संरचनात्मक विभेद, सामाजिक बहिष्करण र सांस्कृतिक नियन्त्रणका विभिन्न रूपलाई नाटकीय घटनामार्फत उजागर गरेका छन्। यसले उनका नाटकहरूलाई समकालीन लैङ्गिक विमर्शसँग जोड्ने काम गरेको छ।

### (च) **जातीय विभेदको विरोध र समतामूलक समाजको आकाङ्क्षा**

जातीय विभेद नेपाली समाजको गम्भीर समस्या हो । ढुङ्गेलले यस प्रश्नलाई पनि आफ्ना नाटकमा उठाएका छन् । विशेषतः ' गोरेटो' एकाङ्की यस दृष्टिले उल्लेखनीय रचना हो। यहाँ प्राकृतिक विपत्तिका पृष्ठभूमिमा विकसित कथाले जातीय श्रेष्ठताको भ्रमलाई भत्काउँदै मानवीय समानताको मूल्य स्थापित गरेको छ । नाटककार ढुङ्गेलका दृष्टिमा जातीय विभेद प्रकृतिले बनाएको होइन, समाजले निर्माण गरेको कृत्रिम संरचना हो । मानिसलाई मानिससँग विभाजित गर्ने यस्ता संरचनाहरू मानवताविरोधी हुन् । त्यसैले उनका नाटकहरूले जातीय विभेदको मात्र आलोचना गरेका छैनन्, समानता, सहअस्तित्व र पारस्परिक सम्मानको मानवीय मूल्यलाई पनि स्थापित गरेका छन्।

### (छ) **प्रतीकात्मकता, वैचारिकता र दार्शनिक चेतना**

यद्यपि 'चमत्कृति' सङ्ग्रहका अधिकांश एकाङ्की यथार्थवादी छन् तापनि कतिपय रचनामा प्रतीकात्मकता र दार्शनिक प्रवृत्ति पनि पाइन्छ । 'सिमाना' एकाङ्की यसको उत्कृष्ट उदाहरण हो । यसमा पात्र र घटनाभन्दा बढी विचार र प्रतीकले अर्थ निर्माण गरेका छन्। यहाँ 'सिमाना' भूगोलको सीमा मात्र होइन, मानिसले निर्माण गरेका मानसिक, सामाजिक र वैचारिक सीमाहरूको प्रतीक बनेको छ। बुद्ध, परेवा, गाई आदि प्रतीकात्मक पात्रमार्फत लेखकले आधुनिक सभ्यता, हिंसा, विभाजन, ज्ञान, नैतिकता र मानव अस्तित्वका प्रश्नमाथि विचार गरेका छन्। यसले नाटकलाई तत्कालीन सामाजिक यथार्थभन्दा माथि उठाएर दार्शनिक गहिराइ प्रदान गरेको छ। यस प्रकारको वैचारिकता ढुङ्गेलको नाट्यदृष्टिको अर्को महत्त्वपूर्ण

आयाम हो । उनी केवल घटनाको मात्र प्रस्तुति गर्दैनन्, घटनाभित्र लुकेको अर्थ पनि खोज्छन् ।

**(ज) चरित्रचित्रण, संवादकला र नाटकीय संरचना**

राममणि ढुङ्गेलका नाटकहरूमा पात्रहरूको सङ्ख्या धेरै छैन तर तिनीहरू प्रभावशाली छन् । प्रत्येक पात्र आफ्नो सामाजिक परिवेश, मनोविज्ञान र जीवनानुभवका कारण विश्वसनीय बनेका छन्। 'विसर्जन'की प्रतीक्षा, 'मर्यादा'की अम्बा, गोरेटोका मनोहर र सुकुली तथा विद्रोही महिला पात्रहरू आदि स्मरणीय चरित्रका रूपमा देखापरेका छन् ।

संवाद उनका नाटकहरूको प्रमुख शक्ति हो । संवादहरू पात्रअनुकूल, स्वाभाविक र अर्थगर्भी छन् । कतै भावनात्मक, कतै व्यङ्ग्यात्मक, कतै वैचारिक र कतै प्रतिरोधात्मक स्वरमा संवादको प्रयोग गरिएको छ। विशेषतः 'अन्तर्य' र 'सिमाना'मा संवाद विचारविमर्शको माध्यम बनेका छन् भने 'विसर्जन' र 'मर्यादा'मा संवादले भावनात्मक प्रभाव सिर्जना गरेका छन् । नाटकीय संरचनाका दृष्टिले पनि एकाङ्कीहरू सघन र मञ्चीय छन् । सीमित पात्र, सीमित स्थान र केन्द्रित द्वन्द्वका कारण अधिकांश एकाङ्कीहरू प्रभावकारी रूपमा अघि बढेका छन् ।

**(झ) भाषाशैली र अभिव्यक्तिगत विशेषता**

ढुङ्गेलका एकाङ्कीको भाषा सरल, सहज र सम्प्रेषणीय छ । पात्रको सामाजिक स्तर र परिवेशअनुसार भाषाको प्रयोग गरिएको छ । भाषामा कृत्रिमता छैन, जीवनसँग जोडिएको स्वाभाविक प्रवाह छ । आवश्यक ठाउँमा व्यङ्ग्य, प्रतीक, भावुकता र वैचारिक गहनताको प्रयोग गरिएको भए पनि भाषा बोझिलो बनेको छैन । उनको शैलीमा यथार्थवाद, प्रतीकवाद, सामाजिक आलोचना र मानवीय संवेदनाको सन्तुलित संयोजन पाइन्छ। यही कारण उनका नाटकहरू सामान्य पाठकदेखि गम्भीर अध्येतासम्मका लागि समान रूपमा पठनीय र विचारणीय बनेका छन् ।

**३. निष्कर्ष**

राममणि ढुङ्गेलको 'चमत्कृति' एकाङ्कीसङ्ग्रह समकालीन नेपाली समाजका बहुआयामिक यथार्थ, मानवीय संवेदना, सामाजिक अन्तर्विरोध, वर्गीय असमानता, नारीमुक्ति, जातीय समता तथा परिवर्तनमुखी चेतनाको सशक्त नाट्य अभिव्यक्ति हो । ढुङ्गेलले समाजका समस्याहरूलाई केवल वर्णन गरेका छैनन्, तिनको वैचारिक विश्लेषण गर्दै मानवीय र प्रगतिशील मूल्यहरूको सम्प्रेषण गरेका छन् । उनका एकाङ्कीहरूमा यथार्थवाद, मानवतावाद र प्रगतिशील दृष्टिकोणको सन्तुलित समन्वय पाइन्छ । सामाजिक सरोकार, वर्गीय चेतना, नारीवादी संवेदना, प्रतीकात्मक गहिराइ तथा प्रभावकारी नाटकीय संरचनाका कारण 'चमत्कृति' एकाङ्कीसङ्ग्रह नेपाली एकाङ्की साहित्यको उल्लेखनीय कृतिका रूपमा स्थापित भएको छ । यस सङ्ग्रहले साहित्य केवल मनोरञ्जनको माध्यम नभई सामाजिक आत्मचिन्तन, चेतना विस्तार र रूपान्तरणको सांस्कृतिक साधन पनि हो भन्ने तथ्यलाई प्रभावकारी रूपमा प्रमाणित गरेको छ ।



❖ डा. गोविन्दप्रसाद आचार्य

# विकसित स्याल !

मुर्रा हुन् कि जर्सी हुन् विकसित स्याल हुन्
दुध, मासुलाई नहुने विकसित स्याल हुन्
मान्छेजस्तै आरामले सहरमा बस्या छन्
छुचो मुखले बोलेर सञ्चारमा कराउँछन् ।

विकासले स्याललाई मान्छेजस्तै बनायो
आश्चर्य त स्यालले सहरमा घर बनायो
जिउडाल मान्छेको लुगा पनि मान्छेको
एउटा पर्‍यो पुरानो छुचो मुख स्यालको ।

किन होला मान्छेले स्याल विकसित गरेको
विकसित स्यालले भ्रष्टाचार गरेको
बाठो स्यालका कथाहरू सुन्ने भन्ने गरेको
चकित पार्‍यो बाठो स्यालले भ्रष्टाचार गरेको ।

बाठो स्यालको चलाखी सुकुम्बासी जग्गामा
भ्रष्टाचारको धनको थुप्रो बालुवाटारको जग्गामा
घामपानीमा ओत लागेको पाटीमाथि प्रहार
देश चोरेर खाको बानी स्यालको विचार !

स्याल असफल हुनै हुन्न कुखुरा चोर्ने बानी छ
मै हुँ भन्ने तुजुक उसको हुइयाँ गर्ने बानी छ
विकसित स्याललाई हेर अरबपति बन्या छ
अरबपति स्यालले घोर्ले बैंश झिक्या छ ।

नगर्नु भूल भयो मान्छे स्याल बिकसित गरेर
मान्छेलाई नै नटेर्ने भो अरबपति बनेर
नीतिनियम मान्दैन धैर्य गर्न जान्दैन
विकसित स्यालमा पुरानो गुण गएन ।

कुखुरा चोर्ने बानीले अरबपति बनायो
स्याल विकसित भयो तर चोर्ने बानी बनायो
अरबपति स्यालले बनाउँछ कि बिगार्छ
धैर्य गर्न जान्दैन बाठो बन्छ फुइँ गर्छ ।

विकसित स्याललाई अरबपति अवसर
पाटी बन्ला पौवा बन्ला स्यालको आशा नगर
रन्थनाहट छुटेर रन्थनाउनुपरेको
खाने बानी नशा लाग्यो र त गनगन गरेको ।

टुप्पोमाथि बसेर फेद काटेको सुन्न पाऊँ
उम्लिएको घिउ तर पोखिएको सुन्न पाऊँ
बाठो स्यालले आफ्नै जिउमा आगो झोस्ला नराम्रो
ठाउँमा खुट्टा टेकेको छ सुन्न पाए झन् राम्रो ।

अडानको बाघले घाँस भोकमा खाँदो रैनछ
अनुशासन नमान्ने स्याल ढुन्मुनाई ढल्ने छ
आरोपका आराले रोप्ने कलालाई स्यालले
आफ्नै छाती ताकेर हान्ला गोली स्यालले ।

# प्रगतिवादी कोणबाट 'घैँटीको मूल्य' कथासङ्ग्रहको विश्लेषण



❖ रामप्रसाद पौडेल

## १. पृष्ठभूमि

नारायण मरासिनी प्रगतिवादी कथाकारका रूपमा परिचित छन् । उनका हालसम्म एक गीतसङ्ग्रह, एक मुक्तकसङ्ग्रह, एक खण्डकाव्य र एक कवितासङ्ग्रहका अतिरिक्त तीनवटा कथासङ्ग्रह प्रकाशित छन् । वर्तमानमा नेपाली साहित्यअन्तर्गत प्रगतिवादी कथाको फाँट निकै हराभरा हुँदै गएको छ। नेपाली कथाको इतिहासमा वर्गीय चेतना, सामाजिक यथार्थ र उत्पीडित वर्गको पक्षधरता बोकेका सिर्जनाहरूको महत्त्व विशेष किसिमको रहेको छ। यसै परिप्रेक्ष्यमा यिनै प्रवृत्तिलाई आत्मसात् गर्दै मरासिनीको 'घैँटीको मूल्य' कथासङ्ग्रह (२०८१) प्रकाशित छ । यसमा चौधवटा कथा सङ्कलित छन् । यो नेपाली समाजको वर्गीय संरचना, सामन्ती अवशेष, नवऔपनिवेशिक पुँजीवादी प्रभाव र दलीय विचलनको जीवन्त चित्रण गर्ने एक उत्कृष्ट प्रगतिवादी चेतयुक्त कथाहरूको सङ्ग्रह हो । यस सङ्ग्रहले वर्तमान नेपाली समाजमा विद्यमान वर्गीय द्वन्द्व, साधन-स्रोतमाथिको दलालीकरण, लैङ्गिक उत्पीडन र जातप्रथाको वर्गीय रूपलाई कलात्मक तरिकाले उदाङ्गो पारेको छ । यस समीक्षामा प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूलाई प्रगतिवादी, भौतिकवादी र समाजवादी यथार्थवादी कोणबाट विभिन्न उपशीर्षकहरूअन्तर्गत विश्लेषणको प्रयत्न गरिएको छ :

## २. प्रगतिवादी सिद्धान्तको कसीमा 'घैँटीको मूल्य'

प्रगतिवादी साहित्यको उद्देश्य केवल समाजको विकृतिको चित्रण गर्नु मात्र होइन, यस किसिमको साहित्यले त विकृतिको जडका रूपमा रहेको उत्पादन सम्बन्ध र वर्गीय शोषणलाई उदाङ्गो पार्दै वर्गविहीन समाजको वकालत गर्दछ । 'घैँटीको मूल्य' सङ्ग्रहका कथाहरूले नेपाली समाजको सामन्ती समाजबाट पुँजीवादी ढर्रातर्फ भइरहेको सङ्क्रमणकालीन अवस्थाको आलोचनात्मक चित्र उतारेका छन् । मार्क्सवादी दर्शनको द्वन्द्वात्मक भौतिकवादले व्याख्या गरेझैँ यस कथासङ्ग्रहका पात्रहरू अलौकिक शक्ति वा भाग्यका भर परेका छैनन् । यहाँका पात्रहरू त ठोस सामाजिक-आर्थिक परिस्थिति, वर्गीय सम्बन्ध र राज्यसत्ताको उत्पीडनका बिच सङ्घर्षरत देखिएका छन् ।

## ३. वर्गीय द्वन्द्व, भूमिहीनता र सामन्ती शोषणको यथार्थ : 'खोरियाकी आमै'

प्रस्तुत सङ्ग्रहमा सङ्कलित 'खोरियाकी

आमै' कथाले नेपाली ग्रामीण समाजमा विद्यमान सामन्ती भूस्वामित्व र श्रमशोषणको चरम रूपलाई प्रस्तुत गरेको छ । कथामा मनबहादुर भुजेल (खोरिया दाइ) र उनको परिवारले भोग्नुपरेको उत्पीडन प्रगतिवादी दृष्टिकोणबाट वर्गीय शोषणको ज्वलन्त उदाहरण हो । भूमिहीन खोरिया दाइलाई कथित कुलघरानाका बाहुनहरूले एउटा झुप्रो बनाएर बस्न र खेतीपाती गर्नका लागि भिरपाखो वा खोरिया सुम्पिएका छन् । खोरियाको माटो मलिलो छैन, गेग्र्यान ढुङ्गाहरू छन्, ऊर्वरता न्यून छ । उक्त पाखामा बाँदर र अन्य जङ्गली जनावरहरुले पनि सताउने गर्छन् । यो भनेको सामन्ती जमिनदार हरूले सर्वहारा वर्गलाई आफ्नो श्रमशक्ति निचोर्नका लागि मात्र साधनका रूपमा प्रयोग गर्ने रणनीतिको प्रतिविम्ब हो ।

खोरिया दाइले तीन-चार जना सामन्तहरूको घरमा हलो जोत्ने हलियाका रूपमा काम गरेका छन् । एउटा घरमा वर्षभरि हलो जोतेबापत उनले वार्षिक एक मुरी कोदो मजुरी पाउँछन् । उनले दशौँदी ब्याजदरमा लिएको तीन सय रुपैयाँको ऋण चुक्ता गर्न वर्षौँसम्म बँधुवा श्रमिकका रूपमा काम गर्नुपर्छ । यो प्रगतिवादी सिद्धान्तले व्याख्या गर्ने अतिरिक्त मूल्यको सिद्धान्त र श्रमको अमानवीय शोषणको प्रत्यक्ष रूप हो । निरन्तरको कडा श्रम र गरिबीका कारण खोरिया दाइ बिरामी परेका छन् र डाक्टरको अनुहार नै नदेखी ओखतीमूलोको अभावमा हाड र छाला मात्र भएर मरेका छन् । यो मृत्यु केवल शारीरिक कमजोरीको उपज होइन, पुँजीवादी स्वास्थ्य संरचनाले निम्न वर्गलाई गर्ने अमानवीय बहिष्करणको सामाजिक हत्या हो भन्ने कथाको आशय रहेको छ ।

खोरिया दाइको मृत्युपछि उनका सन्तान भारततिर भासिएर र हराएका छन् । खोरियाकी आमैले जीवन धान्नका लागि पटक पटक अन्य पुरुषको आश्रय लिनुपर्ने बाध्यता छ । अन्ततः खोरियाकी आमैका लागि पोखराको गल्लीमा मकै पोलेर गुजारा गर्नुपर्ने र वृद्धभत्ताको सहारामा बाँच्नुपर्ने दुःखद अवस्था आइलागेको छ । यसले सामन्ती शोषणबाट विस्थापित भएको ग्रामीण सर्वहारा वर्ग कसरी सहरी सर्वहारा वर्गमा रूपान्तरित भएर कष्टकर जीवन बिताउन बाध्य हुन्छ भन्ने तथ्यलाई स्पष्ट पारेको छ ।

**४. जातीय विभेद र वर्गीय उत्पीडन : 'गैरेली कोसे'**

मार्क्सवादी सौन्दर्यशास्त्रले जातप्रथालाई सामन्ती उत्पादन सम्बन्धको एक रूप मान्दछ, जसले श्रमको विभाजन मात्र गर्दैन, श्रमिकहरूको अमानवीय श्रेणीकरण गर्दछ । 'गैरेली कोसे' कथामा जातीय उत्पीडन र वर्गीय दमनको यही अन्तरसम्बन्धलाई विश्लेषण गरिएको छ । सामन्ती समाजले अनावश्यक निहुँ झिकेर आफ्नै दाजुभाइलाई पनि सामाजिक वहिष्कार गरेको हुन्छ । यस्तो समाजले असहाय, कमजोर एवम् विधवा महिलामाथि अमानवीय व्यवहारका साथ चरम दमन गरेको हुन्छ । कोसेकी आमा 'राँइदाल्नी' सानैमा विधवा भएकी महिला हुन् । उनलाई सामन्ती समाजले 'अलच्छिनी' र 'बोक्सी'जस्ता लाञ्छना लगाएर उत्पीडन गरेको छ । उनले आफ्नो अस्मिता जोगाउन र छोरो हुर्काउन गरेको सङ्घर्ष असाध्यै कष्टकर छ ।

यस कथामा अन्तरजातीय विवाहको सन्दर्भ छ। सामन्ती अहङ्कारको प्रतिशोधका कारण निम्न वर्ग कसरी घर छोड्न बाध्य हुन्छ भन्ने यथार्थलाई कथामा प्रस्तुत गरिएको छ । कोसे (कोषराज उपाध्याय)ले दलित समुदायकी मङ्गली दमिनीसँग प्रेम विवाह गरेको छ । यो विवाह सामन्ती जातीय सर्वोच्चताको अहङ्कारमाथि सर्वहारा वर्गको सांस्कृतिक विद्रोह थियो तर गाउँका सामन्ती बाहुनहरूले कोसेको यस विद्रोहलाई सहन सकेका छैनन् । वर्गीय र जातीय अहङ्कारले दृष्टिविहीन बनेका सामन्तहरूले मध्यरातमा कोसेको घरमा आगो लगाइदिएका छन् । यस आपराधिक कृत्यका कारण गर्भवती मङ्गलीको अकालमै मृत्यु भएको छ । यो प्रगतिवादी कोणबाट सामन्ती सत्ताले दलित र उत्पीडित वर्गको मुक्ति र आत्मनिर्णयको अधिकारमाथि गरेको क्रूरतम प्रहार हो ।

सर्वहारा वर्ग बेसहारा हुनु दुःखद हो । गाउँका सम्पूर्ण दलित, श्रमिक तथा मजदुरहरू सङ्गठित रूपमा उठ्न नसक्नु कमजोरी हो । न्याय दिने राज्य र पुलिस प्रशासन सामन्तहरूकै गोजीमा हुनु तथा दलित र विपन्न वर्ग न्यायका लागि आबाज उठाउन नसक्नेगरी निरीह बन्नुले वर्गसङ्घर्षको असन्तुलित रूपलाई प्रस्तुत गर्दछ । अन्ततः कोसे घरबारविहीन भई जोगीजस्तो फिरन्ते जीवन बाँच्न बाध्य हुन्छ, जसले समाजको क्रूर यथार्थलाई पुष्टि गर्दछ ।

**५.नव–सामन्ती राज्यसत्ता, पुँजीवादी स्वास्थ्य र हुनेखानेको एकाधिकार : ‘कोरोनाको खोप’, ‘साला किस्ने !’ र ‘मिस्टर मायस्थेनियाको काठमाडौँ यात्रा’**

प्रगतिवादी दृष्टिमा राज्यलाई उत्पीडक वर्गको पक्षपोषण गर्ने संयन्त्र मानिन्छ । ‘कोरोनाको खोप’ र ‘साला किस्ने !’ कथाहरूले नेपाली राज्यसंयन्त्र कसरी दलाल पुँजीपति र सुकिलामुकिला वर्गको हितमा मात्र सञ्चालित छ भन्ने कुराको भण्डाफोर गरेका छन् । ‘कोरोनाको खोप’ कथामा स्रोतसाधनमाथि पहुँचवालाहरूले जमाएको एकाधिकारलाई उदाङ्गो पारिएको छ । खोपकेन्द्रमा कोरोना महामारीको विषम परिस्थितिमा पनि विपन्न र वृद्धवृद्धा तथा असहाय नागरिकहरू खोप लगाउनका लागि टन्टलापुर घाममा लामबद्ध छन् । राज्यले लक्षित गरेको वर्ग (वृद्धवृद्धा)ले खोप लगाउन पाएका छैनन् उल्टै पहुँचवाला नेताका कार्यकर्ता, नातागोता र युवाहरूले लाइन मिचेर वा पछाडिको ढोकाबाट खोप हत्याएका छन् । लक्षित वर्गमा नपरेको एउटा ठिटो जो धनी ठेकेदार बाउको छोरो हो उसले वडाध्यक्षको मिलोमतोमा खोप लगाएर गर्वका साथ भनेको छ, “सोझो औँलाले घिउ आउँदैन के अङ्कल !” यस घटनाले राज्यका जनपक्षीय भनिएका कार्यक्रमहरू पनि कसरी बुर्जुवा र टाठाबाठाहरूको कब्जामा पर्छन् भन्ने तितो यथार्थलाई उजागर गरेको छ ।

‘साला किस्ने !’ कथामा सहिद र सर्वहाराको रगतमाथि बुर्जुवाहरूको रजाइँलाई विषय बनाइएको छ । कथामा सहिद शिक्षक सूर्यप्रसाद (जो जनयुद्धमा मारिएका थिए)का छोरा देवेन्द्र (आजाद)को उच्च शिक्षा र छात्रवृत्ति खोसेर अवसरवादी दलीय नेता कृष्णप्रसादले आफ्नै छोरा जगन्नाथलाई डाक्टर पढ्न विदेश पठाएका छन् । यो सहिदको रगतमाथि अवसरवादी

मध्यमवर्गीय नेताहरूले गरेको विश्वासघात हो । उही डा.जगन्नाथ सहरको चल्तीको महँगो प्राइभेट नर्सिङ होम खोलेर पुँजीवादी नाफाखोर बनेको छ । उसले स्वास्थ्यलाई व्यापारीकरण गरेको छ। अर्कोतिर सहिदको वास्तविक हकदार देवेन्द्र प्रतिभा र क्षमता हुँदाहुँदै पनि पढाइ पूरा गर्न नसकी, गरिबी र अभावका कारण मानसिक सन्तुलन गुमाएर रक्सीको नसामा "साला किस्ने ! आखिर तैँले सहिदको रगत चुसेरै छोडिस् है !" भन्दै चिच्याउँदै हिँडेको छ । यो पात्रको मानसिक विखण्डन वास्तवमा संशोधनवादी र पुँजीवादी दलीय व्यवस्थाले सर्वहारा वर्गमाथि गरेको संरचनात्मक हिंसाको परिणाम हो ।

'मिस्टर मायस्थेनियाको काठमाडौँ यात्रा' शीर्षकको कथामा स्वास्थ्यका क्षेत्रमा भएको पुँजीवादी शोषणको प्रस्तुति छ। मायस्थेनिया ग्रेभिसजस्तो गम्भीर रोग लागेका एक जना अस्थायी शिक्षकले स्वास्थ्य र शिक्षा राज्यको दायित्व हुनुपर्ने वकालत गरेका छन्। उनले प्राइभेट अस्पतालमा लाखौँ रुपैयाँ बुझाउनुपर्ने र कमिसनखोर डाक्टरहरूले सिफारिस गरेका विदेशी औषधिहरू नेपालमा सजिलै नपाइने परिपाटीको आलोचना गरेका छन् । यसले स्वास्थ्य क्षेत्रमा रहेको क्रूर नवउदारवादी पुँजीवादी ढाँचा र औषधिको कालोबजारीलाई प्रहार गरेको छ ।

**६.कम्युनिस्ट आन्दोलनको बुर्जुवाकरण, उपभोक्तावाद र दलीय विचलन : 'उदय कमरेडको कथा' र 'नपचेको मःम'**

प्रगतिवादी आख्यानको एउटा मुख्य कार्यभार आफ्नै आन्दोलनभित्र छिरेका अवसरवाद, उपभोक्तावाद र दक्षिणपन्थी विचलनको आलोचना गर्नु पनि हो । कथाकारले यस सङ्ग्रहमा कम्युनिस्ट आन्दोलनमा देखिन थालेको तीव्र बुर्जुवाकरण र विचलनमाथि निर्मम प्रहार गरेका छन् । 'उदय कमरेडको कथा'मा नक्कली भौतिकवाद र अवसरवादलाई उदाङ्गो पारिएको छ । उदय कमरेड सिद्धान्तमा मार्क्सवाद र भौतिकवादको कुरा गर्छन् तर व्यवहारमा उनी भगवत्भक्तिमा लीन हुन्छन् । उनी आनै टोलको भजनकीर्तन समूहका अध्यक्ष छन्, पूजापाठ र वर्णव्यवस्थाका पक्षपोषक छन् । उनी मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादको साङ्गोपाङ्गो अध्ययन नगरी केवल दलीय सदस्यता र भोटको आधारमा आफूलाई कमरेड दाबी गर्छन् र सुखसुविधाको खोजीमा रहेका छन् । आफ्नै जेठी श्रीमतीमाथि अमानवीय घरेलु हिंसा गर्छन्, जसलाई पछि जनमुक्ति सेनाले कारबाही गरेपछि मात्र अंशियार स्वीकार गर्छन् । उदय कमरेडको यस किसिमको चरित्रले कम्युनिस्ट आन्दोलनभित्र हुर्किएको सङ्कीर्ण गुटबन्दी, वैचारिक शून्यता र सांस्कृतिक पतनलाई छर्लङ्ग पारेको छ ।

'नपचेको मःम' कथामा पार्टीमाथि दलाल पुँजीपतिको कब्जा र कमरेडहरूको विलासी जीवनशैलीको प्रस्तुति छ । कथामा पार्टी प्रशिक्षण कार्यक्रम सहिदहरूको स्मृति हलमा गर्नुको सट्टा सहरभन्दा टाढाको विलासी र महँगो रिसोर्टमा आयोजना गरिएको छ । कार्यकर्ताहरू रातभरि मदिरा र मासुको विलासी भोजमा डुबेका छन् र क्रान्तिकारी भाषण छाँटेका छन् । यस विलासी कार्यक्रमको सम्पूर्ण खर्च दलाल पुँजीपति र तस्करीमा संलग्न पार्टीका केन्द्रीय

कोषाध्यक्ष कमरेड मलहोत्राले व्यहोरेका छन् । इमानदार र पुराना कार्यकर्ता टीकाराम जैसीजस्ता पात्रहरू जो इमानको राजनीति गर्छन्, उनीहरू पार्टीभित्र पाखा लगाइएका छन् । जैसीले कतिपय नेता कमरेडहरूले घाँटीमा भैँसी बाँध्ने दाम्लाजत्रा सुनका सिक्री लगाएको र किसानले मल नपाएर भौँतारिनुपरेको विरोधाभासपूर्ण यथार्थलाई औँल्याएका छन् । अन्ततः रिसोर्टमा खाएको दूषित मःमका कारण टीकाराम जैसीलाई आउँ र झाडापखाला चलेको छ । यो 'नपचेको मःम' वास्तवमा पार्टीभित्र छिरेको दलाल पुँजीवाद र विलासिताको प्रतीक हो जसले इमानदार कार्यकर्ताहरूको राजनीतिक स्वास्थ्य र विचारलाई नै सिध्याइदिएको छ ।

**७. नवउदारवादी पुँजीवाद, डिजिटल एकात्तीपन र शैक्षिक व्यापारीकरण : 'उसको एउटा रात' 'महाप्राध्यापकको रातो डायरी' र घैँटीको मूल्य'**

नवउदारवादी विश्व पुँजीवादले मानिसलाई उपभोक्तावादी वस्तुमा परिणत गरेको छ, मानिसलाई समाज र वर्गसङ्घर्षबाट अलग्याएर एकाङ्की बनाएको छ । डिजिटल औपनिवेशिकता र उपभोक्तावादी दासतासँग सम्बन्धित 'उसको एउटा रात' कथाले सूचना प्रविधिको विकाससँगै मानिस कसरी सामाजिक सञ्जाल (फेसबुक, टिकटक, युट्युब, ए.आई., तास, क्यान्डीक्रस गेम आदि)को चक्रव्यूहमा फसेको छ र आफ्नो वास्तविक उत्पादनशील श्रम समय खेर फालिरहेको छ भन्ने देखाएको छ । यो प्रविधि मानिसको चेतनालाई भुत्ते पार्ने र उसलाई वर्गीय सङ्घर्ष र सामाजिक रूपान्तरणको बाटोबाट विषयान्तर गर्ने सांस्कृतिक साम्राज्यवादको आधुनिक हतियार हो । 'ऊ' पात्रले रातभरि अनिँदो बसेर प्रविधिको




चक्रव्यूहमा फस्दा बहुराष्ट्रिय कम्पनीहरूको आर्थिक र सांस्कृतिक शोषणको चक्र बलियो भइरहेको महसुस गरेको छ ।

'महाप्राध्यापकको रातो डायरी' र 'घैँटीको मूल्य' कथामा शिक्षाको दलालीकरण र बौद्धिक दरिद्रताको प्रस्तुति छ । यी दुबै कथाले शैक्षिक क्षेत्रमा छिरेको दलाल पुँजीवाद र नक्कली प्राज्ञिकताको खिल्ली उडाएका छन् । 'घैँटीको मूल्य' कथाका उपप्राध्यापक गुणराज आचार्यले "कवि शान्तरामका महाकाव्यमा अक्षर सङ्ख्या" शीर्षकमा पिएचडी (विद्यावारिधि)को उपाधि हासिल गरेका छन् । अक्षर गनेर विद्यावारिधि हासिल गर्नु विश्वविद्यालय तथा प्राज्ञिक क्षेत्रमा मौलाउँदै गएको एक किसिमको शैक्षिक स्खलन नै हो । 'महाप्राध्यापकको रातो डायरी'का प्रमुख पात्र एक प्राध्यापकले विश्वविद्यालयमा प्राध्यापन त गर्छन् तर उनको मुख्य ध्येय गाइड र गेसपेपर लेखेर विद्यार्थीको ज्ञानलाई सङ्कुचित पार्नु र धन कमाउनु हो । उनले प्राध्यापनभन्दा बढी जग्गा दलालीको काम गरेका छन् । उनका सन्तानहरू अमेरिका र अस्ट्रेलिया पलायन

भएका छन् । सन्तान विदेसिएकामा उनले गर्व गरेका छन् ।

युवा जनशक्तिको विदेश पलायन अहिलेको समयमा जल्दोबल्दो समस्या बनेको छ । वैचारिक मृत्युका कारण समाज भताभुङ्ग बनेको छ । क्षमतावान् र जुझारु विद्यार्थी नेताहरू पुँजीको अभाव र राज्यको निराशाजनक नीतिका कारण विदेश पलायन भएर डिप्रेसनको सिकार बन्न बाध्य भएका छन् । माथि उल्लेख गरिएका कथाहरूले नेपालको उच्चशिक्षा कसरी पुँजीवादी नाफाखोरी र दलालीको अखडा बनेको छ र यसले सिर्जनात्मक एवम् क्रान्तिकारी बौद्धिक चेतलाई कसरी नष्ट गरिरहेको छ भन्ने कुराको भण्डाफोर गरेका छन् ।

**८. विपद् व्यवस्थापनमा कमजोरी र राज्यको खोक्रो आश्वासन : 'भञ्ज्याङको चौतारो'**

'भञ्ज्याङको चौतारो' कथाले प्राकृतिक विपत्तिका वेला राज्य र यसका सञ्चालकहरू कसरी खोक्रो सहानुभूति र प्रचारबाजीमा मात्र लिप्त हुन्छन् भन्ने तथ्य उजागर गरेको छ । २०५२ सालको भीषण पहिरोका कारण पहाडी क्षेत्रको पाखापखेरामा बस्ने खगनाथ लम्सालजस्ता विपन्न किसानहरूले श्रीमती र दुई सन्तान गुमाउँदै घरबारविहीन बन्नुपरेको छ । बाढीपहिरोजस्ता प्रकोपहरू प्राकृतिक विपत्ति भए पनि यसको मार विपन्न वर्गमाथि नै बढी बज्रिएको हुन्छ किनकि उनीहरू सुरक्षित स्थानमा बस्नसक्ने आर्थिक हैसियत राख्दैनन् ।

प्रकोपग्रस्त क्षेत्रमा मन्त्री र नेताहरूको हेलिकप्टर सयर र सस्तो प्रचार जनमानसमा नराम्ररी बिझेको अवस्था हो । पहिरो गएको केही समयपछि मन्त्री र सांसदहरू हेलिकप्टरमा आएर पीडितहरूलाई 'मधेसतिर जग्गा र पुनर्वासको व्यवस्था गरिदिने'जस्ता ठुलाठुला आश्वासन दिन्छन् र फोटो खिचाएर फर्किन्छन् तर पीडितहरूले राहतका नाममा डेढ महिनापछि जिल्ला प्रशासनबाट मात्र आठ हजार रुपैयाँ पाएका छन् । राज्यले दिएको त्यो आठ हजार रुपैयाँले पीडितहरूका लागि सामान्य झुप्रो बनाउन पनि पुग्दैन । राजनीतिक अवसरवादले सीमा नाघेको छ । ती आश्वासन दिने मन्त्री पछि गएर देशको प्रधानमन्त्री बनेका छन् र आफ्ना लागि तिनले काठमाडौँमा भव्य महल ठड्याएका छन् तर पहिरोपीडित खगनाथ लम्सालले भने जीवनको उत्तरार्धमा पनि छोरीको घरमा गोठालो र कुँडोपानी गरेर कष्टकर जीवन बिताउनुपरेको छ । यसरी प्रस्तुत 'भञ्ज्याङको चौतारो' कथाले संसदीय बुर्जुवा व्यवस्थाभित्रका शासक वर्गले कसरी श्रमजीवी वर्गको आँसु र रगतको जगमा सत्ताको स्वाद चाखेका छन् भन्ने वर्गीय यथार्थलाई पुष्टि गरेको छ ।

**९. लैङ्गिक उत्पीडन र पितृसत्तात्मक दमनको वर्गीय रूप : 'उदय कमरेडको कथा' र 'गैरेली कोसे'**

प्रगतिवादी दृष्टिकोणले लैङ्गिक उत्पीडनलाई पुँजीवादी र सामन्ती वर्ग सम्बन्धकै एक पाटो मान्दछ । यस सङ्ग्रहका कथाहरूमा महिला पात्रहरू दोहोरो उत्पीडनमा परेका छन्- एकातर्फ वर्गीय उत्पीडन र अर्कोतर्फ पितृसत्तात्मक घरेलु हिंसा । खोरियाकी आमैले श्रीमान् जिउँदो छँदा पनि वर्गीय हिंसा र समाजको अमानवीय व्यवहार भोग्नुपरेको छ । श्रीमान् मरेपछि उनी असहाय बनेकी छन् र समाजका कतिपय दुराचारी बाहुनहरूले उनीमाथि गिद्धे नजर लगाएका छन् ।

उदय कमरेडकी जेठी श्रीमतीले छोरो नजन्माएको निहुँमा श्रीमान्‌बाट बर्बर शारीरिक र मानसिक यातना सहनुपरेको छ। यो यातना प्रगतिशील भनिने कम्युनिस्ट नेताहरूको घरभित्रै हुनुले कम्युनिस्ट आन्दोलनभित्र वैचारिक रूपान्तरण नभई पितृसत्तात्मक सामन्ती मानसिकता नै हाबी रहेको पुष्टि गर्दछ। गैरेली कोसेकी आमा राँइदाल्नीको सामाजिक वहिष्कार र मङ्गली दमिनीको अमानवीय हत्याले ग्रामीण नेपाली समाजमा महिला कसरी सबैभन्दा बढी हिंसा र उत्पीडनको निसाना बन्छन् भन्ने देखाएको छ।

**१०. प्रगतिवादी चिन्तकको वैचारिक द्वन्द्व र वियोगान्त परिणति : 'यस्तो किन गर्‍यौ त नि गुरु ?'**

'यस्तो किन गर्‍यौ त नि गुरु ?' कथाले प्रगतिवादी आन्दोलनभित्रका बौद्धिक वर्गको वैचारिक द्वन्द्व र त्यसले ल्याउने निराशाजनक परिणतिलाई चित्रण गरेको छ। यस कथामा एकातिर क्रान्तिकारी चिन्तनको प्रस्तुति छ भने अर्कोतिर यथास्थितिमै सन्तोष मान्ने प्रवृत्तिको प्रस्तुति छ। कथामा गोविन्द (कथावाचक) र उनका गुरु दुबै प्रगतिशील विचारका हुन् तर समयक्रममा गुरु आन्दोलनबाट प्राप्त सामान्य उपलब्धिलाई नै महान् युग परिवर्तन भन्दै यथास्थितिमा रमाउन खोजेका छन् भने अर्कोतिर तिनै गुरुका चेला गोविन्दले समाजमा अझै पनि परिवर्तन नआएको हुँदा आमूल परिवर्तन र क्रान्ति चाहेका छन्। यही वैचारिक भिन्नताका कारण पछिल्लो समयमा उनीहरूका बाटाहरू अलग अलग बन्न पुगेका छन्।

गुरुले गोविन्दलाई 'जडसूत्रवादी' र 'सङ्कीर्ण'को आरोप लगाउँदै पत्रपत्रिकामा लेख लेखेर खेदो खनेका छन् तर जीवनको उत्तरार्धमा तिनै गुरु जसले जीवनभरि प्रगतिशील मूल्य र मान्यताको वकालत गरे, उनी एक्लोपन र निराशाका कारण आत्महत्या गर्न बाध्य भएका छन्। यसले प्रगतिशील आन्दोलनभित्र वैचारिक दिशाहीनता, एक्लोपन र साङ्गठनिक संरक्षणको अभावमा कसरी एउटा बौद्धिक प्रतिभाको दुःखद र अकाल अन्त्य हुन्छ भन्ने प्रगतिवादी चेतलाई प्रस्तुत गरेको छ।

**११. निष्कर्ष**

अन्त्यमा, 'घैंटीको मूल्य' कथासङ्ग्रह नेपाली प्रगतिशील र समाजवादी यथार्थवादी आख्यान क्षेत्रको एक सशक्त र जीवन्त सङ्ग्रह हो। यस सङ्ग्रहभित्रका कथाहरूले नेपाली समाजको पिँधमा रहेका पात्रहरू– चाहे ती खोरिया दाइ हुन्, चाहे कोसे र मङ्गली हुन् अथवा मायस्थेनिया ग्रेभिसबाट पीडित अस्थायी शिक्षक नै किन नहोउन्, उनीहरूका भोगाइलाई वर्गीय र सामाजिक संरचनाको पृष्ठभूमिमा राखेर विश्लेषणात्मक प्रस्तुति दिएका छन्। यस कथासङ्ग्रहले कम्युनिस्ट आन्दोलनभित्रको सांस्कृतिक स्खलन, दक्षिणपन्थी संशोधनवाद, नवउदारवादी पुँजीवादले ल्याएको उपभोक्तावादी विकृति र नक्कली प्राज्ञिकतामाथि निर्मम वैचारिक प्रहार गरेको छ। कथाहरूले निराशा बाँडेका छैनन्, बरु पाठकलाई समाजको वर्गीय असमानताका विरुद्ध सोच्न र सङ्गठित हुन प्रेरित गरेका छन्। कथाहरूमा भाषाशैली सरल, चोटिलो र विम्बात्मक छ। तसर्थ प्रगतिवादी नेपाली साहित्यको श्रीवृद्धिमा यस सङ्ग्रहको विशिष्ट, अतुलनीय र ऐतिहासिक महत्त्व रहेको छ।

*आँधीखोला- ४, स्याङ्जा।*

# भोटेकोसी महाप्रलय !



❖ जयन्ती स्पन्दन

भोटेकोसी !
हिजोसम्म
हिमालको काखबाट
कलकलाउँदै बग्ने तिमी
तिम्रो स्वरमा
जीवनको सङ्गीत बज्थ्यो
तिम्रो छालमा
ऊर्जाको लेपन बुनिन्थ्यो
तिम्रो किनारमा
हजारौँ सभ्यताका सपना बाँचेका थिए ।
तर आज
किन यति रौद्र भयौ ?
किन पहाडको छाती चिर्दै
कर्कशध्वनी निकाल्दै
ताण्डव नृत्य गरिरह्यौ ?
बिहानीको उज्यालोसँगै
काममा निस्किएका पाइलाहरू
फराकिलो सपना बुन्दै
विध्यालयतिर लम्केका नानीबाबुहरू
यात्राको बाटो समातेका मान्छेहरू
कसलाई थाहा थियो र !
आज भोटेकोसी
छेउमा बाटो देखाउँदै
शीतलता छर्ने होइन
एकै गाँसमा निल्ने काल बनेर आउँछ !
घरहरू हेर्दाहेर्दै  हराए
उज्यालो छर्ने विद्युतगृहरू लेदोले भरिएर
अजिङ्गर चिहानघरमा बदलिए
चौडा बाटाहरू, हरिया फाँटहरू
बाढीभित्रै बिलाए !
आमाबुबाका आँखामा छोराछोरी खोज्ने
अन्तहीन प्रतीक्षा सकिए
कलिला मुनाका अभिभावक हराए
भन्न र सुन्नसक्ने सबै सबै नासिए !
भोटेकोसी !
तिम्रो गर्जनभित्र
केवल उर्लँदो भेल मात्र बगेन
बग्यो एउटा बस्तीको इतिहास
बग्यो परिवारको सपना
बग्यो कैयौँको भविष्य !
भोटेकोसी !
तिमीलाई दोष दिऊँ कि
तिमीलाई बुझ्नसक्ने अहङ्कारलाई ?
विकासका नाममा
समृद्धिका नाममा
हिमाल तात्दै गए
हिमनदी पग्लँदै गए
पहाडका घाउ गहिरिँदै गए
वनहरू उजाडिँदै गए
धर्तीको छातीमा
दागहरू कोपरिँदै गए !
तिम्रो अट्टाहासमा
म त थाम्नै नसक्ने पीडा बोकेर
थलिँदै थलिँदै गएकी छु
भोटेकोसी !
तिमीसँग युद्ध होइन
सहअस्तित्वको सम्बन्ध चाहन्छु
भोलिको पृथ्वी बचाउने
मानवीयता जोगाउने
शोकको पर्खाल नाघेर
ओठमा मुस्कान छाउँदै
अस्तित्व जोगाउने सपनाको आशमा
तिम्रो अन्तिम चेतावनी
मनन गरिरहेछु ।



❖ नवराज श्रेष्ठ

## सम्मानित अदालत !

सम्मानित अदालतको कठघरामा उभिएर
म निर्दोष छु भन्ने
सबुत पेस गर्दै छु श्रीमान् ।
साँच्चै श्रीमान्
म निर्दोष छु
उनी र मैले
सहमतिमै
एकान्तमा भेटघाट गरेकै हो
बाँचे सँगै बाँच्ने
मरे सँगै मर्ने
बाचा गरेकै हो
अनि
नढाँटी भन्नुपर्दा
लुकीचोरी
दुध, दही र मोही खाएकै हो ।

श्रीमान् !
के उनीलाई
छातीभित्र मुटुमा सजाउनु अपराध हो ?
पूर्णिमाको जुनेली रातमा
हात समाउँदै
रङ्गीन सपना देख्नु अपराध हो ?
अनि
झरनाको पानीजस्तै चोखो
र हिमालको बतासजस्तै
क्ञ्चन प्रेम गर्नु अपराध हो ?
श्रीमान् !
मैले प्रेम गर्नु अपराध हो भने
चराले बचेरालाई गुँडमा
चारो लान निषेध गरियोस्
गाईले बाच्छोलाई
दुध चुसाउन प्रतिबन्ध लगाइयोस्
अनि
हिमालदेखि पहाड
र पहाडदेखि तराईको
सम्बन्ध विच्छेद गराइयोस् ।

श्रीमान् !
यदि प्रेम गर्नु अपराध हो भने
मैले उनीलाई गरेको प्रेमभन्दा
हजार गुणा बढी
मेरी आमाले
मलाई प्रेम गर्नुहुन्छ
त्यसैले
श्रीमान्
मेरी आमालाई
अपराधी ठहर गरियोस्
अनि
सजाय गरियोस् श्रीमान् !
श्रीमान्‌को जो आज्ञा ।

*जोगिमारा ७,*
*धादिङ, भारपाङ ।*

# चिना हराएको मान्छे



❖ अरुणबहादुर खत्री 'नदी'

हास्य कलाकार हरिवंश आचार्यको चिना हराएको मान्छे नामक संस्मरण सङ्ग्रह २०६९ सालमा प्रकाशित भएको छ। यस सङ्ग्रहभित्र उनीद्वारा लेखिएका छोरो तोते, बाउ थोते, हरिवंश, आमाले बा पनि हुनुपऱ्यो, एक तोला सुन, हामीलाई पाल्ने सङ्खुलगायत विभिन्न शीर्षकका ५३ वटा संस्मरणहरू राखिएका छन् । यस कृतिभित्रको छोरो तोते, बाउ थोते शीर्षकको संस्मरणभित्र म जन्मनेबित्तिकै मेरो अनुहार हेरिएन रे । छोरो हो कि छोरी भनेर मेरो कम्मरमुनि हेरियो, मेरो शरीरको केन्द्रमा । त्यसपटक मेरी आमा विशिष्ट श्रेणीमा सुत्केरी परीक्षा पास हुनुभयो भनेर आचार्यले लेखेका छन् ।

हरिवंश शीर्षकभित्र म जन्मेको एघार दिनपछि मेरो नाति मुकुन्द पनि जन्मियो । दुबैजना हरिवंश पुराणकै वरदान हो भन्ने ठानियो । मभन्दा पहिले मुकुन्द जन्मेको भए उसको नाम हरिवंश हुन्थ्यो होला तर म एघार दिन पहिले जन्मेको हुनाले फस्ट कम फस्ट भनेजस्तो मेरो नाम हरिवंश भयो भनेर लेखिएको छ । 'दुःख भनेको अँध्यारो, सुख भनेको उज्यालो हुन्छ भन्छन् तर अँध्यारो र उज्यालो नभई दिन बन्दैन । म ती दुःखका दिनहरूसँग कृतज्ञ छु' हरिवंशले लेखेका छन् ।

एक तोला सुन शीर्षकभित्र घर पुरानो भएर ठाउँ ठाउँमा चर्किसकेको थियो । त्यसमाथि भाउजूहरूको पनि भाग दिनुपर्थ्यो । अब घर कि बनाउनुपर्ने भयो कि बेच्नुपर्ने । घर बनाउन हामीसँग पैसा थिएन । भाउजूहरूको पनि ठुलो परिवार, अभावैअभाव थियो भनेर हरिवंशले लेखेका छन् । हामीलाई पाल्ने सङ्खु शीर्षकभित्र काठमाडौँसम्म सङ्खुदेखिको चामल थोरै ज्यालामा ल्याइदिन्थे पनि । मनमा धर्म भएका मोहीहरूलाई पाप गर्नुहुँदैन, कुत तिरेनौ भने यिनीहरू भोकै मर्छन् भन्ने थाहा थियो। पुर्ख्यौली थलो सङ्खुसँग त्यसै पनि म ऋणी छु। हाम्रा आफन्तहरूले त्यो पुर्ख्यौली ठाउँको जग्गाजमिन आफ्नै कारणले बेचेका हुन् भनेर लेखिएको छ।

जन्मघरबाट बिदा शीर्षकभित्र घरमा बस्दै जाँदा थाहा हुँदै भयो, आफ्नो भागमा परेको तपाईँको एघार सय बिघा जमिन, अरू भएका जग्गाजमिन सबै बेचेर खाइसकेका रहेछन् । बिहानदेखि बेलुकीसम्म पैसा सापट दिएका मान्छेहरू आउँथे । बाबुबाजेको सम्पत्ति बेच्दै, खाँदै, सिकार खेल्दै अत्तर छर्कँदै, गाडी फेर्दै मोजमस्ती गर्दै हिँड्ने अनि आफू चाहिँ केही नगर्ने भएपछि जतिसुकै सम्पत्ति भए पनि टिक्तैन मान्छेको भनेर लेखिएको छ । म कात्तिके शीर्षकभित्र म पद्योदय स्कुलमा आठ कक्षामा पढ्दाताका भृकुटीमण्डपको बाटोमा थोरै

मात्र गाडी गुड्थे । काठमाडौँमा गाडी नै कहाँ थिए र यति धेरै । धीरेन्द्र शाह त्यस वेलाका अधिराजकुमार राजा वीरेन्द्रका भाइ वेपत्तासँग गाडी कुदाएर आउँथे । पद्मकन्या, रत्नराज्य क्याम्पस पढ्ने केटीहरू त्यही बाटो हिँड्थे भनेर हरिवंशले लेखेका छन् ।

पञ्चायती व्यवस्था भएको हुनाले देशमा सम्पूर्ण काम दरबारबाट हुन्थ्यो । दरबारका सचिवहरू त्यस वेला निकै शक्तिशाली थिए । हामी चिरनशमशेर थापाका गुरुखलक भएकाले उनका बुबाआमा मलाई धेरै माया गर्थे भनेर हरिवंशले लेखेका छन् । म गाइजात्रे शीर्षकभित्र मञ्चमा उपत्यकाका झाँकीहरू प्रदर्शन गरियो । मनोवैज्ञानिक तरिकाबाट पनि राजा आउने भनेको ठुलो कुरा हो भनेर सबैलाई तयार पारिएको होला । देशका ठुला ठुला हास्यव्यङ्ग्यकारहरू भएको रङ्गमञ्चमा आफू पनि प्रस्तुतकर्ता भएर उभिन पाउँदा ज्यादै गर्व महसुस भइरहेको थियो । विशेष प्रदर्शनमा कार्यक्रम गर्नेहरूलाई त्यही दिनका दुइटा पास दिइन्थ्यो भनिएको छ ।

मीरा म शीर्षकभित्र प्रेम गरेर प्रेमले जितो भने पनि आफू प्रेम गरौँ गरौँ लाग्ने खालको थिइनँ । ऐनामा आफ्नो अनुहार आफैँले हेर्दा त्यस्तै लाग्थ्यो । दुब्लोको त म एउटा नमुनै थिएँ । फेरि कलाकार भनेर थाहा दिउँ भने हिरोलाई पो त केटीहरूले मन पराउँछन् । आफू परियो हास्यकलाकार । हँसाउनेलाई केटीहरू त्यति वास्ता गर्दैनथे भनेर लेखिएको छ । खुत्रुकेबाट सुरु शीर्षकभित्र जाडो लागेपछि हाम्रो देशका विभिन्न सहरमा सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्न पुग्थ्यौँ । प्रायः कार्यक्रम आयोजना गर्ने रोटरी, लायन्स, जेसिसजस्ता संस्थालाई महत्त्व दिइन्थ्यो किनभने ती संस्था गैरराजनीतिक तर बलियो सङ्गठन र मिलेर काम गर्ने भावना भएका हुन्छन् भनिएको छ । कार्यक्रम आयोजना गरेर प्राप्त हुने रकमबाट सामाजिक काम, स्कुलका कोठा, पुस्तकालय, सार्वजनिक शौचालय, खानेपानी, महिला स्वावलम्बनजस्ता कार्यक्रम सञ्चालन गर्छन् भनेर लेखिएको छ ।

मौकैमा जन्मेका हामी शीर्षकभित्र नेपाल टेलिभिजनले १५ गते टेलिचलचित्र निर्माण गर्न हामीलाई एक भागको बिस हजारका दरले चार भागको असी हजार रूपैँया दिएको थियो । त्यति रुपैँयाको भरमा हामी त्यत्रा प्राविधिक साथीहरूलाई लिएर बस रिजर्भ गरी काठमाडौँदेखि




विराटनगरसम्म गयौँ । कथा लेख्ने, सुटिङ गर्ने निर्देशन र अभिनय गर्नेसम्मका काम गर्‍यौँ भनेर हरिवंशले लेखेका छन् । मीरा

र रमिला शीर्षकभित्र लोग्नेमान्छेकी श्रीमती बितेपछि घाटदेखि नै अर्को बिहे गर्ने कुरो चल्दो रहेछ । मेरो पनि चल्यो होला तर तेर दिनपछि मात्र कुरो चलेको सुन्न थाले । मेरा दिदीहरूको म एक्लो भाइ, एक्लो माइती; उनीहरूलाई मेरो पिर लाग्नु स्वाभाविकै हो । कसैले नचिन्ने मान्छे भएको भए केही मतलब हुँदैनथ्यो । संसारमा कति मान्छेको मृत्यु हुन्छ कत्तिले पुनर्विवाह गर्छन् । आफन्तलाई बाहेक अरूलाई केही मतलब हुँदैन तर सबैले चिन्ने मान्छे भएकाले मेरो कुरा आफन्तमा मात्र सीमित रहेन भनेर हरिवंशले लेखेका छन् ।

*तिमी बिरामी पर्थ्यौ म कुरुवा हुन्थेँ*
*कति आनन्द लाग्थ्यो म सँगै बस्थेँ*
*हेरेर घडी खुवाउँथे ओखती*
*त्यो दिन सम्झना प्यारो लाग्छ अति ।*

'अन्तमा आँसुको रङ' शीर्षकभित्र हाम्रो कार्यक्रम प्रसारण भएपछि दर्शकले आमीरले सञ्चालन गरेको 'सत्य मेव जयते'सँगै मैले जे भोगेँ कार्यक्रमलाई दाँजेर हेर्छन् नै । त्यो दर्शकको अधिकारको कुरा हो । दर्शकलाई त्यहाँको वजेट, साधनस्रोत र यहीको बजेट, साधनस्रोतसँग मतलबै हुँदैन । यशोदा भाउजूको आत्मबल बलियो रहेछ । भाउजू किमोथेरापीसँग लड्दै छिन् । मदन दाइ भाउजूलाई बचाउने युद्धमा लागिरहेछन् भनेर लेखिएको छ । यस सङ्ग्रहभित्र रङ्गीन तस्बिरहरू पनि राखिएका छन् ।

❑ कविता



❖ गणेश घिमिरे 'मार्मिक'

# वार्ता

क- तेरो चित्त बुझेन ?
ख- बुझ्छ कसरी ?
क- के भो ?
ख- थिचेको किन ?
　　क- बोल्छस् ?
　　ख- बोल्छु नि
　　क- के गरौँ र अझ भन् ?
　　ख- बारी मिचेको किन ?
क- मेरै हो सब यो
ख- प्रमाण छ र के ?
क- के चाहियो ?
ख- चाहियो
　　क- छोड्दे भो
　　ख- अहँ छोड्न सक्तिन
　　क- अहो !
　　ख- यो टार मेरै त हो ।
क- मेरो मित्र तिमी
ख- भयो न नफका
क- आऊ मिलौँ
ख- के गरी ?
　　क- वार्तामा बस
　　ख- जालझेल नगरेस्
　　क- शंका छ ?
　　ख- हो, बेस्सरी ।
क- ए साथी नरिसा
ख- नगर् न खिचलो
क- के भो ?
ख- बिगारिस् घर
　　क- मेरै पर् भर
　　ख- छैन सादर
　　क- ममा ?
　　ख- विश्वास खै के छ र ?

# युद्धको पीडा



❖ रञ्जुश्री पराजुली

हप्तौंहप्तादेखि एउटा सहरमा मात्र नभई देशभरिकै वातावरण युद्धमय भएको थियो । चारैतिर गोलाबारुद पड्किएका छन् । तिनले फालेको धुलोले आकाश कालो बादलले ढाकेजस्तो देखिएको छ । बहुतल्ले भवनहरू क्षतविक्षत भएर ढलेका छन्/ टुक्रिएका छन् । बुढाबुढी मात्र नभई साना केटाकेटीहरू पनि भोक र प्यासले छट्पटिएका छन् । त्यसैबिच मानव सेवा समितिको खानेकुरा बोकेको ठुलो गाडी आइपुग्छ । केवल दुई घण्टाको लागि मात्र उसले त्यहाँ अडेर ती भोका, प्यासा, आश्रयहीन जनतालाई खाना र पानी दिने समय पाएको छ । केटाकेटीहरू आआफ्ना कुच्चिएका खाना थाप्ने भाँडा लिएर लाइनमा उभिएका देखिन्छन् । लाइन अनुशासित तरिकाले अगाडि बढ्छ । उनीहरूको भाँडोमा एक डाडु भात र एक डाडु तरकारी मात्र पर्दछ । आठ बर्से हुसेन नाम गरेको केटो बिस्तारै मेरी नब्बे वर्षकी हजुरआमा पनि भोक र प्यास लाग्यो भनेर रोइरहेकी छिन् । उनलाई पनि खानेकुरा र पानी दिनु न भनेर अर्को भाँडा थाप्छ । खानेकुरा बाँड्ने स्वयम्सेवकलाई माया लाग्छ । त्यहाँको परिस्थिति देख्दा ऊ भावुक हुन्छ । त्यो सानो केटो र उसकी बुढीहजुरआमा त्यहाँबाट केही पर युद्धको बमले छिया छिया पारेको एउटा घरको कापमा आश्रय लिएर बसेका थिए । त्यहाँ बत्ती, पानी, खानेकुरा आदि केही थिएन । बाहिर हिउँ परिरहेको थियो । हुसेनका बाबु, आमा, हजुरबा, दाजुबहिनी सबैलाई आकाशबाट छरिएर आएको बारुदको गोलाले शून्यमा हराइदिएको थियो ।

स्वयम्सेवकले हुसेनलाई एक प्याकेट रोटी र एक सिसी पानी दिन हात बढाएको मात्र थियो । खानेकुरा बाँड्ने समय सकिएकोले चारैतिरबाट पड्किँदै आएको गोलीले खानेकुरा खान पाउने आशले बसेकी बुढीहजुरआमा, ऊ आफूसहित त्यहाँ जम्मा भएका सयौँ बुढापाका, युवा तथा केटाकेटी युद्धको सिकार भएर हराए !

*टेक्सास, अमेरिका ।*

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस् ।

# हिमालमाथि किशोरको प्रश्न !

❖ नरेन्द्रराज पौडेल

तिम्रै काखमहाँ बसेर ऋषिले गर्थे तपस्या अघि
तिम्रो भास्वर रूपरङ्ग हँसिलो देखेर हाँस्थे कवि
खेल्थे ताल, पखेरीमा थरिथरि देशीविदेशी चरा
एक्कासि किन भत्कियौ टुटिगयौ आफैं बनी नौचिरा !

तिम्रो शीतल, शुद्ध वायु जलले नौनाडी चल्थे सदा
तिम्रै पौष्टिक स्वादिला फल टिपी खान्थैं म मानी मजा
ह्यूँका शीतकणा लिएर बहने हावा पिई शीतल
फेर्थैं सास म चुल्बुले वय छँदा काया हुँदा चञ्चल ।

तिम्रै अन्न र पानीको भर परी चल्थ्यो सुखी जीवन ।
खेल्दै साथी सँगाती मित्रसँगमा हुन्थैं खुसी छिन्छिन
बाबा दाजुदिदी पिता र जननी सारा बडार्‍यौ किन ?
आफ्नो कोही रहेन यो धरतीमा काटौँ कसोरी दिन !

मेरो स्कूल कता, कता गुरुहरू आयादिदी छन् कता ?
कुद्ने प्रांङ्गण पुस्तकालय कता मन्दीर कक्षा कता ?
खेल्ने खेलहरू थिए थरीथरी साथी गए खै कता ?
कस्को साथ लिएर यो विजनमा जाउँ म एक्लै कता ?

भोको पेट उमोठिँदै घरीघरी आहार माग्दै छ यो
नाङ्गो देह छ घामपानी सहनै सक्तै नसक्ने भयो
गोडा लर्बर गर्दछन् वरिपरि चल्नै पनि कष्ट भो
मेरो दुर्गति हेरिदिन्छ कसले हे दैव यो के भयो ?

*नयाँ बानेश्वर ।*



❖ सौरभी बान्तावा

# मर्यादा कि बन्धन ?

तिमी मलाई
नारी मर्यादा सिकाउँछौ
तिमी आफैँ
कुन मर्यादामा अडिएका छौ ?
तिमी मलाई
सामाजिक संस्कार र संस्कृतिका नाममा
विकृतिमा बाँच्ने मर्यादा सिकाउँछौ !
तिमी मलाई
आफ्नो जिन्दगीका त्यस्ता कुरा सिकाउँछौ
जसले थाहा दिन्छ
तिमी कस्तो जिन्दगी बाँचिरहेका छौ !
धिक्कार छ !
तिमी कस्तो जिन्दगी बाँचिरहेका छौ ?
कसैको स्वतन्त्रता हटाउने
कसैको इच्छा मार्ने
कसैको इज्जत लुट्ने
महिलालाई मानिस नमान्ने
तिमी कस्तो जिन्दगी बाँचिरहेका छौ ?
तिमी कस्तो जिन्दगी जिउन सिकाउँदै छौ !

म स्वतन्त्र छु !
म तिमीले सिकाएको
जिन्दगी जिउन सक्दिनँ
तिम्रा ती संस्कार र संस्कृतिका नाममा
गरिने विकृतिलाई आफ्नो जिन्दगी
जिउने आधार बनाउन सक्दिनँ
तिमी मलाई जिन्दगी जिउन सिकाउने
तर तिमी नै कस्तो जिन्दगी बाँचिरहेका छौ ?
तिमी नै कस्तो जिन्दगी बाँचेका छौ ?

*कक्षा - १२ (कानुन सङ्काय), युनिग्लोब +२*



❖ तिला लेकाली

# जमरा

दराज, आल्ना, कुर्सी, टेबल
अथवा सिङ्गो पूजाकोठाभित्र कैद
शङ्ख ध्वनि र घन्टीको आबाज
नाकैमा ठोक्किने अगरबत्तीको गन्ध
अक्षता र फूलपातीको टकराब
कमेरो पोतेका आकाश छुने गृहमन्दिरभित्र
देवताहरूबाटै लुछिएर
आत्मीयताका पछ्यौरीहरू
बाहिरी संसार देख्न नपाई
टपरीमा एक अञ्जुली माटो
र एक अम्खोरा पानीमै सन्तुष्टरत
पाकेका केराभैँ देखिन्छन् गहुँ,
मकै, जौका जमरा ।
रेडियोमा सुनेको गोरिल्ला युद्धजस्तै दर्दनाक
अक्षम्य मृत्युयुद्ध चल्छ दिनहुँ
कुनै पूजारीको निगाहले
एक अम्खोरा पानी
न जरासम्म पुग्छ न घाँटी भिजाउन सक्छन्
बाह्य संसारका बिउमा भैँ
प्रशस्तै सामार्थ्य भएर पनि
टाक्सिनुपर्ने बाध्यता छ, कुनै खाल्टोमा पानी जमेभैँ
जम्नुपर्ने विवशता छ, उमेर नपुग्दै दिनदहाडै
घामको मृत्यु भएर
हरसाँझ पोखिन्छन् घिनलाग्दा दैनिकीहरू
भान्छाकोठा, पूजाकोठा, बिस्तारामा ठोक्किँदै
बाहिरिन्छ अक्सिजन
ढोका र आँखी झ्याल हुँदै
उड्छन् रङहरू अन्तै कतै
तर पनि
दुर्गा, लक्ष्मी, सरस्वती नामले सामर्थ्यवान् बनेर
टपरीमाथि ठिङ्ङ उभिएका छन्
एक टपरी जमरा !

*बेलबारी, मोरङ ।*



❖ गणेशप्रसाद खतिवडा

## जुरुक्क उठ्छ देश यो

हिमालबाट ज्वारले समुद्र बिर्सने गरी
चट्याङ पर्छ वक्ष नै चरक्क चर्कने गरी
थर्रर थर्कने गरी घरी जमीन काँप्दछ
अनेक रोग ल्याउँदै समग्र विश्व छोप्दछ ।

बढेर त्रास जिन्दगी लुकाउँदै जियौँ कतै
कुदेर भीर जिन्दगी भगाउँदै जियौँ कतै
हजार लाख जिन्दगी अनाथ पार्छ दैवले
गरेर सृष्टि ऊ स्वयं लखेट्छ मार्छ दैवले !

चला छुरा तँ धारिलो म पाखुरा चलाउँछु
विध्वंस गर्दछस् जसै म ब्यूँझिएर आउँछु
कि मार् निमेषमै तथा भुतुक्क पार् बिलाउँछु
बचेछ सास यो भने म विश्व यो रँगाउँछु ।

विपत्तिबाट तर्सने म हैन मित्र काँतर
पुरानु भत्कियो भने नयाँ बनाउँला घर
हठी मनुष्य आँटले सधैँ सगर्व फुल्दछ
नयाँ उपाय भेटिँदा अनेक दुःख भुल्दछ ।

पठाउँदै छ के भनी ? प्रशान्त हिन्द सागर
छ दैव निष्ठुरी यहाँ मनुष्य दैव छन् तर
पठा विपत्ति दैव हे ! तँ गर् अझै करामत
कुदेर पुग्छु लोकमा म हार्न दिन्न हिम्मत ।

हिलो भरेर पुर्दछस् चिस्यानले टुसाउँछु
थपेर आँकुरा नयाँ म फेरि माथि आउँछु
विपत्ति आउँदा कतै समग्र जुट्छ देश यो
जुरुक्क उठ्छु जोशमा जुरुक्क उठ्छ देश यो ।

*थुलुङ दुधकोशी गा.पा.३, पञ्चन, सोलुखुम्बु ।*

## गीत



❖ विश्व सिग्देल

एकचोटि झर्दैमा, एकचोटि लड्दैमा
कहाँ सकिन्छ र मान्छे ? मान्छे हो ऊ मान्छे
मान्छे हो ऊ मान्छे !

पुरिँदै-निक्लँदै माटोबाट, माटोको सृष्टि सिक्छ
डुब्दै-उत्रँदै पानीबाट, पानीको रङ झिक्छ
खाल्डोमा पर्दैमा, वैतरणी गर्दैमा
कहाँ सकिन्छ र मान्छे ? मान्छे हो ऊ मान्छे !

सकियो भन्छ नसा-नाडी, छिनमै बौरेर हिँड्छ
धमिला-धमिरा आटप्पे झाडी, विवेकैले गिँड्छ
अँध्यारो छर्दैमा, विष प्याला भर्दैमा
कहाँ सकिन्छ र मान्छे ? मान्छे हो ऊ मान्छे !

# विश्वशान्तिका कुरा



❖ गायत्रीकुमार चापागाईं

बसस्टेसनमा बस कुर्दै थिएँ । सडकपारि एकभुन्ड मानिससहित टाँगिएको ब्यानरमा आँखा पुगे । लेखिएको थियो - विश्वशान्तिका निम्ति समाजवाद । एकजना युवक माइकबाट कराउँदै थिए, “हाम्रो नेता आउँदै हुनुहुन्छ, उहाँ अर्को कार्यक्रम सकेर यता हिँडेको सूचना आइसकेको छ, त्यतिञ्जेल हाम्रा कलाकारले तयार गरेको शान्तिनाच हेरौँ ।” मान्छेहरू भुम्मिए । केटाकेटी सरावर नाचमा । सङ्गीतमय नाचले सबै आकर्षित । अगाडिकाले छेले । वारिबाट झल्याकझुलुक दृश्य मात्र देखियो । स्वतन्त्रता, समान अधिकारका निम्ति शान्ति आवश्यक, युद्धआतङ्कले मानवता सङ्कटमा परेको गीत र नाचको आशय रहेको थियो ।

नेता आइपुगे । तालीको गडगडाहट प्रतिध्वनित भयो । भाषण सुरू भो । सँगै रहेका अधबैँसे यात्रीले कुम हल्लाउँदै भने, “अब दुई घण्टा यिनले बिताइदिन्छन् ।”

मैलै भनेँ, “त्यत्रो समय कसले साथ देला र ?”

“आउने आइरहन्छन् जाने गइरहन्छन् । सुने पनि नसुने पनि यिनी थाक्दैनन् ।” उनको प्रत्युत्तर ।

युद्ध, हिंसा र आतङ्कले उन्नति हुँदैन त्यसैले यो शान्तिवाटिकाबाट विश्वशान्तिको उद्घोष गरिएको नेताको कथन थियो । देशबाट युवा पलायन भइरहेका, खेतबारी बाँझा, उद्योग-रोजगार शून्य रहेको भन्दै समस्याको उठान गरे उनले । अमेरिकी आडमा इजरायलले युद्धआतङ्क फैल्याएर निर्दोष महिला, नाबालक मारेर मानवताको धज्जी उडाएको रुसले युक्रेनमा युद्धअपराध बढाएकोसमेत उनले चर्चा गरे ।

एउटा बुज्रुकले लठ्ठी बजार्दै भन्यो, “जानकारी त धेरै रहेछ ।” अर्की ठिटीले औँलो उठाउँदै शङ्का गरिन्, “यो नेता आफैँ जङ्गल पसेर आएको त होइन ?” “हो त उति वेला बन्दुकको नालबाट समाजवाद आउँछ भन्थ्यो । धेरै उत्पात र विध्वंस मच्चायो । अहिले शान्ति चाहिएछ ।” जवाफ हावाको झोक्काबाट आयो ।

“बार वर्षमा खोलो फर्कन्छ भन्थे, यिनी त चाँडै फर्किएछन्”, कसैले फुसफुसायो । एउटी सेतो पहिरनकी महिलाले भुइँमा पिच्च थुक्तै भनिन्, “थुइक्क ! अघि नै यिनलाई यस्तो बुद्धि आएको भए यत्रा मानिस सोत्तर त हुने थिएनन् र हाम्रो जोवन पनि व्यर्थ हुने थिएन ।”

*विराटनगर -२, सौगातमार्ग १४ वरगाछी ।*

# भालुको कथा



❖ गोपालकुमार मैनाली

बिहानैदेखि टन्टलापुर घाम लागेको थियो । तराईमा दिउँसोको खाना खाइसकेपछि आराम गर्ने चलन छ । दुईतले घरको बरन्डामा बसिरहेका थियौँ । बरन्डाामा एउटा खाट थियो । बुबा त्यसै खाटमा पल्टिनुभएको थियो । गाउँमध्येमा सबैभन्दा ठुलो घर हाम्रै थियो । आँगन पनि ठुलो थियो ।

एउटा मानिसले हाम्रो घरको आँगनमा अजङ्गको भालु डोर्‍याएर ल्यायो । डम्मरु बजायो । गाउँलेहरू हाम्रो आँगनमा सबैजना भेला भए । उसले भालुनाच देखाउन सुरु गर्‍यो । हामी सबैजना बरन्डाबाट ओर्लिएर आँगनमा जम्मा भयौँ । बुबा भने खाटमा बसेर तल आँगनको भालुनाच हेर्दै हुनुहुन्थ्यो ।

खपिनसक्नु घाममा भालुले आफ्नो कला देखायो । भेला भएकाहरूले भालु नचाउनेलाई आआफ्नो गच्छेअनुसार पैसा, चामल, आलु आदि दिए । आमाले पनि नाङ्लामा चामल, पैसा दिनुभयो । चर्को घामको कारणले फ्याँ फ्याँ गरेर भालुले जिब्रो बाहिर निकालेर लामो सास फेर्दै थियो । भालु नचाउनेले माथि बरन्डामा बुबालाई देख्यो । घरधनीलाई भालुले आशीर्वाद दिन्छ भनेर बुबाको अनुमति माग्यो । बुबाले हुन्छ भन्नुभयो । बुबाबाट राम्रै दक्षिणा पाउने आशामा भालु लिएर ऊ बरन्डामा चढ्यो । भालुलाई बुबाको खुट्टा ढोगायो । भालुले खुट्टा ढोग्यो र बुबा बसेको खाटमुनि छिर्‍यो । दिनभरि तातोघाममा नाचेको भालुलाई शीतल भयो । बुबाले केही पैसा दिनुभयो, भालुको मालिक खुसी भएर भालुलाई तल लैजान खोज्यो तर भालु जान मानेन । भालुलाई कुट्‍यो, तान्यो तर भालुको अगाडि उसको केही चलेन ! शीतल ठाउँमा बस्न पाएकोमा भालुले ठुलो राहत पायो । कैयौँ प्रयत्न गर्दा पनि भालु बरन्डाबाट ओर्लन मानेन ।

बुबाले भन्नुभयो, “यसलाई गर्मी भएको छ, शीतल भेटेर जान मानेको छैन । यसलाई बस्न देऊ ।” भालु त्यहीँ खाटमुनि बस्यो । साँझ पर्‍यो भालु ओर्लिन मानेन । भालुलाई खाटका खुट्टामा बाँधेर राखियो । हामी सबैले खाना खायौँ । भालु नचाउनेलाई पनि आमाले खान दिनुभयो । बुबा बस्ने खाटमा भालु नचाउने मान्छे सुत्यो । भालु खाटमुनि सुत्यो । भालुका डरले हामी भने रातभरि कोही पनि निदाउन सकेनौँ ।

बिहानै बुबाले ढोकाको आग्लो खोलिदिनुभयो । भालु सरासर तल गयो । भालु र उसको मालिक पल्लोगाउँतिर नाच देखाउन बिहानै गए । हामी सबैले लामो सास फेर्‍यौँ । आज पनि त्यो घटना सम्झेर आमा मरी मरी हाँस्नुहुन्छ । हामीलाई भने भालु सम्झेर अझै डर लाग्छ ।

*काठमाडौँ ।*

# आफू जवान छँदाको त्यो एकदिन



❖ माधव चौलागाईं

मन नपरेको कुराको बानी लाग्न मुस्किल हुन्छ । पढ्न त मैले डार्बिनले लेखेको सर्भाइभल अफ फिटेस्ट पढेको छु र मलाई यो मन पनि पर्छ । मन परेको कुरा लागू गर्न पनि सक्नुपर्थ्यो तर परिवारकेन्द्रित मेरो बानीको कारणले फिल्डमा बसेर काम गरेको वर्षौं हुँदा पनि परिवारदेखि छुट्टै केही दिन बस्न पनि मलाई कठिन हुन्छ। हामी मनमा जे पैदा गर्छौं त्यसैले नै बलशाली भएर हामीलाई घेर्ने रहेछ। जिससले भनेझैँ जसको साथमा जे छ त्यही थपिन्छ, जेको कमी छ त्यो भएको पनि छिनिन्छ। यो थाहा पाएर पनि बरु एक्लै आनन्द मान्नसक्ने तर जता पनि घुलमिल हुननसक्ने मेरो बानीलाई परिवर्तन गर्न मैले सकेको छैन। घर छोडेर अन्त बिताउनुपर्ने रात त मलाई अत्यन्त सकसपूर्ण हुन्छ । रातभर छटपटीमा बित्छ। दिन बिते रात कसरी बित्ने, रात गए दिन कसरी जाने !

त्यो दिन पनि मलाई त्यस्तै भयो । त्यो दिन कामदारहरूले गाउँको विशेष काम देखाएर काम आधा दिनमै छोडेपछि म नितान्त एक्लो भएको थिएँ। यदि यही ठाउँमा बहिर्मुखी स्वभावको अर्को कुनै व्यक्ति थियो भने ऊ पनि गाउँलेकै विशेष काममा सरिक भएर रमाउने थियो होला तर मेरो अन्तर्मुखी स्वभावले गर्दा उनीहरूसँग नखुलेकोले होला उनीहरूले मलाई जाऔँ पनि भन्नसकेनन्, म पनि पछि लागिन। त्यसपछि म एक्लो भएँ। परिवारको याद गहिरोगरी आयो। मन बेचैन भयो। यो विक्रमसम्वत् पचास सालतिरको कुनै हिउँदको महिना थियो। म एउटा गाउँले खानेपानीको निर्माण चरणको काम गराउने सिलसिलामा काठमाडौँबाट एकदिनको बाटोको गाउँमा थिएँ।

अब के गर्ने ? गर्ने काम केही छैन। म पढन्ते हुँ, किताब भएको भए पढेर नै समय बिताइदिन्थेँ। एक्लो भएर दिन बिताउन मलाई सजिलो माध्यम किताब नै लाग्छ तर यसपालि काममा धेरै व्यस्त हुनुपर्ने कार्यतालिका भएकोले पनि मैले नयाँ किताब किन्ने जाँगर गरेको थिइनँ। त्यसैले यसपालिको यात्रामा मेरो रोजाइमा किताब परेन । यिनै कुराहरू सम्झेर मन एक तमासको भयो । आफूलाई एक्लो, असहाय महसुस गरिरहेको वेला मलाई अप्ठ्यारो काम गर्न मन लाग्छ, या एकान्त ठाउँमा गएर चुपचाप परिस्थितिको अवलोकन गर्न मन लाग्छ । आज पनि गाउँलेले किंवदन्तीजस्तै गरेर बयान गरेको गाउँदेखि नजिकैको जङ्गलमा जाने निर्णय गरेँ। हातमा एउटा नोटबुक, खल्तीमा कलम र क्यामेरा मात्र थियो। यी चिजहरू मेरो साथमा अक्सर छुट्दैनन् । मान्छेले बदमासी नगर्ने हो भने क्यामेराले झुटो देखाउँदैन, नोटबुक कलमलाई उचित ढङ्गले प्रयोग गर्ने हो भने राम्रा कुराहरू समाजलाई छोड्न सकिन्छ ।

मेरा साथी नै यिनै हुन्, एक्लो हुँदाका ।

गाउँलेहरूले मलाई त्यो जङ्गलका दुईवटा विशेषता बताएका थिए । एउटा त त्यहाँ एउटा ठुलो गुफा छ जसलाई स्थानीयले गुप्तेश्वर महादेवको निवास मानेर गुप्तेश्वर गुफा नामाकरण गरेका छन् । अर्को गुप्तेश्वर गुफाको माथि ठुलो भिर छ जहाँबाट एउटा सन्केको मानिसले गाउँले र परिवारको अगाडि रोक्दारोक्दै मेरो अन्तिम दिन आएको छ भनेर फालहालेको थियो र अहिले उसको भट्किएको आत्मा त्यहीवरिपरि घुमिरहन्छ त्यसैले त्यहाँ कोही पनि मध्याह्नमा र साँझमा एक्लाएक्लै जाँदैनन् भनेर पनि सुनाएका थिए गाउँलेहरूले ।

मेरो स्वभावअनुसार त्यो ठाउँ नै उपयुक्त थियो । कपाल झर्दै गरेर पातलिँदै गएको मान्छेको तालुजस्तो पातलो थियो जङ्गल । जङ्गल के भन्नु बुट्यान र चित्रो, ऐंसेलुको झाडी मात्र थियो । नजिकै सन्किएको मान्छे फालहालेको भिर र गुप्तेश्वर गुफा थिए । तल गुजुमुज्ज घरहरू भएको सानो गाउँ र त्यसभन्दा तल नागबेली भएर बगेको सुन्दर नदीको पानी निलो देखिएको थियो, नदीकिनारामा दुबैतिर फैलिएको फराकिलो फाँट बाँझो थियो । त्यहाँ गाईबस्तु चरिरहेको धमिलोसँग देखिन्थ्यो । मलाई यी सामान्य दृश्यले पनि आकर्षण गरे । दृष्टि राम्रो भएपछि सबै सृष्टि सुन्दर नै लाग्छ ।

प्रमाणित गर्ननसकिने आत्मा र परमात्माको झ्याउलोमा नफस्ने मलाई गाउँलेले भनेको भट्किएको आत्माको डर त थिएन तर गाउँलेले भनेको भट्किएको आत्माको बारेमा जिज्ञासु चाहिँ थिएँ । म त्यसबारेमा दुईवटा कारणले जिज्ञासु भएको थिएँ । पहिलो मलाई पनि भट्किएको आत्माले तर्सायो नि भनेँ भने गाउँलेहरू आफ्नो भनाइ प्रमाणित भएकोमा झन् डराउने थिए, दोस्रो खोई मलाई त भट्किएको आत्माले तर्साएन त भन्यो भने आज त्यस्तै मौका पऱ्यो होला सर, आत्मा हावा त हो कता कता पुगेको हुन्छ भन्ने थिए । मेरा दुबै भनाइमा उनीहरूकै कुरा माथि हुने पक्का थियो ।

भट्किएको आत्माको डरै नलागे पनि गाउँले जङ्गलमा घाँसदाउरा गर्न जाँदा उनीहरूको पाइलाले बनाएको, पाइला मात्र अट्ने सानो बाटोमा हिँडिरहँदा किराफट्याङ्ग्रा यताउति गर्दा आउने छिसिक्क आबाजले सानैदेखि मनमा झाङ्गिएको भट्किएको आत्माको स्वरूपको कल्पनाले मन झसङ्ग चाहिँ हुन्थ्यो । तर मनलाई दृढ बनाउने कोसिस गर्थेँ । त्यो पातलो जङ्गलमा ठुला हिंस्रक जनावर हुने सम्भावना थिएन त्यसैले त्यसको डर थिएन ।

म त्यो एकान्त जङ्गलमा धेरै समयसम्म बसेँ । चिसो नरम हावाले हिँड्दा तातो भएको शरीर चिस्यायो, पसिना सुक्यो त्यसपछि आनन्द महसुस भयो । विचार शान्त भयो । विचार शान्त भएपछि समयको पनि बोध नहुनेरहेछ । समयभन्दा पर गएजस्तो, समयातीत ! म त्यहाँ कति समयसम्म बसेँ मलाई याद नै भएन । मलाई वरिपरि घुम्ने मन भएकोले महादेव लुकेर बसेको गुफाको छेउसम्म पुगेँ, गुफा अँध्यारो भएकोले भित्र जान डर लाग्यो, गइनँ । मान्छे फालहालेको भिर अत्यासलाग्दो थियो । त्यो भिरबाट फालहाल्ने वेलामा उसले कस्तो कल्पना गरेको थियो, कल्पना गरेअनुसारको प्राप्ति भयो कि भएन होला भन्ने कहिल्यै थाहा

हुननसक्ने कुरा मनमा आयो । यो मन पनि कस्तो बहकिन्छ !

गाउँलेलाई तर्साएर दुःख दिने भट्किएको आत्मा मलाई तर्साउन आएन । मेरो मनमा त्यो थियो भने पक्कै पनि मलाई नै तर्साउँथ्यो । मेरो मनमा एकरत्ति पनि त्यसको बास थिएन अनि कसरी त्यसले मलाई तर्साओस् । मनको भ्रम न हो भट्किएको आत्मा भनेको । यहाँ केही समय बसेँ । मन स्थिर भएन । टाढा टाढासम्म आँखा डुलाएँ । नदीकिनारदेखि नै करिब नब्बे डिग्रीको उकालो हिँडेर म धेरैपटक यो गाउँमा आएको छु । त्यहाँ मान्छे आफूअनुकूल हिँड्दा हिँड्दै बाटो आफसेआफ बनेको छ । त्यही बाटोको नक्सा मस्तिष्कमा बनाएँ । त्यो अनौठो काल्पनिक रेखाचित्र मलाई सुन्दर लाग्यो । म बसेकै जमिनमा पनि बनाएँ, केटाकेटीले कोरेकोजस्तो । यसलाई क्यानभासमा उतारेर उचित रङ दिने हो भने एउटा अमूर्त कला सिर्जना हुन्थ्यो होला । कलापारखीले यसलाई विभिन्न कोणबाट व्याख्या गर्ने थिए होलान् भन्ने पनि लाग्यो । कल्पनामा नै भए पनि कलाकार भएँ ।

साँच्चै मैले यस्तै रेखाचित्र क्यानभासमा उतारेँ भने मेरो बुझाइबाट मैले बनाएको चित्रलाई व्याखा गर्थे होलान् ? मेरो बुझाइमा उनीहरूले व्याख्या गर्नखोजेर पनि सक्दैनन् । व्याख्या गर्नखोजे पनि व्याख्या सुक्खा जमिनमा इनार खन्ने कर्मजस्तो पनि हुनसक्छ । पानी आउन पनि सक्छ, नआउन पनि सक्छ ।

*काठमाडौँ, नयाँबानेश्वर ।*

## ❑ गीत



**❖आनन्द पौड्याल**

अहिलेका सन्तानले पढ्न लेख्न जानेका
बाउआमाको बोली वचन राम्रो मानेका ।
असाइन्मेन्ट गर्दा गर्दै राति राति बस्ने
पढ्दा, लेख्दा, सिक्दा भने कम्मर कस्ने ।
संसारका बाबुआमा कामको बोझले थाकेका
छोराछोरी स्यारी खान्नन् खेती पाकेका ।
सूचनाको प्रविधिले सिक्न भनी जनायो
प्रविधिको प्रयोगले ज्ञानी बनायो ।
प्रगतिले यहाँ त्यहाँ विकास नै पुगेको
उपकारी गुणी हुन शिर नुहेको ।
आफन्ती र नातागोता छायाभित्र परेका
कहिलेकाहीँ भेट्दाखेरि चिन्ने गरेका ।
पढी लेखी जान्ने हुँदा व्यवहार नै छोएनन्
प्राविधिक ज्ञान हुँदा कहिल्यै रोएनन् ।
छोराछोरी बाबुआमा कामैकामको बोझमा
पढी लेखी राम्रो काम पाउने सोचमा ।

*नवजागृति, काठमाडौँ*

# डा. राजेन्द्र विमल : सानिध्यहीन संलाप

❖ वासुदेव अधिकारी

विमल सर ! म अनेक साहित्यिक संस्थामा रहेँ । साहित्य सन्ध्यासँग आबद्ध भएँ, जनसांस्कृतिक मञ्चसँग पनि गाँसिएँ, प्रलेसमा पनि जोडिएँ। तीनै संस्थाले ऐतिहासिक कार्यभार सम्पन्न पनि गरे । सो क्रममा मैले तपाईँसँग कहिल्यै सङ्गत गरेँ ?

हो, म आफूले ठानेको अग्रगमनकारी विचारसँग जोडिएँ । तपाईँ पनि पश्चगामी हुनुहुन्थेन । तपाईँसँग विराट चिन्तन थियो, आत्मप्रज्ज्वलित प्रज्ञा । हामी ससाना कामकुरामा अलमलिन्थ्यौँ, तपाईँ मानवीय संवेदनामा गहिरिनुहुन्थ्यो । मधेसी जीवनका सीमान्त वर्गसँग तपाईँको गहिरो संवाद र प्रेम थियो। त्यस अर्थमा हामी सहकार्य गर्नसक्ने अवस्थामा पनि थियौँ । हामी किन नजिक हुनसकेनौँ ? किन बोली फुक्न सकेन हाम्रो ? उमेर, भूगोल र पेसा मात्र त अवरोध होइन होला । हामीसँगै सहयात्रामा रहेका साथीहरूले तपाईँको महत्त्वबोध समयमा हामीलाई गराउन र जसरी पनि सम्बन्ध कायम गर्न हामीलाई सुझाव दिएनन् । सम्भवतः हामी सङ्कीर्ण, तपाईँ निष्प्रिह !

हामी राजधानीमा बस्ने तपाईँ जनकपुरमा । साहित्यिक सांस्कृतिक क्षेत्रमा क्रियाशील हुनुको नाताले हामी प्रज्ञाप्रतिष्ठानको गठनलगायतका सन्दर्भमा सामान्य चासो राख्थ्यौँ, बहस सुन्थ्यौँ । सकेको लभिङ पनि गर्थ्यौँ । त्यसक्रममा हामीले तपाईँलाई सम्झियौँ ? तपाईँ बितेपछि अश्रुप्रपात गर्नेहरूले सम्झिए ? कि तपाईँलाई गुरु भनेर सम्झँदै पद र सम्मान आफैँ हसुरे ? प्रज्ञाको यथोचित कदर गर्ननजान्ने हामी शुभेच्छुक पनि हौँ । आफ्ना वरिपरि फुल्ने झारलाई वटवृक्ष ठान्ने हामी नै हौँ । दलीय नियुक्तिमा स्वत्व भएका व्यक्ति किन छुट्छन् ? समेटिनेहरूले किन गर्वयुक्त काम गर्नसक्दैनन् ? हिजोको मूल्याङ्कन तथा नियुक्तिप्रणालीमा प्रश्न गर्न सकिने धेरै विषयहरू छन् । समाज यही हो । अल्गोरिदम र स्टन्टको प्रदूषण बढ्दो छ । अहिले पनि खासै सुधार भएको छैन ।

म आफ्नो आजीविकाको पेसा अँगाल्दै त्यसको समानान्तरमा साहित्यिक सङ्गठनको काममा लागेको हुँ । त्यसमा न लोभ थियो न महत्वाकाङ्क्षा । लागेँ, रहरले भन्दा पनि आवश्यकताले, साथीहरूको अनुरोध हार्न नसकेर । सानो-ठुलो जोखिम बहन गरेँ, सकेको काम गरेँ । लामै समय राजसाममा आबद्ध भएँ । एक कार्यकाल महासचिवको जिम्मेबारीमा पनि बसेँ । दोहोरो-तेहेरो जिम्मेबारीमा रहँदा भनेजति काम गर्नसकिदैन । सकिँदो रहेनछ । तथापि सकेसम्म गरियो । एक उमेरमा परिपक्व हुन पनि सकिँदो रहेनछ, सकिएन । राजसामको जिम्मेबारीमा रहँदा जनकपुरमा पनि एकपटक सांस्कृतिक विमर्श कार्यक्रम आयोजना

गरेँ । डा.माधवप्रसाद पोखरेल र डा.पुष्पराज राजकर्णिकारलाई लिएर जनकपुर पनि पुगेँ । आयोजना फितलो थियो, सहभागिता निकै न्यून । आफूले मात्र गरेर नहुने, आयोजकको भूमिका निर्वाह गर्नुपर्ने साथीहरू काममा भन्दा गफमा अगाडि ! त्यहाँ मैले सायद तपाईँलाई भेट्न सकिन । राति कथावाचनको कार्यक्रम भयो । त्यो तपाईँहरूले नै सुरू गरेको परम्परा हो । भेटेजस्तो लाग्छ तर सम्झिन सकिनँ । 'एक्काइसौँ शताब्दी मासिक'मा सो कार्यक्रमबारे मैले केही लेखेको छु ।

सङ्गठन र साधकको दूरी धेरै फराकिलो छ । नेपालमा सामान्यतया सङ्गठकहरू साधना गर्न नभ्याउने, साधकहरू सङ्गठन गर्ननजान्ने अवस्था छ । केहीले मात्र सन्तुलन मिलाउन सकेका छन् । हामी त्यसमा अलि पछाडि छौँ । बिरलबाहेक सबैजसो लेखक राजनीतिक आबद्धतामा देख्खल पनि छन् । तथापि सङ्गठक-साधकको दूरी अद्यापि कायम छ । त्यही कारण हामी वारि-पारि भयौँ सायद । त्यस दूरीमा न फड्केर जान सकिने, न पुलपुलेसाको अवस्थिति । धेरै पर होइन तर काठमाडौँ र जनकपुरको भूगोल धेरै नजिक पनि छैन । नजिक नभएपछि एउटा स्थानको सुगन्ध अर्को स्थानमा पुग्न समय लाग्छ तर दुर्गन्ध ? तुरून्तै फैलिइहाल्छ । भाषाविज्ञानमा बनारस हिन्दु विश्वविद्यालयबाट विद्यावारिधि गरेका तपाईँले विराटनगर तथा जनकपुरमा प्राध्यापन गर्नुभयो । मैले साहित्यको कखरा सिक्दा तपाईँ जनकपुरको हस्ती भइसक्नुभएको थियो । तपाईँको लेखपढ मूलतः मैथिली र नेपालीमा हुन्थ्यो भने प्राध्यापन पहिला हिन्दी विषयको पछि नेपाली भाषाको गर्नुभएको थियो । बहुभाषी ज्ञान, नियमित अध्ययन, अनुशीलनले नै त तपाईँभित्र गहिरो प्रज्ञाचेत उमारिदिएको होला नि ! तपाईँले टुकी तथा लालटेनमा रातरातभर बसी पढ्ने गरेको कथन मैले सुन्दै आएको छु । उडन्तेपन दीर्घ साधकको परिचायक होइन ।

मैले केही दशक साहित्यिक पत्रकारितामा समय बिताएँ । भर्खर मात्र हो मैले शब्द-संयोजनको आफ्नो प्रकाशकीय अधिकार साहित्य सन्ध्यालाई हस्तान्तरण गरेको । तथापि म साहित्यिक पत्रकारितासँग अलग छैन । लामो समयसम्म शब्द-संयोजनको प्रधान सम्पादकको पगरी गुथेकै थिएँ । केही समय पत्रिकाको उन्नयन गर्ने योजनकारितामा लागेकै पनि हो । विमल सर ! मैले पत्रिकामा छाप्न तपाईँसँग रचना मागेँ ? माग्नासाथ पाउन कठिन हुन्थ्यो होला तर किन तपाईँको रचना मागेको-माग्यै गर्नसकिन ? मैले किन साहित्यिक प्राज्ञिक क्षेत्रको जीवन्त सबालमा तपाईँको विचार संप्रेषण गर्ने जमर्को गरिन ? तपाईँहरूजस्ताका गहकिला रचनाको प्रतिस्थापनमा हामीले कस्ता रचना छाप्दै आयौँ ? अहिले म आफैँलाई सोध्दै छु । लाज पनि लाग्छ, यस्तो प्रश्न तपाईँ जीवित हुँदै मेरो मनमा किन उब्जिएन ! हामीले धेरै विमलका विचार माग्न छुटाएका छौँ । धेरै विमलका रचना छापिन सकेका छैनन् ।

निश्चय नै तपाईँको रचना पढेको थिएँ, प्रभावित भएको थिएँ । मैले तपाईँको मात्र होइन तपाईँका आदरणीय गुरु डा.धीरेन्द्र र अर्का अगुवा नाटककार महेन्द्र मलङ्गिया

जन्मभूमि भारत भएर पनि नेपालको मिथिला क्षेत्रलाई कर्मभूमि बनाउने, मैथिली सिर्जना, प्रज्ञा तथा संस्कृतिलाई समुन्नत बनाउने काममा लागेको चाल नपाएको होइन । दुबैको योगदानप्रति म कृतार्थ छु । डा.धीरेन्द्र र महेन्द्रको योगदानमा केन्द्रित भई काम गर्नखोजेको पनि हुँ । त्यति वेला आफ्नै पेसागत अलमल, जिम्मेबारी र असहज अवस्थाले परपर जान सकिएन । काठमाडौँमा भेटिने अन्य स्रष्टाका बारेमा हामीले केही काम अघि बढायौँ । प्रश्रित, सत्यमोहन, किसान, विकल, दुर्गालाल श्रेष्ठ, रूद्र खरेल र ओमी शर्माको बारेमा पनि केही काम गऱ्यौँ । जिउँदोमा चाहिँ सत्यमोहन, प्रश्रित र दुर्गालालको मात्र विशेषाङ्क प्रकाशित गऱ्यौँ ।

धेरै त होइन केहीपटक अफिसियल कामको सन्दर्भमा र एकाधपटक व्यक्तिगत हिसाबले पनि म जनकपुर पुगेको छु तर तपाईँलाई भेट्न आउन सकिन । तपाईँ अब्बल दर्जाको रचनाकार पनि, वाङ्मयको तीर्थस्थल पनि । जनकपुर पुग्दा प्राज्ञिक तीर्थ जानेतर्फ मैले हेक्कै राख्न सकिन । त्यही जानकी मन्दिर पुग्दै फर्किँदै गरेँ । अनि कसरी उदीयमान सूर्यको प्राज्ञिक प्रकाश पाउन सक्थेँ त मैले ? पाइनँ । तपाईँको प्रकाश जनकपुरमा उदायो, राष्ट्रमा फैलियो तर म निदाएको निदायै ! यो विस्मय हो, यो चुक्चुकी हो मेरालागि । यसमा हाम्रो वैचारिक विरासत, साधनामा लाग्नेभन्दा सङ्गठनमा लाग्नेहरूसँग सङ्गत गर्ने हाम्रो निम्छरो बानी जिम्मेवार छ । राति काम गर्नेहरू बिहानको आभासँग सङ्गत गर्नपाउँदैनन् । त्यसको साक्षी म आफैँ हुँ ।

डा.विमल ! तपाईँलाई मैले नपढेको होइन, चाल नपाएको होइन । तपाईँको कथासँग भलिभाँती प्रभावित पनि भएको हुँ । साथी सुमी लोहनीद्वारा अनुसिर्जन गरिएको 'अष्टावक्र महागीतामृत' प्रकाशनको सन्दर्भमा यहाँको भूमिका प्राप्त गरेपछि पनि कुरा भएको हो । यहाँको जनकपुरको बसाइ, हातले लेखेर रचना दिने चलन आदि इत्यादि थाहा पाएरै हामीले 'अष्टावक्र महागीतामृत'लाई यहाँको निर्देशनमा जनकपुरमा परिचर्चा गर्ने र त्यही छेक पारेर लामो अन्तर्वार्ता लिने सोच पनि बनाएका थियौँ । छलफल भइरहेकै थियो । जगदम्बाश्री सम्मानपछि चुलिएको चर्चा, लोकान्तर आदिमा उद्घाटित तपाईँको लेखन तथा विचारको आभाले हामी बसीभूत भएकै थियौँ । धेरै जिम्मेबारीको जुइनो काट्दै गएको मैले समय लिएरै तपाईँसँग सङ्गत गर्ने योजना बनाएको थिएँ । सुमीजीको किताब परिचर्चाको छेकमा केही भलाकुसारी गर्ने योजना थियो । योजना कार्यान्वयनपूर्व नै तपाईँ ८० वर्षको वयमा महाप्रस्थान गर्नुभयो ! तपाईँको निधनमा निःशब्द बन्नु, स्तब्ध हुनुको कुनै विकल्प थिएन ।

सङ्गत नै नगर्ने व्यक्तिले तपाईँबारे केही प्रकाश पार्नसक्दैन । तपाईँ आफैँ प्रज्ज्वलित हुनुहुन्छ । त्यही प्रकाशको आलोकमा म केही भन्नसक्छु । मैथिली, नेपाली, अङ्ग्रेजी, हिन्दी तथा संस्कृत भाषाको हाराहारी विज्ञता, संस्कृति, अनुवाद, लोकवार्ता, उपन्यास, कथा, कविता र नाटकका साथै पत्रकारितामा

योगदान दिने तपाईँ सानोमा भोला हुनुहुन्थ्यो, वंशीय पहिचानमा कायस्थ । समयक्रममा तपाईँले कायस्थ होइन विमल हुन रूचाउनु भएको, मधेसीभन्दा नेपाली बन्न रुचाउनुभएको समयका साक्षी हौँ हामी । नेपाली भाषामा 'राजेन्द्र विमलका कथाहरू', 'खहरेको तिर्खा', 'समयका आँखा', 'मिथिलाको इतिहास, संस्कृति र कला परम्परा', 'गद्य पद्य र नाटक', 'फिस्टी रानी', 'रोएको जून' आदि कृति र मैथिली भाषामा 'इतिहासक घाव', 'पचास वर्ष मैथिली कथा', 'ई हमरे कथा थिक', 'सूर्यास्तसँ पहिने', 'सीता', 'नौटंकी चलिरहल अछि', 'सर्बरिया टोल', 'दोहाइ बाबा भुँइयाँ' आदि कृतिका लेखक तपाईँका विद्यालय तथा विश्वविद्यालयस्तरको पाठ्यक्रममा समाविष्ट रचना उत्कृष्ट छन् । रामेश्वर यादवसँगको सहलेखनको धार्मिक स्वतन्त्रता विषयक अङ्ग्रेजी भाषाको कृति त्यत्तिकै गहकिलो छ। तपाईँको कथामा आधारित 'हंस चलाक परदेश' टेलिशृङ्खला प्रसारणको समयमा निकै चर्चित रहेको थियो। तपाईँले संस्थापना गर्नुभएको मैथिली विकास ट्रस्टले पक्कै पनि अब्बल काम गरिरहेको होला। नगरेको भए पनि तपाईँ दोषको भागीदार हुनुहुन्न।

मैले तपाईँको लोकान्तर अनलाइनलगायत केही मिडियाको अन्तर्वार्ता पढेको छु । तपाईँको अभिव्यक्ति खँदिलो, गहन र विचारयुक्त रहेको छ। तिनमा कुनै बनावटीपन छैन। सुरुमा हिन्दीमा रचना अघि बढी सन् १९५९ मा भारतको आर्यावर्तमा कथा प्रकाशित भएको, सन् १९७२ मा 'कचनारका पेड' प्रकाशित भएको, 'पतझरक कली' शीर्षकको हिन्दी उपन्यास डा.धीरेन्द्रमार्फत भारतका विख्यात साहित्यकार धुम्रकेतुलाई पठाए पनि त्यो पाण्डुलिपि केही समय गायब भई पछि प्राप्त भए पनि हालसम्म प्रकाशित हुननसकेकोलगायतका तपाईँके कथाव्यथा ग्रहण गर्नलायक छ। सीताराम अग्रहरिले विमलको कथा छपाउन लैजाने नरनारीका सम्पादक प्रवासी विनयकृष्णले हिन्दी कथा छपाइदिन्छु भनी आफ्नै नाममा छपाएको तथ्य सार्वजनिक गर्दा धेरैको मन खिन्न भएको थियो । तपाईँले अरूले लेखेको विवरण अध्ययन गर्दा सिर्जनशील व्यक्ति आफ्नो सिधा स्वभावको कारण मर्कामा पर्ने गरेको देखिन्छ । छट्टुहरूको बिगबिगी भएको समाजमा इमान्दार व्यक्ति नै मर्कामा पर्ने गर्छन् । तपाईँको नामलाई यही सिधापनकै कारण राजनीतिक छेपाराहरूले एकाधपटक दुरूपयोग गरेको भन्ने पनि सुनेको छु । बहुभाषी साधक तपाईँ प्रज्ञा, साधना र स्वाभिमानको त्रिवेणी पनि हो । मैलो राजनीतिको खेलोमेलोमा घुमेको नियुक्तिप्रणालीले तपाईँलाई न खास जिम्मेबारीमा आमन्त्रण गऱ्यो न कार्यरत विश्वविद्यालयमा प्राध्यापक हुने अवसर प्रदान गऱ्यो ! तपाईँको साटो निजी विद्यालय वा कलेज सञ्चालन गर्नेहरूलाई ती पद चाहियो। पाए पनि। तपाईँलाई मैलो मूल्यको तराजुले किन जोख्ने चेष्टा गरेन ? किनकि तपाईँ अनेक दृष्टिबाट सुकिलो हुनुहुन्थ्यो।

तपाईँले समय दिएर मौलिक कृतिका अतिरिक्त अब्बल साहित्यकारका पठनीय

कृतिलाई एक भाषाबाट अर्को भाषामा अनुवाद गर्नुभयो । फलतः सरुभक्त, रमेशरञ्जन झा र डायमन्ड समशेरका कृतिलाई हिन्दीमा, हरिमोहन झाको कृतिलाई नेपालीमा, सिद्धिचरण, प्रश्रित आदिका कृतिलाई मैथिलीमा अनुवाद गर्नुभएका कारण अन्तर्भाषिक पठन सहज भयो। यसरी एक भाषामा सिर्जित कृतिको अन्य भाषामा अनुवाद गर्ने कामबाट नै तपाईंभित्र सिर्जना तथा ज्ञानको ज्योति प्रसारण गर्ने संस्कार रहेको स्पष्ट हुन्छ । सिर्जना तथा ज्ञानको संसारमा 'म मात्र जान्ने छु, मेरो कृति वा विचार मात्र पाठकले पढ्नुपर्छ' भन्ने धारणा राख्न आवश्यक छैन ।

नेपालीको समाज अध्ययन, मैथिलीलगायत नेपालको बृहत्तर संस्कृतिको अनुशीलन, मौलिक रचना तथा अनुसन्धानमा चौतर्फी रुचि एवम् विज्ञता भएका तपाईंबारे निधनपछि धेरैले लेखेका छन्, लेख्दै जाने छन् । हालै प्रकाशित भएका स्मृतिलेखमा वरिष्ठ पत्रकार सीताराम अग्रहरि र प्राज्ञ धीरेन्द्र प्रेमर्षिका प्रस्तुतिले मलाई छोएको छ। डा.विमल ! तपाईं एक युग, एक संस्कार, एक परम्परा र एक विचार नै हो। तपाईंको जीवन पर्यवेक्षण गर्दा न थकाइ देखियो न गनगन ! लेखक प्रकाशित हुने ऊर्जा नै यही हो । सामान्य रोगले तपाईंलाई डस्यो। अस्पताल पुगे पनि अस्पतालको लापरवाहीले तपाईंले समयमा उपचार पाउनुभएन ।

छपाइको निम्ति लामो यात्रा तय गरी यताउता परेका 'चान उदासी छी'लगायतका कृति, सङ्कलन/प्रकाशन हुन बाँकी रहेका सबै क्षेत्रका कृति, असङ्ख्य व्याख्यान तथा प्रवचन, आफू बाँचेको समुदाय र विश्वविद्यालयमा छरेको ज्ञानज्योतिले तपाईंलाई निभ्न दिने छैनन्। हामी तपाईंलाई पढिरहने छौं ।

---

**हार्दिक श्रद्धाञ्जली**



**शान्ति निहारिका**

**निधन : ८ असोज २०८३**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।**

**शब्द-संयोजन परिवार**

**हार्दिक श्रद्धाञ्जली**



**भाइसन बर्देवा**

**जन्मः २०२७**

**निधनः ९ असोज २०८३**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।**

**शब्द-संयोजन परिवार**



❖ सुमित्रा भण्डारी

# पवित्र देश नेपाल

त्रिशूलीको शिर पर्‍यो माथि गोसाइकुण्ड
शयन गरी शिवजीले लाए मालामुण्ड
हिमालय पर्वत यहीँ शिवजीको वास
त्यहीँ पुगी नुहाउँदा मुक्ति पाइने विश्वास ।

बग्दै गई त्रिशूलीले भेटिन् सेती गङ्गा
जाऊँ घुम्दै रमाउँदै मनै हुन्छ चङ्गा
मिलन भो दुबै गङ्गा संगम गण्डकीमा
नुहाउँदै मोक्ष मिल्छ भन्छन् जिन्दगीमा ।

सबै गङ्गा मिलेपछि बनिन् नारायणी
देवताको चिन्तन मनन वेद पारायणी
पूर्व पर्‍यो कोकागङ्गा पितृमोक्ष धाम
पितृधर्म निर्वाहले सार्थक हुन्छ नाम ।

कोसीकिनार कौशिकीमा वराहक्षेत्र धाम
सत्कर्मको बाटो हिँडे अमर हुन्छ नाम
वराहअवतार शिवजीको अर्को रूप हो भन्छन्
असत्यको नाशमा विश्वास पूर्वीय यो दर्शन ।

धरानमा बुढासुब्बा त्यहीँ दन्तकाली
आस्थाको यो भारी बिसाऊँ जाऊँ यसैपालि
यस्तै यस्तै तीर्थस्थल छन् धेरै कति कति
पुण्यभूमि नेपाल यो छैन शङ्का रत्ति ।

नेपालै हो देवताले वास गर्ने ठाउँ
पवित्र छ भूमि हाम्रो सुन्दर छन् गाउँ
विदेशीले घुम्न आउने पावन यो भूमि
एकताको डोरी बाटी जोगाऊँ हाम्रो जिमी ।

## बजारमा कृति




कृति : नलेखिएको एउटा कथा
विधा : कथासङ्ग्रह
लेखक : इन्द्रकुमार श्रेष्ठ 'सरित'
प्रकाशक : भुँडीपुराण प्रकाशन, बागबजार
प्रकाशन वर्ष : २०८३ असोज




कृतिको नाम : त्रिवेणीको अर्को लहर
लेखक : श्रीरामसिंह बस्नेत र
सुभाषचन्द्र पौडेल 'भीमफेदिया'
प्रकाशक : साझा प्रकाशन, ललितपुर

# साहित्य सन्ध्याको ४८० औं शृङ्खला सम्पन्न

२०८३ असोज ३ गते अपराह्न १ बजे आर.आर.क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौंको सभाकक्षमा साहित्य सन्ध्याको नियमितमासिक ४८० औंशृङ्खलामा 'नेपाली समाजमा प्रचलित चाडबाड र रूपान्तरण' विषयमा विशद चर्चा गरिनुका साथै वरिष्ठ पत्रकार एवम् साहित्यकार गोपालप्रसाद थपलियाद्वारा लिखित कवितासङ्ग्रह 'सत्ताको मान्छे'को परिचर्चाका साथ कविगोष्ठीको आयोजना गरियो। सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न भएको उक्त समारोहमा प्रमुख अतिथिका रूपमा संस्कृतिविद् प्रा.डा.सोमप्रसाद खतिवडा उपस्थित हुनुहुन्थ्यो भने विशिष्ट अतिथिको रूपमा प्रा.डा.हेमनाथ पौडेलको उपस्थिति रहेको थियो । अतिथिहरूमा गोपालप्रसाद थपलिया, पूर्वराजदूत डा.विष्णुहरि नेपाल, रूपक अलङ्कार, डा.कृष्ण सुवेदी, गायत्रीकुमार चापागाईं, डा.रूपनारायण श्रेष्ठ, कात्यायन, डम्बर पहाडी 'एलाक', वासुदेव अधिकारी, आभा सेतु सिंह, ओमप्रसाद कोइराला, मदनराज थापा, लक्ष्मण रायमाझी, ललित बस्नेत 'भिमाली'लगायतको उपस्थिति रहेको थियो।

प्रा.डा.सोमप्रसाद खतिवडाले 'नेपाली समाजमा प्रचलित चाडबाड र रूपान्तरण' विषयमा विशद चर्चा गर्नुभएको थियो भने प्रा.डा.हेमनाथ पौडेलले गोपालप्रसाद थपलियाद्वारा लिखित कवितासङ्ग्रह 'सत्ताको मान्छे'को परिचर्चा गर्नुभएको थियो। उक्त समारोहमा ओमप्रसाद




कोइराला, राम विनय, शिवप्रसाद आचार्य, कुमार नेपाल, नवराज श्रेष्ठ, आभा सेतु सिंह, डा.मनोज जोशी, बैरागी जेठा, बलराम विष्ट, ललित बस्नेत भिमाली, डम्बर पहाडी एलाक, कात्यायन, गायत्रीकुमार चापागाईं, डा.विष्णुहरि नेपाल, प्रशान्त खरेल, दुर्गा घिमिरे, केदारनाथ आचार्य, दिनेश खरेल, राजाराम राउत, प्रा.डा.हेमनाथ पौडेल, केशव ज्ञवाली आगत, डा.रूपनारायण श्रेष्ठ, अर्जुन अन्योल, चेवन बस्नेत, कृष्णप्रसाद पौडेल, लक्ष्मण रायमाझी र गोपालप्रसाद थपलियाले आआफ्ना कविता, गीत, गजल, मुक्तक वाचन गर्नुभएको थियो भने वाचित रचनामाथि उपप्रा.रूपक अलङ्कारले समीक्षा गर्नुभएको थियो।

**हार्दिक श्रद्धाञ्जली**



**युवराज गौतम**

**निधन:२७ भदौ २०८३**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।**

**शब्द-संयोजन परिवार**

# ‘माधव घिमिरे पुरस्कार’ कालीप्रसाद रिजाललाई प्रदान

राष्ट्रकवि माधवप्रसाद घिमिरेको १०७औँ जन्मजयन्तीका अवसरमा असोज ७ गते मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानले एक कार्यक्रमको आयोजना गरी नगद रु.एक लाख राशि, प्रमाणपत्र र दोसल्लासहित गीतकार कालीप्रसाद रिजाललाई नेपाली शिक्षा परिषद्की अध्यक्ष रमा शर्मा र प्रतिष्ठानका अध्यक्ष विजयराज न्यौपानेले संयुक्त रूपमा उक्त पुरस्कार हस्तान्तरण गर्नुभएको थियो।

कार्यक्रममा नेपाली शिक्षा परिषद्की अध्यक्ष शर्माले नेपाली साहित्य क्षेत्रको उन्नयनमा राष्ट्रकवि घिमिरेको योगदानको चर्चा गर्दै राष्ट्रकवि घिमिरे नेपाली काव्य र साहित्य क्षेत्रको सगरमाथा भएको बताउनुभएको थियो भने पुरस्कृत व्यक्तित्व रिजालले राष्ट्रकविका नाममा स्थापित पुरस्कार आफूलाई प्रदान गरेको भन्दै हार्दिक आभार व्यक्त गर्नुभएको थियो।

नेपाली भाषा, कला, साहित्य, संस्कृति र ज्ञानविज्ञानको उन्नयनका लागि २०५३ सालमा मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानको स्थापना भएको थियो। राष्ट्रकवि घिमिरेकी धर्मपत्नी महाकाली घिमिरे, पुत्रद्वय इन्दिवर घिमिरे र राजिव घिमिरेद्वारा मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानको कोषमा रहने गरी रु.२७ लाखको अक्षयकोष स्थापना गरिएसँगै उक्त अक्षयकोषबाट आउने ब्याजमार्फत हरेक वर्ष पुरस्कार प्रदान गरिँदै आएको छ।



प्रतिष्ठानका कोषाध्यक्ष कृष्ण अधिकारीले भाषा, कला, साहित्य, संस्कृतिको संरक्षणका लागि लमजुङबाट काठमाडौँमा आएका साहित्यकार तथा कलाकारको पहलमा स्थापना भएको प्रतिष्ठानले विगत चार वर्षदेखि राष्ट्रकविको नाममा पुरस्कार प्रदान गर्दै आएको जानकारी दिनुभयो । अक्षयकोष स्थापना गरेसँगै पुरस्कार छनोटका लागि प्रतिष्ठानले तीन सदस्यीय समिति बनाएको थियो । प्रतिष्ठानका अध्यक्ष एवम् वरिष्ठ साहित्यकार न्यौपानेको संयोजकत्वमा गठित समितिको सदस्यमा विज्ञका तर्फबाट प्रा.डा. सनतकुमार वस्ती र दाताका तर्फबाट डा.हेमाङ्गराज अधिकारी सदस्य हुनुहुन्थ्यो।

‘अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक’ पढ्नुहोस्।

# 'भूगोलका सपनाहरू' निबन्धसङ्ग्रह लोकार्पण

असोज १७ गते अपराह्न १.३० बजे पद्मकन्या बहुमुखी क्याम्पसको डेनिस हलमा युद्धप्रसाद मिश्र प्रतिष्ठानले आयोजना गरेको समारोहमा नम्रता गुरागाईंको 'भूगोलका सपनाहरू' निबन्धसङ्ग्रहको लोकार्पण तथा परिचर्चा गरिनुका साथै दसैं, तिहार, छठ, इदुलफित्रलगायतका आसन्न चाडबाडको शुभकामना आदान-प्रदान गरियो ।

प्रतिष्ठानका अध्यक्ष प्रा.डा.लेखप्रसाद निरौलाको अध्यक्षतामा सम्पन्न भएको उक्त समारोहमा नेपालका भाषाविद्, निबन्धकार एवम् समालोचक प्रा.डा.माधवप्रसाद पोखरेल प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो भने अतिथिहरूमा शान्ता मानवी, प्रा.डा.जीवेन्द्र देव गिरी, डा.फणीन्द्रराज निरौला, अनिल पौडेल, प्रा.डा.यादवप्रकाश लामिछाने, डा.गीता त्रिपाठी, नम्रता गुरागाईं, दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्ष रामप्रसाद पन्त, सामाजिक रूपान्तरण अभियन्ता केशव बडाल, प्रकाशक केशव पराजुली, माननीय गुरु बराल, प्रह्लाद पोखरेल, डा.रजनी ढकाल, साहित्य सन्ध्याका उपाध्यक्ष रमेश पोखरेल, कृष्ण बाउसे, राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालका महासचिव डा.कृष्ण सुवेदी, धीरेन्द्र प्रेमर्षि, विजयध्वज थापा, डा.नवराज रिजाल, लक्ष्मी गुरागाईं, नीलकमल सुवेदी, दिनेश थपलिया, प्रेमसागर चापागाईं,




तेजविलास अधिकारी, शेखर अर्याल, प्रा.डा.विश्वनाथ भण्डारी उपस्थित हुनुहुन्थ्यो ।

उक्त समारोहमा उपस्थित सम्पूर्ण व्यक्तित्वलाई प्रतिष्ठानका उपाध्यक्ष नन्दु उप्रेतीले स्वागत गर्नुका साथै नम्रता गुरागाईंको सङ्क्षिप्त परिचयसमेत दिनुभएको थियो ।

राष्ट्रगान बजाएर कार्यक्रमको शुभारम्भ गरिएको थियो भने कविवर मिश्रको तस्बिरमा प्रमुख अतिथि, अतिथिलगायतले माल्यार्पण, पुष्पार्पण गर्नुभएको थियो । समारोहका प्रमुख अतिथि, अतिथिहरूले संयुक्तरूपमा 'भूगोलको सपना' निबन्धसङ्ग्रहको लोकार्पण गर्नुभएको थियो भने डा.गीता त्रिपाठी र डा.फणीन्द्रराज निरौलाले लोकार्पित कृतिको समीक्षा गर्नुभएको थियो ।

उक्त समारोहमा कविवर युद्धप्रसाद मिश्रको कविता उहाँकै नातिले गाउनुभएको थियो भने साहित्य सन्ध्याका उपाध्यक्ष रमेश पोखरेलले पनि कविवर मिश्रकै दुई श्लोक कवितावाचन गरी श्रद्धाञ्जली दिनुभएको थियो ।

# गद्यकविताले प्रगतिशील चेतनाको विस्तार गर्ने काम गरेको छ



❖ प्रा. डा. विदुर चालिसे

अविरल जनसाहित्य यात्राको यो उद्देश्यमूलक अभियान १०८ औँ शृङ्खलामा पुगेको छ र आजको यो समारोह विशेष समारोहका रूपमा आयोजना भएको छ । त्यसैले सर्वप्रथम म आजका कविनायकलाई बधाइ दिन्छु र मलाई प्रमुख अतिथिसहित टिप्पणीकारको भूमिकामा आफ्नो जिम्मेवारी पूरा गर्ने अवसर प्रदान गरेकामा आयोजकलाई हार्दिक धन्यवाद पनि दिन्छु । आजका कविका कवितामा समसामयिक सामाजिक यथार्थको उद्घाटन भएको छ र यो समारोह महत्त्वपूर्ण रहेको छ । वास्तवमा लेखनजस्तो सहज हुँदैन समीक्षा । लेखकले आफ्ना अन्तरमनका भावना अभिव्यक्त गर्दछ तर समीक्षकले सैद्धान्तिक कसीमा घोटेर समीक्षा गर्नुपर्दछ । गद्यकविता भाषावैज्ञानिक प्रविधिमा जोडिन्छ र त्यसमा लयचेतना हुन्छ । मुक्तकमा भने पहिलो, दोस्रो र चौथो हरफमा अन्त्यानुप्रास मिलेको हुनुपर्छ । यहाँ एउटा मुक्तक प्रकारको कविता वाचन भएको छ र यो कवितामा यथार्थ जीवनको पीडा अभिव्यक्त भएको छ । शैलीवैज्ञानिक मान्यताका आधारमा हेर्दा कविता सरल छन् तर बौद्धिकताभित्रको भावगाम्भीर्य कमजोर पाइन्छ । कवितामा विषयको नाटकीकरण गर्ननसक्दा गद्यको लय स्थापित हुँदैन । वाक्यको संरचना टुक्र्याउने र वक्रोक्ति अर्थ दिने काम गरियो भने कविता सुन्दर हुन्छ र अर्थविस्तार गर्ने शब्दको प्रयोगले बौद्धिकताको सिर्जना गर्छ । कविताको मूल मर्म लय हो र वाचनशैली नै कविको पहिचान हो ।

देशको परिस्थिति, आततायीपन, सामाजिक यथार्थ, विभेद, शोषणजस्ता कुरा कवितामा सशक्त रूपमा आएका छन् र रूपान्तरणको ध्वन्यार्थ सम्प्रेषण पनि गरिएको छ । साधनाको पक्ष केही कमजोर देखिएकोतर्फ कविको ध्यान जानु चाहिँ आवश्यक छ । गद्यकविताले प्रगतिशील चेतनाको विस्तार गर्ने काम गरेको छ । कविको शैली र अस्त्रको काम पनि गद्यकविताले नै गर्दछ । गद्यकवितामा विम्बको गहन छनोट आवश्यक हुन्छ । त्यसैगरी अर्थसन्दर्भको सापेक्षता, प्रतीकात्मकता, दर्शन, विचार, भाषाको संयोजन कवितामा आवश्यक हुन्छ । स्रष्टाले आफ्नो पहिचान आफैँ बनाउनुपर्दछ । कविले आलोचना र प्रशंसालाई स्वीकार गरी साधना गर्नु आवश्यक छ । सुन्दर र समसामयिक कविता सुनिएको आजको यो विशेष समारोह समग्रमा सार्थक भएको छ । म फेरि पनि कविलाई धन्यवाद दिन्छु, बधाइ दिन्छु भन्नुभयो ।

*-रमेश पोखरेल (समालोचक प्रा.डा.विदुर चालिसेले अविरल जनसाहित्य यात्रा १०८ मा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)*

# धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रूपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक-अर्काका चाडपर्वप्रति सम्मान गरौं ।

**सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

बबरमहल, काठमाडौं

जि.प्र.का.का. द.नं. ९४/२०६०/०६१

म.क्षे.हु.नि. द.नं. २०/०६९/७०







'अविच्छिन्न प्रकाशन भइरहेको साहित्यिक पत्रिका शब्द-संयोजन मासिक'

खोजी खोजी पढ्नुहोस्' ।